दर्ता नं. : ७२४/०५७/०५८

पान नं. : ३०१०५२८०४

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

"दिगो साकोस, सुखी र समृद्ध सदस्य"


मुख्य कार्यालय :

चन्द्रागिरि न.पा.-७, थानकोट, महादेवस्थान, काठमाडौं

०१-४३१३०५८, ४३१३०५९, ४३१६७७७, ४३१२७७७

info@chandragiri.coop.np

saccoschandragiri@gmail.com

www.chandragiri.coop.np


## 24TH ANNUAL REPORT

Fiscal Year 2081/82

## २४औं वार्षिक साधारण सभा

२२-२९

मंसिर

२०८२




SCAN FOR REPORT

# २४औं वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/८२

# सञ्चालक समिति



शिव शंकर मानन्धर
अध्यक्ष



हरिहर सिग्देल
उपाध्यक्ष



शरद कुँवर
सचिव



मीना कुमारी खराल
कोषाध्यक्ष



दिल कुमारी महर्जन
सहसचिव



गोविन्द बस्नेत
सदस्य



इन्द्र बहादुर महर्जन
सदस्य



ऋषि राम घिमिरे
सदस्य



सुबास श्रेष्ठ
सदस्य



रबिना महर्जन
सदस्य



माधव राज पाण्डे
सदस्य



सोहिल मानन्धर
सदस्य



रूपा थापा मगर
सदस्य

# लेखा सुपरीवेक्षण समिति



भानु प्रकाश ढकाल
संयोजक



विना रोकाय
सदस्य



कृष्ण प्रसाद लामिछाने
सदस्य



## राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची महाकाली ॥
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल ।
वीरहरूका रगतले स्वतन्त्र र अटल ॥
ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ॥
बहुल जाती भाषा धर्म संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ॥

## सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरू

तल उल्लेखित सहकारी सिद्धान्तहरू अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले सहकारी संस्थाहरूले आफ्ना मुल्यहरूलाई व्यवहारमा उतार्नका लागि प्रतिपादन गरेका मार्गदर्शनहरू हुन् ।

१) स्वेच्छिक तथा खुल्ला सदस्यता (Voluntary and Open Membership)
२) सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण (Democratic Member Control)
३) सदस्यहरूको आर्थिक सहभागिता (Member Economic Participation)
४) स्वायत्तता तथा स्वतन्त्रता (Autonomy and Independence)
५) शिक्षा, तालिम र सूचना (Education, Training & Information)
६) सहकारी संस्थाहरूका बिच सहयोग (Co-operation among Co-operatives)
७) समुदाय प्रति चासो (Concern for Community)

## विश्व ऋण परिषदले जारी गरेका अन्तर्राष्ट्रिय सिद्धान्तहरू

१) सुरक्षा र सुदृढता सम्बन्धी सिद्धान्तहरू (Safety and Soundness Principles)
२) सञ्चालन सम्बन्धी सिद्धान्तहरू (Operating Principles)
३) शासन सम्बन्धी सिद्धान्तहरू (Governance Principles)
४) उपभोक्ता संरक्षण सम्बन्धी सिद्धान्तहरू (Consumer Protection Principles)

## संस्थाका गतिविधिहरूको झलक:



२३औं वार्षिक साधारण सभामा प्रमुख अतिथि प्रा. डा.गोविन्दराज पोखरेललाई स्वागत गर्नुहुँदै निवर्तमान अध्यक्ष योगेन्द्र कुमार कुँवर


खुत्रुकेमा बचत गरी कार्यक्रम सुभारम्भ गर्नुहुँदै अध्यक्ष शिव शंकर मानन्धर


पाटन सेवाकेन्द्र, ठैबको समुद्घाटन गर्नुहुँदै शिक्षाविद समाजसेवी सुरेन्द्र बहादुर खड्का


२३औं वार्षिक साधारण सभाबाट निर्वाचित सञ्चालक र लेखा सुपरिवेक्षण समितिका पदाधिकारी तथा सदस्यहरु

# संस्थाका गतिविधिहरूको झलक:



२३औं वार्षिक साधारण सभामा सहभागीता जनाउँदै संस्थाका सदस्यहरु



६८औं राष्ट्रिय सहकारी दिवसको अवसरमा राखिएको उद्यमी सदस्यहरूको उत्पादन प्रदर्शनी स्टल



सफलता पूर्वक साधारण सभा सम्पन्न भए पश्चात सामुहिक तस्विरमा संस्थाका कर्मचारी तथा चन्द्रागिरि साथीहरु



ललितपुरको ईकाई साधारण सभा उद्घाटन गर्नुहुँदै ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जन

# संस्थाका गतिविधिहरूको झलक:



ईकाई साधारण सभामा सम्झनाको चिनो ग्रहण गर्नुहुँदै बुढानिलकण्ठ नगरपालिकाका उपप्रमुख अनिता लामा



तीज विशेष वित्तीय साक्षरता कार्यक्रममा सहभागीता जनाउँदै लघुवित्त समूहका सदस्यहरु




एशियाली ऋण महासंघको प्रमुख कार्यकारी अधिकृत एलिनिता भि स्यानरोकेलाई संस्थामा स्वागत गर्नुहुँदै संस्थाका अध्यक्ष शिव शंकर मानन्धर



तेस्रो रणनीतिक व्यवसायिक योजना तर्जुमा पश्चात तस्विरमा सहजकर्ता, संस्थाका पदाधिकारी तथा कर्मचारीहरु

## संस्थाका गतिविधिहरूको झलक:



एशियाली ऋण महासंघबाट एलिनिता भि स्यानरोके, रञ्जित हिताराची र नेफ्स्कूनबाट शिवजी सापकोटाको संस्थामा विशेष अवलोकन भ्रमण



एक्सेस परामर्श बैठकमा एशियाली ऋण महासंघका प्रतिनिधिहरुसँग सहभागीहरुको साथमा संस्थाका प्रमुख कार्यकारी अधिकृत



नेफ्स्कूनका कर्मचारीहरुलाई स्मार्ट अफिस अपरेशन तालिमको सहजीकरण पश्चात नेफ्स्कूनका पदाधिकारी, सहभागी र संस्थाका प्रमुख कार्यकारी अधिकृत



पशुपति क्षेत्र विकास कोषलाई जुत्ता राख्ने प्रयोजनका लागि झोला वितरण कार्यक्रममा संस्थाका लेखा संयोजक र सञ्चालक सदस्य

# संस्थाका गतिविधिहरूको झलक:




६८औं राष्ट्रिय सहकारी दिवसको अवसरमा संस्थाद्वारा आयोजित धिमेबाजा सहितको र्‍याली कार्यक्रम




ओमन्स क्रियशन सेवाकेन्द्रद्वारा आयोजित रक्तदान कार्यक्रम




संस्थाद्वारा आयोजित उद्यमी मेलामा आफ्नो उत्पादनलाई प्रोत्साहन गर्दै बिक्री तथा प्रदर्शनीमा राख्दै उद्यमी महिला सदस्य




पाटन सेवाकेन्द्र, ठैबको नवनिर्मित कार्यालयमा संस्थाका पदाधिकारी तथा कर्मचारीहरु

## संस्थाका गतिविधिहरूको झलक:




संस्था अनुगमनको क्रममा राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष डा. खगराज शर्मा लगायतको टोलीलाई स्वागत गर्नुहुँदै संस्थाका अध्यक्ष



ओमन्स क्रियशन सेवाकेन्द्रको कार्यालयमा उपसमितिका पदाधिकारी, प्रमुख कार्यकारी अधिकृत र कर्मचारीहरु



ललितपुर, गोदावरी स्थित बाडेगाउँ भजन खलद्वारा नेपाल भाषामा गणेश स्तुती प्रस्तुत गर्दै



संस्थाको तेश्रो रणनीतिक व्यवसायिक योजना कार्यशालामा सहभागीहरु रणनीतिक योजना तयार गर्दै


चन्द्रागिरि साकोसका सदस्यहरु
ग्राहक पनि आफैं, मालिक पनि आफैं
KisanNet
01-4546048/49
www.kisan.net.np
गज्जबको मौका
किसानहरुको
आयो नेट
किसान नेट
सहुलियत दरमा गुणस्तरीय ईन्टरनेट
इक्विटीमा सहभागिता भएपछि भएन त बेस्ट ?
Super Speed
PREMIUM PKG OF IPTV
Free Installation Wi-Fi Router
24/7 SUPPORT
Community Ownership
Affordable price
Enjoy all the benifits of
KISAN PACKAGE
for all member of
चन्द्रागिरि
बचत तथा ऋण सहकारी संस्था लि.

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाडौं

## २४औं वार्षिक साधारण सभा

## २२-२९ मंसिर २०८२

## विषयसूची

२४औं वार्षिक साधारण सभा सम्बन्धी सूचना ........ १०
संस्थाको संक्षिप्त परिचय ........ ११
सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन ........ १८
४ वर्षे रणनीतिक व्यवसायिक योजना र आ.व. २०८२/८३ को वार्षिक कार्यक्रम ........ ३२
लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन ........ ४९
मुख्य लेखापरीक्षण व्यहोराहरूसँग सम्बन्धित अनुसूची ........ ५६
वित्तीय स्थितिको विवरण पत्र (वासलात) ........ ५९
नाफा नोक्सान (आय व्यय) विवरण ........ ६०
अन्य विस्तृत आम्दानीको विवरण ........ ६१
बचत (नाफा नोक्सान) बाँडफाँड हिसाब ........ ६२
नगद प्रवाह विवरण ........ ६३
इक्विटीमा भएको परिवर्तन ........ ६५
वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू ........ ६७
वित्तीय विवरण सम्बन्धित नीति तथा टिप्पणीहरू ........ ८९
संस्थाको सल्लाहकार परिषद् तथा विभिन्न उपसमितिहरू (वि.सं. २०८१-२०८५) ........ ११७

दर्ता नं. : ७२४/०५७/०५८
पान नं. : ३०१०५२८०४
मुख्य कार्यालय :
चन्द्रागिरि न.पा.-७, थानकोट, महादेवस्थान, काठमाण्डौ
०१-४३१३०५८, ४३१३०५९, ४३१६७७७, ४३१२७७७
info@chandragiri.coop.np, saccoschandragiri@gmail.com
www.chandragiri.coop.np
एम्बुलेन्स तथा शववाहन : ०१-४३१२१०१, ९८१०११८४४०

**चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.**

"दिगो साकोस, सुखी र समृद्ध सदस्य"

मिति: २०८१/०७/२१

श्री ........................................................................ ज्यू

विषय: **२४औं वार्षिक साधारण सभा हुने बारे ।**

यस संस्थाको मिति २०८२/०७/०८ को निर्णय अनुसार संस्थाको २४औं वार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएकोले तोकिएको मिति, समय र स्थानमा तोकिएका ईकाईहरूमा उपस्थित भई साधारण सभामा सहभागी भईदिनु हुन सम्पूर्ण सदस्यहरूमा अनुरोध छ ।

**तपसिलः**

**निर्णयार्थ प्रस्तावित कार्यसूचीहरूः**

१. आ.व. २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०८१/८२ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. रणनीतिक व्यवसायिक योजना र आ.व. २०८२/८३ को प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।
५. आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति, पारिश्रमिक लगायतका अन्य सुविधाहरू सम्बन्धमा ।
६. सहकारी एकीकरण सम्बन्धमा ।
७. आन्तरिक नीति तथा कार्यविधिहरू संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
८. विनियम संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
९. कानुनी प्रक्रियामा रहेका संस्थाको लेना रकमहरू असुल उपर सम्बन्धमा ।
१०. निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
११. सदस्यहरूबाट प्राप्त सुझाव सम्बन्धमा ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

| मिति | ईकाई | क्षेत्र | समय | स्थान |
|---|---|---|---|---|
| २०८२/०८/२२ | १ | ओमन्स क्रियशन सेवाकेन्द्र अन्तर्गत रहनु भएका र काठमाडौं महानगरपालिका क्षेत्रमा बसोबास गर्ने सदस्यहरू सहभागी हुने । | बिहान १०:०० बजेदेखि | नेपाली चुलो प्रा.लि., लाजिम्पाट, काठमाडौं |
| २०८२/०८/२३ | २ | शुभतारा सेवाकेन्द्र, पाटन सेवाकेन्द्र र ललितपुर जिल्लामा बसोबास गर्ने सदस्यहरू सहभागी हुने । | बिहान १०:०० बजेदेखि | डिलाईट पार्टी भेन्यू, महालक्ष्मीस्थान ललितपुर |
| २०८२/०८/२४ | ३ | दहचोक सेवाकेन्द्र र आसपासमा बसोबास गर्ने सदस्यहरू सहभागी हुने । | बिहान १०:०० बजेदेखि | दहचोक बैंक्वैट एण्ड रेष्टुरेन्ट, त्रिवेणीचोक |
| २०८२/०८/२७ | ४ | मुख्य कार्यालय अन्तर्गतका सदस्यहरू सहभागी हुने । र अन्य क्षेत्रमा छुट भएका सदस्यहरू सहभागी हुने । | बिहान १०:०० बजेदेखि | शहिद स्मृति प्रकृति प्रतिष्ठान (त्रिभुवन पार्क थानकोट) |
| २०८२/०८/२९ | निर्णय प्रमाणीकरण गर्ने सभा | | बिहान १०:०० बजेदेखि | मुख्य कार्यालय |

**पुनश्चः**

१. वार्षिक प्रतिवेदनको विद्युतीय प्रति संस्थाको वेबसाईट र फेसबुकबाट साधारण सभा हुनु भन्दा अगावै डाउनलोड गरी अध्ययन गर्न सकिनेछ भने उपस्थिति दर्ता स्थलबाट प्रतिवेदनको छपाई संस्करण प्राप्त गर्न सकिनेछ ।
२. साधारण सभा राष्ट्रिय सहकारी नियमन प्राधीकरणद्वारा मिति २०८२/०५/१७ मा जारी निर्देशन अनुसार सञ्चालन हुनेछ ।
३. उपस्थिति दर्ता गराउन आउँदा सदस्यता परिचय पत्र वा सदस्यता खुल्ने कागजातहरू सहित सदस्य स्वयं उपस्थित हुनु पर्नेछ ।

**शरद कुँवर**
सचिव

"दिगो साकोस, सुखी र समृद्ध सदस्य"

दहचोक सेवाकेन्द्र, ☎ ०१-५१३११३५ dahachokservicecenter@gmail.com
शुभतारा सेवाकेन्द्र, ☎ ०१-५२३१०२१, ५२३०४२२ subhataraservicecenter@gmail.com
ओमन्स क्रियसन सेवाकेन्द्र, ☎ ०१-४३७६३०६ chandragiri.womancreation@gmail.com
पाटन सेवाकेन्द्र, ☎ ०१-५५४३२९९ chandragiri.patansc@gmail.com

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को संक्षिप्त परिचय

**संक्षिप्त पृष्ठभूमि :**

काठमाडौंको पश्चिम तर्फ रहेको चन्द्रागिरि पहाडको उत्तरी काखमा अवस्थित चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को वि.सं. २०५७ साल पौष २२ गते तत्कालिन महादेवस्थान गा.वि.स. तथा यसका आसपासका २५ जना किसान, विभिन्न पेशासँग आवद्ध तथा सामाजिक अभियन्ताहरू मिली स्थापना गरिएको थियो । स्थापना गर्दा यसको नाम चन्द्रागिरि ग्रामीण विकास सहकारी संस्था लि. रहेको थियो । वि.सं. २०५८ साल बैशाख ६ गते डिभिजन सहकारी कार्यालय काठमाडौंमा दर्ता भएपछि यसले मिति २०५८ बैशाख १३ गतेदेखि औपचारिक कारोवार प्रारम्भ गरेको थियो । सुरूदेखि नै समुदायमा आधारित रहेर सञ्चालन भएको यस संस्थाको मुख्य कार्यालय चन्द्रागिरि न.पा. वडा नं ७ थानकोट महादेवस्थानमा अवस्थित छ भने काठमाडौं जिल्लामा चन्द्रागिरि न.पा. वडा नं १२, सृजनाचोकमा दहचोक सेवाकेन्द्र, ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं १४ मा शुभतारा सेवाकेन्द्र, बुढानिलकण्ठ न.पा. वडा नं ६ मा ओमन्स क्रियशन सेवाकेन्द्र र ललितपुर जिल्ला गोदावरी नगरपालिका वडा नं १४ ठैबमा पाटन सेवाकेन्द्र गरी एक मुख्य कार्यालय र अन्य ४ वटा सेवाकेन्द्र सञ्चालनमा रहेका छन् ।

**कार्यक्षेत्र :**

यस संस्थाको कार्यक्षेत्र काठमाडौं तथा ललितपुर जिल्ला भर र धादिङ जिल्लाको धुनीबेसी नगरपालिका र थाक्रे गाउँपालिका भित्र सीमित रहेको छ ।

**परिकल्पना :**

दिगो साकोस, सुखी र समृद्ध सदस्य ।




**ध्येय :**

साकोसको अन्तर्राष्ट्रिय सिद्धान्त, मूल्य र समसामयिक कानुनी व्यवस्थालाई आत्मसात गर्दै नवीन विधि र अत्याधुनिक प्रविधिको समुचित प्रयोग गरी उत्कृष्ट वित्तीय सेवा एवं सामाजिक सुरक्षा सहित अन्य सेवाहरू मार्फत सदस्यहरूको जीवनस्तर अभिवृद्धि गर्ने ।

**आवद्धता :**

यस संस्था देहायका राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरूमा आवद्ध रहेको छ ।

| क्र.सं. | आवद्ध रहेको संघ/संस्था |
|---|---|
| १. | एशियाली ऋण महासंघ (ACCU) |
| २. | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| ३. | राष्ट्रिय सहकारी बैंक लि. |
| ४. | बागमती प्रदेश सहकारी संघ लि. |
| ५. | बागमती प्रोस्कुन लि. |
| ६. | जिल्ला सहकारी संघ लि. काठमाडौं लि. |
| ७. | काठमाडौं बचत तथा ऋण सहकारी संघ लि. |
| ८. | समृद्धि आवास विशिष्टीकृत सहकारी संघ लि. |
| ९. | महामञ्जुश्री आवास तथा हाउजिङ विशिष्टीकृत सहकारी संघ लि. |

**विशेषता :**

- समुदायमा आधारित
- ३६५ दिन काउन्टर सेवा
- मुख्य कार्यालयमा बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म सेवा (हिउँदको समयमा बेलुका ६ बजेसम्म)
- सामाजिक सुरक्षा, एम्बुलेन्स तथा शब वाहन सुविधा
- डिजिटल सहकारी सेवा
- स्मार्ट सापटी
- लघुवित्त कार्यक्रम सञ्चालन

**संस्थाले प्राप्त गरेका महत्वपूर्ण पुरस्कार तथा सम्मान :**

| क्र.सं. | सम्मान तथा पुरस्कार | सम्मान/पुरस्कार प्रदान गर्ने संघ संस्था/निकाय |
|---|---|---|
| १. | उत्कृष्ट व्यवस्थापक (प्रमुख कार्यकारी अधिकृत) पुरस्कार, २०८० | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ संस्था लि. (नेफ्स्कून) |
| २. | उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार, २०७६ | राष्ट्रिय सहकारी महासंघ |
| ३. | नेफ्स्कून प्रशंसा पुरस्कार, २०७८ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ संस्था लि. (नेफ्स्कून) |
| ४. | उत्कृष्ट साकोस सम्मान, २०७७ | काठमाडौं बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (कास्कुन) |
| ५. | सर्वोत्कृष्ट बचत र नवीकरण शुल्क सम्मान, २०७६ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ संस्था लि. (नेफ्स्कून) |
| ६. | शाखा स्तरीय उत्कृष्ट कारोवार सम्मान २०७९ | राष्ट्रिय सहकारी बैंक लि. |
| ७. | उत्कृष्ट संस्था सम्मान, २०७२ | ५९औं राष्ट्रिय सहकारी दिवस आयोजक समिति |
| ८. | उत्कृष्ट संस्था सम्मान, २०६७ | ५४औं राष्ट्रिय सहकारी दिवस आयोजक समिति |

## संस्थाको बचत प्रोडक्टहरूको विवरण

### नियमित प्रकारको बचत

| क्र.सं. | बचतको प्रकार |
|---|---|
| १ | नियमित बचत |
| २ | मासिक बचत |
| ३ | दैनिक बचत |
| ४ | कर्मचारी सञ्चय कोष बचत |

### ऐच्छिक प्रकारको बचत

| क्र.सं. | बचतको प्रकार |
|---|---|
| १ | साधारण बचत |
| २ | खुत्रुके बचत |
| ३ | रेमिट्यान्स बचत |
| ४ | सदस्य उन्नती बचत |
| ५ | विशेष बचत |
| ६ | जेष्ठ सदस्य बचत |
| ७ | शेयर लाभांश बचत |
| ८ | संरक्षित पुँजी फिर्ता कोष बचत |
| ९ | तलब बचत |

### बालबालिका बचत

| क्र.सं. | बचतको प्रकार |
|---|---|
| १ | छोटो अवधिको आवधिक बचत |
| २ | आवधिक बचत १ वर्ष |
| ३ | आवधिक बचत २ वर्ष |
| ४ | आवधिक बचत ३ वर्ष |
| ५ | रेमिट्यान्स आवधिक बचत |

## संस्थाको ऋण प्रोडक्टहरूको विवरणः

### व्यवसायिक ऋण

| क्र.सं. | ऋणको प्रकार |
|---|---|
| १ | व्यापार तथा व्यवसाय ऋण |
| २ | सदस्य उत्थान ऋण |
| ३ | समूह जमानी लघुवित्त ऋण |
| ४ | चालु पुँजी ऋण |

### उद्यमशीलता विकास ऋण

| क्र.सं. | ऋणको प्रकार |
|---|---|
| १ | उद्यमी पुनरूत्थान ऋण |
| २ | उद्यमी ऋण |
| ३ | युवा उद्यमशीलता ऋण |
| ४ | प्रोफेशनल ऋण |
| ५ | वैदेशिक रोजगार ऋण |
| ६ | लघुवित्त शेयर जमानी ऋण |

### कृषिमा आधारित ऋण

| क्र.सं. | ऋणको प्रकार |
|---|---|
| १ | कृषि व्यवसाय ऋण |
| २ | पशुपंक्षी पालन व्यवसाय ऋण |

### घर जग्गा ऋण

| क्र.सं. | ऋणको प्रकार |
|---|---|
| १ | दीर्घकालिन आवास ऋण |
| २ | जग्गा खरिद ऋण |
| ३ | घरघडेरी ऋण |

### शैक्षिक ऋण

| क्र.सं. | ऋणको प्रकार |
|---|---|
| १ | शैक्षिक ऋण |

### हायर पर्चेज ऋण

| क्र.सं. | ऋणको प्रकार |
|---|---|
| १ | हायर पर्चेज ऋण |
| २ | वैकल्पिक उर्जा ऋण |
| ३ | हरित ऋण |

### अन्य ऋण

| क्र.सं. | ऋणको प्रकार |
|---|---|
| १ | सामाजिक कर्म ऋण |
| २ | नियमित बचत जमानी ऋण |
| ३ | आकस्मिक ऋण |
| ४ | चन्द्रागिरि सरल ऋण |
| ५ | धारा जडान ऋण |
| ६ | बचत जमानी ऋण |
| ७ | स्मार्ट सापटी |
| ८ | आवधिक बचत ऋण |

**सदस्यहरूले प्राप्त गर्ने सेवा सुविधा :**

| क्र.सं. | सेवा सुविधा | विवरण |
|---|---|---|
| १. | आहतमा राहत | २०८१ आश्विन ११ र १२ गतेको अविरल वर्षाको कारण बाढी पहिरोबाट धनजनको क्षतीभएकोमा मृत्यु भएमा २ लाखसम्म, औषधिउपचारका लागि रू. ३० हजारसम्म र सहुलियत ऋण रू. १५ लाखसम्मको सुविधा । |
| २. | काजक्रिया राहत | सदस्यको मृत्य भएमा ५ देखि २० हजार र सदस्यको परिवारको मृत्यु भएमा ५ हजारसम्म । |
| ३. | स्वास्थ्य उपचार राहत | अस्पतालमा भर्ना भई उपचार गराउँदा वर्षको ५० हजारसम्म । शल्यक्रिया गर्नुपर्ने भएमा भर्ना नभएता पनि सुविधा प्राप्त हुने । |
| ४. | घातक रोग उपचार राहत | घातक रोग लागेमा कारोवारको आधारमा वर्षमा बढीमा रू. ५ लाख सम्मको घातक रोग उपचार राहत सुविधा प्राप्त हुने । हाल १८ घातक रोगहरूमा यो सुविधा उपलब्ध छ । |
| ५. | सुरक्षित मातृत्व खर्च | अस्पताल भर्ना भई सुत्केरी भएमा ५ हजारदेखि ९ हजारसम्म । |
| ६. | एम्बुलेन्स सुविधा | सदस्यहरूले वर्षको ३ पटकसम्म सहुलियत एम्बुलेन्स सेवा लिन सक्ने । |
| ७. | शब वाहन सुविधा | सदस्य र सदस्यको परिवारले सहुलियत दरमा सेवा लिन सक्ने । |
| ८. | आकस्मिक सापटी सुविधा | स्वास्थ्य उपचार, दुर्घटना, दैवीप्रकोप, महामारी, आगलागी, भुकम्प आदि जस्ता आकस्मिक अवस्थाहरूमा १ जना धनजमानी राखी रू. १५ हजारसम्म ९० दिनको लागि निर्ब्याजी सापटी सुविधा उपलब्ध हुने । |
| ९. | तिर्थाटन | वार्षिक कारोवारको आधारमा सदस्यहरूको समेत योगदान रहने गरी देश भित्र, देश बाहिरका विभिन्न धार्मिक स्थलहरूको दर्शन कार्यक्रममा सहभागी हुने अवसर । |
| १०. | छात्रवृत्ति | कार्यक्षेत्रका सामुदायिक विद्यालय तथा क्याम्पसमा अध्ययन गर्ने आर्थिक रूपले विपन्न र जेहेन्दार विद्यार्थीहरूको लागि चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति प्रदान गरिने । |
| ११. | विभिन्न तालिम तथा परामर्श | वित्त व्यवस्थापन, पारिवारिक योजना र बजेट, उद्यमशीलता विकास, व्यवसाय प्रवर्द्धन, बजारीकरण, व्यक्तित्व विकास, सिप विकास आदिको लागि विभिन्न तालिम तथा परामर्श । |
| १२. | दुर भुक्तानी सेवा | सदस्यहरूले सहकारीमा रहेको आफ्नो खाताको रकम दुर भुक्तानी पुर्जाको आधारमा सहकारीमा उपस्थित नै नभई आफ्नो बैंक खातामा भुक्तानी प्राप्त गर्ने सुविधा । |

**प्रविधिमा आधारित डिजिटल सेवाहरू :**

| क्र.सं. | सेवाको प्रकार | विवरण |
|---|---|---|
| १. | चन्द्रागिरि एम.सर्भिस. | • बैंकिङ्ग सेवा<br>• बैंकबाट चन्द्रागिरि र चन्द्रागिरिबाट बैंकमा फण्ड ट्रान्स्फर सेवा<br>• आन्तरिक फण्ड ट्रान्सफर सेवा<br>• स्मार्ट सापटी सेवा<br>• वालेटहरूमा रकम लोड सेवा<br>• रेमिट्यान्स सेवा<br>• QR भुक्तानी सेवा<br>• क्रेडिट कार्ड भुक्तानी सेवा<br>• बिल र युटिलिटी बिल भुक्तानी सेवा<br>• टिकेटिङ र बुकिङ सेवा<br>• मोबाईल टपअप, टेलिफोन महसुल, ईन्टरनेट, टि.भी. टुटल पठाओ, ट्राफिक जरिवाना, शेयर र ब्रोकर आदिको भुक्तानी सेवा<br>• बीमा शुल्क, विद्युत महसुल, खानेपानी आदिको भुक्तानी सेवा<br>• एनसेल Ncell Voice/Data Pack खरिद |
| २. | ए.टि.एम सेवाः | चन्द्रागिरि साकोसको एटिएम कार्डबाट रकम निकाल्न र कार्ड स्वाइप सेवा लिन सकिने स्थानहरू<br>१. चन्द्रागिरि साकोसको आफ्नै एटिएम<br>२. नेपालमा एटिएम सेवा सञ्चालन गर्ने सबै सहकारी संस्था<br>३. विभिन्न वाणिज्य बैंक, विकास बैंक तथा फाइनान्स कम्पनी<br>४. विदेशमा रहेको युनियन पे नेट्वर्क भित्रका बैंक वित्तीय संस्था<br>५. विभिन्न सपिङ्ग सेन्टरहरू |

**संस्थाको स्थापना कालदेखि वर्तमान समयसम्म संस्थाको कारोवारको झलकः**

| आ.व. | शेयर पुँजी रू. | बचत रू. | ऋण रू. | कुल सम्पत्ति रू. |
|---|---|---|---|---|
| २०५७/५८ | ३,५८,००० | ३६,१२९ | ३४,१२५ | ३,९६,६८४ |
| २०५८/५९ | ७,२९,००० | ३,०६,०२२ | ८,९१,२०० | ११,१२,७२८ |
| २०५९/६० | १२,३३,००० | १३,२२,६०१ | १८,५९,९७३ | २६,३७,५५३ |
| २०६०/६१ | १५,००,००० | ३४,९०,३२० | ३२,२८,६९६ | ५३,५०,३७१ |
| २०६१/६२ | २३,४३,००० | १,०३,५१,६३६ | १,०८,५३,४७३ | १,३८,५३,३४० |
| २०६२/६३ | ३०,००,००० | १,६३,२६,८९९ | १,४२,३१,८२३ | २,१०,४७,३८३ |
| २०६३/६४ | ४०,००,००० | २,६०,१३,६४३ | २,५५,६०,५१४ | ३,२४,५७,६१४ |
| २०६४/६५ | ६०,००,००० | ४,१५,०९,२०३ | ३,९६,१२,१४८ | ५,१६,३२,०५३ |

| आ.व. | शेयर पुँजी रू. | बचत रू. | ऋण रू. | कुल सम्पत्ति रू. |
|---|---|---|---|---|
| २०६५/६६ | १,०२,००,००० | ८,३८,९१,५९२ | ८,५४,४०,०४३ | १०,३७,४३,२९३ |
| २०६६/६७ | २,०७,००,००० | १४,४४,४८,८४२ | १२,२२,५६,०४९ | १७,८८,५६,८३० |
| २०६७/६८ | ३,१३,००,००० | २३,९७,५०,०२० | २१,३०,७८,४६४ | २९,४४,८४,२८४ |
| २०६८/६९ | ४,१३,००,००० | ३९,४४,२१,८६८ | २८,०८,३९,५१० | ४७,२६,७९,५६५ |
| २०६९/७० | ४,५५,७२,८०० | ४४,२३,४०,४५० | ४८,०३,३५,६३९ | ६२,०२,९०,३९३ |
| २०७०/७१ | ५,२७,३७,९०० | ५३,९४,६८,३०२ | ४९,२७,४२,१६१ | ७०,४१,०३,१७३ |
| २०७१/७२ | ६,७६,००,००० | ६५,८०,९५,६३७ | ६०,९६,४०,७५५ | ९५,२४,१८,५९१ |
| २०७२/७३ | ७,४२,०२,३०० | ८८,३८,११,२९८ | ७३,३८,६३,२५३ | १,२०,४९,६४,३१० |
| २०७३/७४ | ८,४९,९३,७०० | ९५,०३,१४,२५२ | ८७,४१,३१,६०६ | १,४०,५२,८७,३९४ |
| २०७४/७५ | ९,२६,९२,८०० | १,१०,०३,८४,६७५ | ८१,०७,५८,७१२ | १,४५,२६,७२,७०८ |
| २०७५/७६ | १०,२०,००,००० | १,४०,२६,७२,९३९ | १,१०,६६,१६,३७२ | १,७२,८५,०२,६७० |
| २०७६/७७ | १०,६४,००,००० | १,७४,८४,६७,८०० | १,२८,३९,०४,६८७ | २,१०,९३,६१,८९५ |
| २०७७/७८ | १६,१३,८०,००० | २,२१,२४,८१,७०० | १,७३,८५,४७,७८२ | २,७२,६९,८१,६७८ |
| २०७८/७९ | १७,४०,४९,५०० | २,४१,६९,५८,६९१ | २,००६,७७,६४९८ | २,९४,२५,५१,२२३ |
| २०७९/८० | १९१,२२५,४०० | २,६७६,०३१,८५४ | २,१२१,८५७,७६१ | ३,०५,०५,९०,२७० |
| २०८०/८१ | २१,१६,३५,४०० | २,९७,७८,३५,६५१ | २,२७,७६,४८,८०४ | ३,३८,१७,१९,६५८ |
| २०८१/८२ | २२,७५,५२,३०० | ३,०१,९७,८७,९८८ | २,२३,८४,७९,८६१ | ३,४४,९४,०३,२४४ |

**आ.व. २०६४/०६५ देखि सदस्यहरूले प्राप्त गरेको सुविधा रकमको विवरण:**

| आ.व. | सेवा सुविधाको विवरण | | | | | | | जम्मा रू. |
|---|---|---|---|---|---|---|---|---|
| | काजकिरिया सुविधा रू. | स्वास्थ्य उपचार सुविधा रू. | घातक रोग उपचार सुविधा रू. | दुर्घटनाक्षति सुविधा रू. | सुरक्षित मातृत्व सुविधा रू. | एम्बुलेन्स सुविधा रू. | शब वाहन सुविधा सुविधा रू. | |
| २०६४/६५ | ९१,००० | १,३५,६८० | - | ४०,००० | ३०,१६० | - | - | २,९६,८४० |
| २०६५/६६ | १,१६,००० | २,७९,०५५ | - | - | ३१,१७३ | ६,९५० | - | ४,३३,१७८ |
| २०६६/६७ | १,२३,००० | ४,४४,२०० | - | - | ३३,६३७ | ९,२३० | - | ६,१०,०६७ |
| २०६७/६८ | १,८५,००० | ४,७९,५५५ | - | २०,००० | ३६,५८९ | ७,२५० | - | ७,२८,३९४ |
| २०६८/६९ | १,६४,००० | ६,०६,०१७ | - | - | १,३१,५५९ | २३,४३० | - | ९,२५,००६ |
| २०६९/७० | १,६८,००० | १०,३७,११८ | - | - | १,७५,९१३ | १,०७,२५० | ११,००० | १४,९९,२८१ |
| २०७०/७१ | २,२३,८०० | १६,६०,६१२ | - | - | ८७,४११ | १,१०,७६१ | १८,५०० | २१,०१,०८४ |
| २०७१/७२ | २,१५,५०० | १३,२७,६६५ | - | ९१,००० | १,६०,३५३ | ७१,९०२ | १९,७५० | १८,८६,१७० |
| २०७२/७३ | १,७६,६०० | ११,५१,७३२ | - | १,०४,००० | १,५२,८१८ | ८७,३१० | ११,२६० | १६,८३,७२० |
| २०७३/७४ | १,६७,७०० | १५,४८,६५४ | - | - | १,०५,५०० | ८१,५८५ | १२,७६२ | १९,१६,२०१ |
| २०७४/७५ | ४,०५,५५० | १७,७८,७९९ | - | ९९,००० | २,५८,४५० | १,०५,४९५ | ९,०६० | २६,५६,३५४ |

| आ.व. | सेवा सुविधाको विवरण | | | | | | | जम्मा रू. |
|---|---|---|---|---|---|---|---|---|
| | काजकिरिया सुविधा रू. | स्वास्थ्य उपचार सुविधा रू. | घातक रोग उपचार सुविधा रू. | दुर्घटनाक्षति सुविधा रू. | सुरक्षित मातृत्व सुविधा रू. | एम्बुलेन्स सुविधा रू. | शब वाहन सुविधा सुविधा रू. | |
| २०७५/७६ | ५,२१,७०० | ३४,२६,५४२ | - | १,००,००० | ४,४४,५२६ | १,२८,७७५ | ३१,०९० | ४६,५२,६३३ |
| २०७६/७७ | ५,३५,६२५ | २६,१३,६७४ | ४८,००० | ९०,००० | ४,५३,३११ | १,२४,३१९ | २७,८८३ | ३८,९२,८१२ |
| २०७७/७८ | ५,५३,३७५ | २५,०९,५३४ | ५,९६,८२२ | - | ४,२६,९०५ | ८३,८०५ | १५,९२० | ४१,८६,३६१ |
| २०७८/७९ | ७,५४,१२५ | ४०,७०,६७४ | ३,७६,४९० | - | ४,९४,८५० | १,०९,५५५ | १४,७५० | ५८,२०,४४४ |
| २०७९/८० | ७,२३,२५० | ५५,४६,८०२ | १,०८,००७ | - | ६,०२,९५० | १,५७,४७० | ३८,३३० | ७१,७६,८०९ |
| २०८०/८१ | ८,८४,२५० | ५०,८९,८४८ | - | - | ५,७२,६७० | १,१७,१६५ | ४८,२९० | ६७,१३,४९३ |
| २०८१/८२ | ८,९२,१२५ | ७८,६०,१०४ | - | - | ६०९,१६० | ९०,५१५ | ४९,२०० | ९५,०१,०९४ |
| **जम्मा** | **६९,००,६००** | **४,१५,६६,२६५** | **११,२९,३१९** | **५,४४,०००** | **४८,०७,९३५** | **१४,२२,७६७** | **३,०७,७९५** | **५,६६,७९,९४१** |

**आ.व. २०६४/०६५ देखि सदस्य सेवा सुविधा रकम प्राप्त गर्ने सदस्यहरूको संख्यात्मक विवरण:**

| आ.व. | सेवा सुविधाको विवरण | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | आपत कालिन सापटी | काजकिरिया | घातक रोग उपचार | स्वास्थ्य उपचार | दुर्घटना क्षति | सुरक्षित मातृत्व | एम्बुलेन्स सुविधा | शब वाहन सुविधा | |
| २०६४/६५ | २३ | २५ | - | २४ | १ | १४ | - | - | ८७ |
| २०६५/६६ | २७ | ३४ | - | ३६ | - | ११ | १५ | - | १२३ |
| २०६६/६७ | ६१ | ४० | - | ५८ | १ | १५ | २० | - | १९५ |
| २०६७/६८ | ८६ | ५१ | - | ६६ | - | १४ | १५ | - | २३२ |
| २०६८/६९ | ४७ | ४८ | - | ७७ | - | ३४ | १४३ | - | ३४९ |
| २०६९/७० | १६ | ४७ | - | ११६ | - | ४८ | १८० | ८ | ४१५ |
| २०७०/७१ | १७ | ६३ | - | १७८ | - | २४ | १७४ | ८ | ४६४ |
| २०७१/७२ | १० | ६० | - | १३५ | ३ | ४५ | १५१ | ९ | ४१३ |
| २०७२/७३ | २२ | ५७ | - | ११० | ३ | ५० | १४२ | ६ | ३९० |
| २०७३/७४ | ६ | ५१ | - | १४६ | - | ३५ | १२९ | ९ | ३७६ |
| २०७४/७५ | ११ | ८७ | - | १६७ | ३ | ७६ | १६२ | ६ | ५१२ |
| २०७५/७६ | ६ | ९९ | - | २९० | १ | ९२ | १७६ | २१ | ६८५ |
| २०७६/७७ | ४० | १०२ | १ | २१६ | २ | ८९ | १९३ | १८ | ६६१ |
| २०७७/७८ | ९ | ११४ | ७ | २१३ | - | ८९ | १२५ | १२ | ५६९ |
| २०७८/७९ | ४ | १७४ | ४ | ३२१ | - | १०५ | १६६ | ९ | ७८३ |
| २०७९/८० | ४ | १४८ | १ | ४१२ | - | ११३ | १६८ | १७ | ८६३ |
| २०८०/८१ | - | १५१ | - | ३७८ | - | १०२ | १२७ | २२ | ७८० |
| २०८१/८२ | - | १८१ | - | ५०८ | - | १०८ | ११८ | १८ | ९३३ |
| **जम्मा** | **३८९** | **१५३२** | **१३** | **३४९१** | **१४** | **१०६४** | **२२०४** | **१६३** | **८८३०** |

# २४औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्ष शिव शंकर मानन्धरद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन

**आदरणीय सदस्य महानुभावहरू,**

यस चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को गरिमामय २४औं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सदस्य महानुभावहरू तथा अतिथिज्यूहरूलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत गर्दै आ.व. २०८१/८२ को वित्तीय तथा अन्य गतिविधिहरू सहितको वार्षिक प्रतिवेदन यस सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सहकारी क्षेत्रको आर्थिक तथा वित्तीय परिसूचकहरूको संक्षिप्त सिंहावलोकनः**

आर्थिक वर्ष २०८१/८२ मा नेपालले मध्यम स्तरको आर्थिक वृद्धि, घट्दो मुद्रास्फीति र बाह्य क्षेत्रको क्रमिक सुदृढीकरणको अनुभव गरेको थियो । नेपाल राष्ट्र बैंकका अनुसार देशको आर्थिक वृद्धिदर करिब ४.० देखि ४.६ प्रतिशतको आसपास रह्यो, जसले आन्तरिक चुनौती तथा अन्तर्राष्ट्रिय अनिश्चितताको बीचमा भइरहेको क्रमिक सुधारलाई संकेत गर्दछ । जसले गर्दा उपभोक्ता मुद्रास्फीति उल्लेखनीय रूपमा घट्दै गएको र उपभोग शक्ति सुदृढ गर्न मद्दत पुगेको अनुभव भएको थियो । यस आ.व. मा भुक्तानी सन्तुलनमा सुधारसँगै वैदेशिक मुद्राको भण्डारण सुदृढ बनेको थियो । वित्तीय क्षेत्रमा नगद परिचालन तथा तरलता बढ्दो स्थितिमा रहेकाले निक्षेप करिब १२ प्रतिशतले र ऋण करिब ८-९ प्रतिशतले वृद्धि भएको विभिन्न प्रतिवेदनहरूले देखाएको छ । समग्रमा, स्थिर मुद्रास्फीति, सुध्रिदो बाह्य क्षेत्र र मध्यम ऋण मागले सहकारी संस्थाहरूका लागि सदस्यको विश्वास अभिवृद्धि, निक्षेप परिचालन तथा दिगो ऋण प्रवाहका अवसर खोज्न र गुणस्तरीय सम्पत्ति व्यवस्थापन गर्न दवाव सृजना गरेको थियो । यसका साथै सहकारी प्रति आम जनमानसको धारणा र राज्यले सहकारीलाई नियन्त्रण गर्नको लागि लिएको नीतिले पनि संस्थाको गति, योजना र वृद्धिमा प्रभाव पारेको छ । त्यसैगरी यसै आ.व. मा बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन गर्नको लागि राष्ट्रिय सहकारी नियमन प्राधीकरणको गठन र यसले जारी गरेका निर्देशन तथा मापदण्डहरूले सहकारी क्षेत्रहरूलाई नयाँ नियामक मापदण्डहरू पालना गर्नुपर्ने अवस्थामा पुऱ्याएको छ । यसको साथै हालै जेनजी युवापुस्ताले गरेको प्रदर्शन र यसले सृजना गरेको मुलुकको नयाँ परिदृष्यले थप आर्थिक, सामाजिक र राजनैतिक चुनौतीहरू सृजना गरेको छ ।

**सञ्चालक समितिको मान्यताः**

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. ले संस्थागत सुशासन, सदस्यहरूको बचतको सुरक्षा, सुरक्षित लगानी र जोखिम न्युनिकरण तथा सहकारीको सिद्धान्त र मूल्यहरूलाई प्राथमिकता दिई विवेकशील मापदण्ड र प्रणालीलाई सदैव अवलम्बन गरी आफ्नो जिम्मेवारीको पालना गर्ने र जवाफदेहिता वहन गर्ने मान्यता लिँदै आएको छ । साथै, संस्थाले रणनीतिक व्यवस्थापन पद्धति, व्यावसायिक कार्य पद्धतिको आधारमा निरन्तर परिष्कृत पद्धतिको अवलम्बन, कार्यसम्पादन, विकास, अनुसरण, व्यवस्थापन सदस्यहरूबिचको सुमधुर सम्बन्ध, सदस्यहरूमा भेदभाव रहित ढंगबाट सेवामा पूर्ण रूपमा समर्पण जस्ता मूल्य र मान्यताको सम्वर्द्धन गरी अघि बढ्ने प्रण गरेको छ । त्यसैगरी संस्थागत सुशासनले प्रतिवद्धता र पदीय जिम्मेवारीको परिपालना तथा स्वार्थ बाझिने अवस्थाको उचित व्यवस्थापन हुने गरी सञ्चालक समितिका सबै सदस्यहरूले संस्थासँग सरोकार राख्ने

सबै प्रकारका गतिविधि तथा क्रियाकलापमा संयमता कायम गर्दै जाने र यस विषयमा सञ्चालक समिति सदैव सम्वेदनशील र सचेत रहने दृष्टिकोण रहेको छ ।

सदस्य महानुभावहरू, अब म आ.व. २०८१/८२ को प्रमुख वित्तीय र अन्य कार्यक्रम तथा गतिविधिहरूको विवरण यहाँहरू समक्ष राख्ने अनुमति चाहन्छु ।

**सदस्य संख्याः २२,४०४**

यस संस्थाको सदस्य संख्या २०८२ असार मसान्त सम्ममा २२,४०४ जना पुगेको छ । गत वर्ष २०,७७४ जना सदस्य रहेकोमा यस वर्ष १६३० जना नयाँ सदस्यहरू संस्थामा थप भएको छ । गत वर्षको तुलनामा ७.८३% ले वृद्धि भई उक्त संख्या कायम भएको हो । सदस्यहरूको विवरण देहाय अनुसार रहेको छ ।

| विवरण | पुरूष | महिला | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| सदस्य | ७६५९ | १२८९५ | १०९ | २०,६६३ |
| बाल बचतकर्ता | ९४१ | ८०० | | १,७४१ |
| **जम्मा** | **८,६००** | **१३,६९५** | **१०९** | **२२,४०४** |

**शेयर पुँजी रू.: २२,७५,५२,३००।-**

गत आ.व. को शेयर पुँजी रू. २१,१६,३५,४००।- मा आ.व. २०८१/८२ मा रू. १,५९,१६,९००।- वृद्धि भई २०८२ असार मसान्तमा संस्थाको चुक्ता शेयर पुँजी रू २२,७५,५२,३००।- रहेको छ । शेयर कित्ताको आधारमा चुक्ता शेयर पुँजीलाई तपसिल अनुसार वर्गीकरण गरिएको छ ।

| क्र.सं. | विवरण | सदस्य संख्या | रकम रू. |
|---|---|---|---|
| १. | न्यूनतम ५० कित्तासम्म | ९,८६६ | ४,१६,४३,६०० |
| २. | ५१ देखि १०० सम्म | ६,१०८ | ४,४१,५९,३०० |
| ३. | १०१ देखि ५०० सम्म | ४,१३२ | ८,८६,७३,८०० |
| ४. | ५०१ देखि १,००० सम्म | ३७८ | २,६२,३२,६०० |
| ५. | १,००१ देखि माथि | १७९ | २,६८,४३,००० |
| | **जम्मा** | **२०,६६३** | **२२,७५,५२,३००** |

**बचत निक्षेप रू.: ३,०१,९७,८७,९८८।-**

संस्थाको सदस्यहरूको बचत निक्षेप २०८२ असार मसान्तमा रू. ३,०१,९७,८७,९८८.१७ रहेको छ । बचत समिश्रणमा नियमित प्रकारको बचत, ऐच्छिक प्रकारको बचत, आवधिक प्रकारको बचत र बालबालिका प्रकारको बचत सहित ४ प्रकारका बचत मार्फत विभिन्न बचत शीर्षकहरूहरू बचत रकम संकलन भएको छ । बचतको प्रकृति अनुसार संकलित बचत देहायको तालिका अनुसार रहेको छ ।

| क्र.स. | विवरण | गत आ.व. | यस आ.व. | परिवर्तन |
|---|---|---|---|---|
| १ | नियमित प्रकारको बचत | ३०,७१,१०,१३४.२७ | ३४,५१,०५,७७१.५० | १२.४% |
| २ | ऐच्छिक प्रकारको बचत | ६६,८५,२२,८६९.३९ | ८७,४५,५७,१२२.८५ | ३०.८% |
| ३ | आवधिक प्रकारको बचत | १,९५,७१,३१,७७७.३० | १,७४,१७,०८,७९५.८३ | -११.०% |
| ४ | बालबालिका प्रकारको बचतहरू | ४,५०,७०,८६९.४७ | ५,८४,१६,२९७.९९ | २९.६% |
| | **जम्मा** | **२,९७,७८,३५,६५०.४३** | **३,०१,९७,८७,९८८.१७** | **१.४%** |

**लगानीमा रहेको ऋण रू.: २,२३,८४,७९,८६०।–**

प्रकृतिको आधारमा संस्थाको ७ वटा प्रकृतिका विभिन्न शीर्षकमा गरी २०८२ असार मसान्तसम्ममा लगानीमा रू. २,२३,८४,७९,८६०.५९ ऋण रहेको छ । असार मसान्तसम्ममा २,३२२ जना सदस्यहरूलाई लगानी रहेको उक्त ऋण देहायको तालिका अनुसार रहेको छ ।

| क्र.स. | विवरण | गत आ.व. | यस आ.व. | परिवर्तन |
|---|---|---|---|---|
| १ | व्यवसायिक शीर्षकमा ऋण लगानी | १,०६,८१,५७,२३२.९५ | १,१४,३७,७८,२७९.१७ | ७.१% |
| २ | उद्यम शीर्षकमा ऋण लगानी | ८,६३,८६,५३४.३० | ६,१७,९५,५५४.३८ | (२८.५%) |
| ३ | कृषिमा आधारित व्यवसाय शीर्षकमा ऋण लगानी | १,५३,२५,४१८.०१ | १,६०,३०,८४३.३४ | ४.६% |
| ४ | जग्गा तथा आवास सम्बन्धी शिर्षमा ऋण लगानी | ८६,६७,५२,८४३.५० | ७६,९६,६१,८२८.९१ | (११.२%) |
| ५ | शिक्षा सम्बन्धी शीर्षकमा ऋण लगानी | ६,२८,०९,७१६.०० | ७,४७,३५,७०५.०० | १९.०% |
| ६ | हायर पर्चेज सम्बन्धी शिर्षमा ऋण लगानी | २,४२,२८,३३१.०० | २,८०,९०,३०९.०० | १५.९% |
| ७ | अन्य विभिन्न शीर्षकमा ऋण लगानी | १५,२६,८७,५३७.५७ | १४,४३,८७,३४०.७९ | (५.४%) |
| जम्मा | | **२,२७,६३,४७,६१३.३३** | **२,२३,८४,७९,८६०.५९** | **(१.७%)** |

**तरलता रू. : ७२,३०,७३,१४९।–**

संस्थामा मिति २०८२ असार मसान्तमा तरलता सञ्चय रकम रू. ७२,३०,७३,१४९.१८ रहेको छ । सोही मितिको कुल बचत निक्षेप रू. ३,०१,९७,८७,९८८।– को अनुपातमा सञ्चित तरलता २३.९४% हुन आउँछ जुन संस्थाले कायम गर्नुपर्ने वैधानिक तरलता भन्दा ८.९४% अधिक हो । अधिक तरलता मौज्दातले संस्थाको प्रतिफल दरमा असर पार्ने कुरामा हामी सचेत रहँदै ऋणको माग सृजना, बचत समिश्रणको व्यवस्थापन र ब्याजदरद्वारा बचत अनुपातलाई व्यवस्थापन गर्दै हामीले तरलता व्यवस्थापन गर्ने नीति लिएका छौं । विभिन्न बैंक वित्तीय संस्थाहरूमा रहेको मौज्दातको आधारमा २०८२ असार मसान्तको तरलता रकम देहायको तालिकामा उल्लेख गरे बमोजिम रहेको छ ।

| क्र.सं. | बैंक/वित्तीय संस्था | रकम रू. | अनुपात |
|---|---|---|---|
| १ | नगद मौज्दात | ४४,७४,१२०.०० | ०.६२% |
| २ | वाणिज्य बैंक | ४४,४५,४९,८५४.२० | ६१.४८% |
| ३ | विकास बैंक | १३,८३,२३,५०६.७३ | १९.१३% |
| ४ | फाइनान्स कम्पनी | ६६,६८,३९३.३९ | ०.९२% |
| ५ | राष्ट्रिय सहकारी बैंक | ३,०८,६५,६५४.७२ | ४.२७% |
| ६ | छाता संघहरू | ९,८१,२१,९२४.१९ | १३.५७% |
| ७ | वालेट | ६९,६९५.९५ | ०.०१% |
| जम्मा | | ७२,३०,७३,१४९.१८ | १००% |

**प्राथमिक पुँजी रू. : ३३,३४,८८,३३३।–**

राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मिति २०८२/०२/०९ मा जारी निर्देशन बमोजिम यस संस्थाको २०८२ असार ३२ को प्राथमिक पुँजी रू. ३३,३४,८८,३३३.०७ रहेको छ । जसलाई देहाय अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

| विवरण | चालु अवधि | गत अवधि | गत अवधि |
|---|---|---|---|
| शेयर पुँजी | २२,७५,५२,३००.०० | २१,१६,३५,४००.०० | ७.५२% |
| जगेडा कोष | १०,५४,२३,३९३.६५ | ९,४५,१६,१७०.१७ | ११.५४% |
| घाटापूर्ति कोष | ५,१२,६३९.४२ | ७,१७,६९०.५३ | (२८.५७%) |
| सञ्चित नाफा/नोक्सानी | - | - | - |
| **कुल प्राथमिक पुँजी** | **३३,३४,८८,३३३.०७** | **३०,६२,७२,४३८.६७** | **७.३९%** |

**जोखिम भारित सम्पत्ति रू. : ३२,८९,००,९५५।-**

संस्थामा २०८२ असार ३२ को कुल जोखिम भारित सम्पत्ति रू. ३२,८९,००,९५५।- रहेको छ । संस्थाको पुँजी कोष अनुपात जोखिम भारित सम्पत्तिको तुलनामा गत आ.व. मा ९.८६% रहेकोमा चालु आ.व. मा १०.९२% रहने आएको छ । जोखिम भारित सम्पत्तिको विवरण देहायको तालिमा उल्लेख गरे बमोजिम रहेको छ ।

| सम्पत्तिको विवरण | भार | चालु अवधि | | गत अवधि | |
|---|---|---|---|---|---|
| | | रकम | जोखिम भारित सम्पत्ति | रकम | जोखिम भारित सम्पत्ति |
| रकम मौज्दात | ० | ४४,९०,९६५.०० | - | ४४,७४,१२०.०० | - |
| सरकारी ऋणपत्रमा गरेको लगानी | ० | - | - | - | - |
| सदस्यको खातामा रहेको बचत धितो राखी प्रवाह गरेको ऋण | ० | ९,३८,०७,३२०.९२ | - | ५,७७,५२,०८७.६७ | - |
| नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २० | ३७,४५,४१,७५४.३२ | ७,४९,०८,३५०.८६ | २४,६९,३०,१४७.१८ | ४,९३,८६,०२९.४४ |
| इजाजतपत्र प्राप्त सहकारी बैंकमा रहेको मौज्दात | २० | ९,०५,६६,६८५.९१ | १,८१,१३,३३७.१८ | १७,५८,७१,३३८.४४ | ३,५१,७४,२६७.६९ |
| धितोमा आधारित ऋण | १०० | २,०१,७९,८९,५९४.३२ | २,०१,७९,८९,५९४.३२ | २,०३,९६,०७,४६१.५४ | २,०३,९६,०७,४६१.५४ |
| विना धितो प्रवाह भएका ऋण | १०० | २२,०४,९०,२६६.२७ | २२,०४,९०,२६६.२७ | २३,६७,४०,१५१.७९ | २३,६७,४०,१५१.७९ |
| स्थिर सम्पत्ति | १०० | १२,०१,६७,८१०.७२ | १२,०१,६७,८१०.७२ | ९,५१,८१,७०६.८० | ९,५१,८१,७०६.८० |
| अन्य सम्पत्ति | १०० | - | - | - | - |
| ऐनले तोके बमोजिमका अन्य लगानीहरू | १०० | ६०,३३,२०,६२४.१३ | ६०,३३,२०,६२४.१३ | ६५,०७,६९,९९३.६३ | ६५,०७,६९,९९३.६३ |
| तेस्रो पक्षको धितोमा प्रवाह भएको ऋण | १५० | - | - | - | - |
| **कुल जोखिम भारित सम्पत्ति जम्मा** | | **३,५२,५३,७५,०२१.५९** | **३,०५,४९,८९,९८३.४९** | **३,५०,७३,२७,००७.०५** | **३,१०,६८,५९,६१०.८८** |

**कुल आम्दानी रू. : ३६,३२,०१,७०५।-**

आ.व. २०८१/८२ मा ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी, अन्य सञ्चालन आम्दानी र गैर सञ्चालन आम्दानी गरी संस्थाको कुल आम्दानी रू. ३६,३२,०१,७०४.७७ रहेको छ ।

**कुल खर्च रू. : ३२,३१,१५,२०७।-**

आ.व. २०८१/८२ मा ब्याज खर्च, शुल्क तथा कमिशन खर्च, कर्जा नोक्सानी खर्च, कर्मचारी खर्च, समिति उपसमिति खर्च, अन्य सञ्चालन खर्च, ह्रासकट्टी तथा परिशोधन खर्च र गैर सञ्चालन खर्च गरी जम्मा खर्च रू. ३२,३१,१५,२०७.४२ रहेको छ । आम्दानी र खर्चको फरकताबाट यस आ.व. मा करयोग्य नाफा रू. ४,००,८६,४९७.७७ रहन सफल भएको छ । यो रकम गत वर्षको तुलनामा १०७% ले वृद्धि भएको रकम हो । जसमा आयकर, चालुकर र स्थगन कर खर्च कट्टी गरी बाँडफाँडको लागि रू. ३,५७,१३,१७६.५८ छुट्याइएको छ । तथापि ऋण नोक्सानी कोषमा पर्याप्त रकम व्यवस्था गर्न बाँकी रहेको हुँदा लाभांश र कर्मचारी बोनस कोषको लागि छट्याइएको रकम यस वर्ष वितरण नभई सञ्चित आयको रूपमा रहनेछ ।

**रेमिट्यान्स कारोवार रू. : ४१,०८,४३,४८६।-**

देश विदेशमा पठाएको रकम प्राप्त गर्न र देश भित्रका विभिन्न स्थानहरूमा रकमहरू पठाउन सदस्यहरूलाई सहज होस् भन्ने उद्देश्यले संस्थाले विगतका वर्षहरूदेखि मुख्य कार्यालय तथा सेवाकेन्द्रहरू मार्फत विभिन्न कम्पनीहरूको रेमिट्यान्स सेवा प्रवाह गर्दै आइरहेको छ । यसै क्रममा आ.व २०८१/८२ मा मुख्य कार्यालय तथा विभिन्न सेवाकेन्द्रहरूबाट गरी १०,९१९ वटा कारोवार मार्फत संकलन तर्फ रू. ५,५२,२९,४६६।- र भुक्तानी तर्फ रू. ३५,५६,१४,०२०।- गरी जम्मा रू. ४१,०८,४३,४८६।- को रेमिट्यान्स कारोवार भएको छ । उक्त सेवाबाट आ.व. २०८१/८२ मा कमिशन वापत रू. ८,०१,८८८.१५ प्राप्त भएको छ ।

**कर/राजश्व दाखिला रू. : २,०३,५१,०१७।-**

आय कर तथा विभिन्न श्रोतहरूमा कर कट्टी गरी संस्थाले आ.व. २०८१/०८२ मा नेपाल सरकारलाई रू. २,०३,५१,०१७ कर/राजश्व भुक्तानी गरेको छ । बचतमा ब्याजकर रू. १,४३,६३,३२२।- अग्रिम आयकर रू. ३०,७०,३९५।- शेयर लाभांश कर रू. ७,१९,६१८।- साधारण सभा यातायात तथा खाजा खर्चको कर रू. ९,०३,७७४।-, भाडा कर रू. ३,१३,९५७।-, बैंठक भत्ता कर रू. १,३१,४४२।-, कर्मचारी तलब तथा पारिश्रमिक कर रू. ५,५५,४७४।-, लेखापरीक्षण शुल्क कर रू. ५,०४४।- र अन्य कर रू. २,८७,९९१।- गरी जम्मा रू. २,०३,५१,०१७ कर/राजश्व नेपाल सरकारलाई दाखिला गरेको हो ।

**मोबाईल बैंकिङ्ग, एटिएम तथा अन्य विद्युतीय सेवाः**

आ.व. २०८१/८२ मा थप ८४७ जना नयाँ मोबाईल बैंकिङ्ग प्रयोगकर्ता सदस्य सहित हालसम्म ९३१० जना सदस्यहरू संस्थाको मोबाईल बैंकिङ्ग सेवामा आवद्ध रहनु भएको छ । उक्त सेवा अन्तर्गत कुल ३,०१,८५६ वटा कारोवार मार्फत आ.व. २०८१/८२ मा जम्मा रू. ६७,८७,८३,३५१।- कारोवार भएको छ भने ए.टि.एम. सेवा प्रयोगकर्ता सदस्यहरू हालसम्म १४०२ जना र ४४४९ वटा कुल करोवार संख्या मार्फत कुल कारोवार रकम ३,३९,१५,३६८.५० रूपैयाँ भएको छ । साथै संस्थाबाट सञ्चालित ब्लुबुक नवीकरण तथा कर भुक्तानीको स्मार्ट काउन्टर सेवा तर्फ ३२५ जना व्यक्तिहरूले सेवा लिनु भएको छ ।

**सेवा कार्यालयको आधारमा प्रगतिको संक्षिप्त सिंहावलोकनः**

संस्थाको मुख्य कार्यालय र ४ वटा अन्य सेवाकेन्द्रहरूको सदस्य संख्या, ऋणी संख्या र वित्तीय कारोवार देहायको तालिकामा उल्लेख गरिए अनुसार रहेको छ ।

| विवरण | मुख्य कार्यालय | दहचोक सेवाकेन्द्र | शुभतारा सेवाकेन्द्र | ओमन्स क्रियशन से.के | पाटन सेवाकेन्द्र | जम्मा |
|---|---|---|---|---|---|---|
| सदस्य संख्या | १७,१५१ | १,०७७ | २,१६८ | १,०४८ | ९६० | २२,४०४ |

| विवरण | मुख्य कार्यालय | दहचोक सेवाकेन्द्र | शुभतारा सेवाकेन्द्र | ओमन्स क्रियशन से.के | पाटन सेवाकेन्द्र | जम्मा |
|---|---|---|---|---|---|---|
| ऋणी संख्या | १,८०२ | १२० | २४५ | १०३ | ५२ | २,३२२ |
| शेयर पुँजी | १७,९५,६९,६०० | ७०,३४,९०० | २,९४,१९,६०० | ७९,३१,००० | ३५,९७,२०० | २२,७५,५२,३०० |
| बचत निक्षेप | २,७४,९७,७२,६२० | ७,९८,३२,५४९ | ११,३५,९५,०४१ | ४,७०,०९,४५१ | २,९५,७८,३२७ | ३,०१,९७,८७,९८८ |
| लगानीमा रहेको ऋण | १,५९,३३,६०,७२१ | ७,८८,२५,७५५ | ४३,१९,५२,००९ | ६,३२,९८,७१२ | ७,१०,४२,६६३ | २,२३,८४,७९,८६१ |
| लगानी | ६१,७२,०८,२९८ | १,५०,००,००० | १,७३,६५,७९६ | २२,४०० | ११,७३,५०० | ६५,०७,६९,९९४ |

**लघुवित्त कार्यक्रमको संक्षिप्त सिंहावलोकनः**

२०८२ असार ३२ सम्ममा यस संस्थाले सञ्चालन गरेको लघुवित्त कार्यक्रमको संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | सेवाकेन्द्र | समूह संख्या | सदस्य संख्या | बचत | ऋण लगानी |
|---|---|---|---|---|---|
| १ | मुख्य कार्यालय | १७६ | २७३९ | ४,९९,२९,५७१.१४ | ३,०६,४४,६८०.०० |
| ३ | दहचोक सेवाकेन्द्र | २ | १७ | ४,१५,५७१.३५ | - |
| ४ | शुभतारा सेवाकेन्द्र | १६ | २१८ | १२,५१,९८८.७३ | ७,१६,८१०.०० |
| ५ | ओमन्स क्रियशन सेवाकेन्द्र | २४ | ३१४ | २८,२९,२७१.१९ | २१,९५,०००.०० |
| ६ | पाटन सेवाकेन्द्र | ० | ० | - | - |
| **जम्मा** | | **२१८** | **३२८८** | **५,४४,२६,४०२.४१** | **३,३५,५६,४९०.००** |

**सदस्य राहत कोष योगदान तथा सुविधाः**

गत साधारण सभापछि संशोधन भएको सदस्य राहत नीति बमोजिम सदस्य राहत कोषमा रू. ५ सय र ३ सय योगदान गर्न सकिने प्रावधानको व्यवस्था गरिएको छ । उपलब्ध भएसम्म हरेक वर्ष सदस्यहरूको खाताबाट वार्षिक रू. ५ सय योगदान गर्ने र सो भन्दा कम उपलब्ध भएमा रू. ३ सय योगदान गर्ने सुविधा प्रदान गरिएको छ । योगदानका आधारमा देहाय अनुसार सदस्यहरूले सुविधा पाउने व्यवस्था गरिएको छ ।

- सदस्यको परिवारको मृत्यु भएमा रू. ५,०००।- भुक्तानी हुनेछ ।
- सदस्यको मृत्यु भएमा निम्न ५ वर्गमा भुक्तानी हुनेछ ।

| अवधि | रू. ३०० योगदानमा | रू. ५०० योगदानमा |
|---|---|---|
| सदस्य भएको मितिदेखि | ५,००० | ५,००० |
| सदस्य भएको ५ (पाँच) वर्ष पुरा भएको | ७,५०० | १०,००० |
| भएको ७ (सात) वर्ष पुरा भएको | १०,००० | १२,५०० |
| सदस्य भएको १० (दश) वर्ष पुरा भएका | १२,५०० | १५,००० |
| सदस्य भएको १५ (पन्ध्र) वर्ष पुरा भएको | १५,००० | २०,००० |

- प्रसुती सम्बन्धी उपचारमाः

| विवरण | रू. ३०० योगदानमा | रू. ५०० योगदानमा |
|---|---|---|
| प्रसुती सम्बन्धी | ५,००० | ६,००० |
| प्रसुती उपचार खर्च (अपरेशन) | ७,००० | ९,००० |

- स्वास्थ्य उपचार सहयोगः

| विवरण | रू. ३०० योगदानमा | रू. ५०० योगदानमा |
|---|---|---|
| नेपालको अस्पताल वा नेपाल मेडिकल संघले सिफारिस गरेको कुनै विदेशको अस्पतालमा २ दिन भर्ना भई उपचार गर्नुपर्ने अवस्थामा ।<br>र शल्यक्रिया गर्नुपर्ने बिरामीको सन्दर्भमा अस्पताल भर्ना नभई उपचार गरेको भएमा विशेषज्ञ स्वास्थ्यकर्मीको राय अनुसार । | वार्षिक ३०,००० | वार्षिक ५०,००० |
| स्वास्थ्य उपचार सहयोग उपलब्ध गराउँदा पहिलो पटक निज सदस्यलाई यस कोषमा जम्मा गरेको रकमको ६० (साठी) गुणा र दोस्रो पटक ४० (चालीस) गुणा । | पहिलो पटक १८,०००<br>दोश्रो पटक १२,००० | पहिलो पटक ३०,०००<br>दोश्रो पटक २०,००० |
| यदि दोस्रो पटकमा पनि रू. ३०,०००।- (रू. तीस हजार) वा रू. ५०,०००।- (रू. पचास हजार) स्वास्थ्य उपचार सहयोग प्राप्त गर्न नसकेको अवस्थामा तेस्रो पटकमा रू. ३०,०००।- (रू. तीस हजार) वा रू. ५०,०००।- (रू. पचास हजार) को सीमाभित्र रही स्वास्थ्य उपचार सहयोग उपलब्ध गराइनेछ । | | |

- एम्बुलेन्स सेवाः

  एम्बुलेन्स सेवाको अधिकतम सुविधा रकम रू. ३००।- योगदान गर्नेलाई रू. १०००।- सम्म र रू. ५००।- योगदान गर्नेलाई रू. १५००।- सम्म उपलब्ध गराईनेछ ।

- शब वाहनः

  शब वाहनको सन्दर्भमा अधिकतम रू. २ हजारसम्मको बिल भुक्तानी सोधभर्ना गर्ने गरेकोमा अब उप्रान्त रू. ३ हजारसम्मको विलको सोधभर्ना उपलब्ध हुनेछ ।

**समिति/उपसमिति/सल्लाहकार परिषदः**

गत २३औं वार्षिक साधारण सभाबाट १३ सदस्यीय सञ्चालक समिति र ३ सदस्यीय लेखा सुपरीवेक्षण समितिको सर्वसम्मतिले निर्वाचन सम्पन्न भएको थियो । सञ्चालक समितिले सल्लाहकार परिषद र विभिन्न उपसमितिहरू गठन गरेको छ । समिति/उपसमिति/सल्लाहकार परिषदको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | समिति/उपसमिति/सल्लाहकार परिषद | सख्या (जना) |
|---|---|---|
| १. | सञ्चालक समिति | १३ |
| २. | लेखा सुपरीवेक्षण समिति | ३ |
| ३. | सल्लाहकार परिषद | ७ |
| ४. | ऋण उपसमिति | ३ |
| ५. | शिक्षा उपसमिति | ३ |
| ६. | ऋण अनुगमन, मूल्याङ्कन तथा असुली उपसमिति | ३ |
| ७. | महिला सशक्तिकरण उपसमिति | ३ |
| ८. | वित्तीय समावेशीकरण उपसमिति | ३ |
| ९. | युवा तथा स्टार्टअप उपसमिति | ३ |
| १०. | एम्बुलेन्स तथा शब वाहन व्यवस्थापन उपसमिति | ३ |

| क्र.सं. | समिति/उपसमिति/सल्लाहकार परिषद | सख्या (जना) |
|---|---|---|
| ११. | सामाजिक सुरक्षा तथा सदस्य राहत उपसमिति | ३ |
| १२. | सदस्य विस्तार तथा व्यवस्थापन उपसमिति | ३ |
| १३. | कार्यक्रम तथा समन्वय उपसमिति | ३ |
| १४. | एक्सेस ब्राण्डिङ कार्यक्रम उपसमिति | ३ |
| १५. | पदपूर्ति उपसमिति | ३ |
| १६. | दहचोक सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ३ |
| १७. | शुभतारा सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ३ |
| १८. | ओमन्स क्रियशन सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ३ |
| १९. | पाटन सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ३ |

**कर्मचारी उत्पादकत्व, दरबन्दी र सदस्य सेवाः**

२०८२ असार मसान्तमा यस संस्थामा जम्मा ५३ जना कर्मचारीहरू कार्यरत रहेका छन् । नियमित सेवा र समयगत सेवा गरी २ वटा सेवाको प्रकृतिका आधारमा कार्यरत कर्मचारीहरूको चालु आ.व. को उत्पादकत्व गणना गर्दा ४२२ जना सदस्य प्रति कर्मचारी र १,८१८ वटा खाता प्रति कर्मचारी रहेको छ । तपसिलमा उल्लेखित पद, तह र संख्या अनुसारको कर्मचारीहरूले सदस्यहरूलाई वर्षको ३६५ दिन सहकारी सेवा, ५ वटा सेवाकार्यालय सञ्चालन, बिहानी तथा सन्ध्याकालिन काउन्टर सेवा सञ्चालन र २४ घण्टा एम्बुलेन्स तथा शब वाहन सेवा उपलब्ध गराइएको छ ।

| क्र.सं. | पद | तह | संख्या |
|---|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | १० | १ |
| २. | व्यवस्थापक | ८ | १ |
| ३. | बरिष्ठ अधिकृत | ७ | १ |
| ४. | शाखा अधिकृत | ६ | ३ |
| ५. | स. शाखा अधिकृत | ५ | ९ |
| ६. | सहायक | ४ | २ |
| ७. | चालक ईञ्चार्ज | ४ | १ |
| ८. | कनिष्ठ सहायक | ३ | ११ |
| ९. | चालक | ३ | ३ |
| १०. | कार्यालय सहयोगी | २ | २ |
| ११. | सुरक्षा गार्ड | ३ | १ |
| १२. | सुरक्षा गार्ड | २ | २ |
| १३. | व्यवस्थापन प्रशिक्षार्थी | २ | ११ |
| १४. | कनिष्ठ सहयोगी | १ | ५ |
| **जम्मा** | | | **५३** |

**२३औं वार्षिक साधारण सभा सम्पन्नः**

सहकारी संस्थाको साधारण सभा कार्यव्यवस्था निर्देशिका, २०७६ को परिच्छेद ५, दफा ३७ को उपदफा ३ बमोजिमको संस्थाको २३औं वार्षिक साधारण सभा २०८१/०८/१२ गते देखि २०८१/०८/१५ सम्म ३ वटा ईकाई

सभाहरू र २०८१/०८/१८ मा एकाई सभाका प्रतिनिधिहरूको निर्णय प्रमाणित गर्ने सभा सहित सम्पन्न भएको थियो । साधारण सभाको लागि कायम शेयर सदस्य संख्या १९७५६ जना मध्ये सबै ईकाई सभाहरू गरी जम्मा १२६५७ (६४%) सदस्यहरूले साधारण सभामा भाग लिएका थिए । १४ वटा विभिन्न एजेण्डाहरूमा निर्णय गर्दै सोही साधारण सभाले १३ सदस्यीय नयाँ सञ्चालक समिति र ३ सदस्यीय लेखा सुपरीवेक्षण समितिको सर्वसम्मतिले निर्वाचन गरेको थियो ।

**२४औं स्थापना दिवस तथा नयाँ सेवाकेन्द्र सञ्चालनः**

संस्थाको २४औं स्थापना दिवसको अवसरमा २०८२ बैशाख ६ गते गोदावरी न.पा. वडा नं. १४ ठैबमा थप एक सदस्य सेवाकेन्द्र सञ्चालनमा ल्याएको छ । निवर्तमान अध्यक्ष एवं विश्व श्रम संगठन (ILO) को गभर्निङ कमिटीका सदस्य श्री योगेन्द्रकुमार कुँवरको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा गोदावरी न.पा. वडा नं ३ का वडाध्यक्ष सानुराजा घिमिरे र वडा नं १४ का वडाध्यक्ष निरोज बज्राचार्य लगायत स्थानीय संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

**तेश्रो रणनीतिक व्यवसायिक योजना कार्यशाला सम्पन्नः**

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को तेश्रो रणनीतिक योजना कार्यशाला जेठ २२ गते देखि २४ गतेसम्म आयोजना भएको थियो । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को प्राविधिक सहयोगमा संस्थाको सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहकार परिषद, विभिन्न उपसमिति र उच्च व्यवस्थापनका कर्मचारीहरू सम्मिलित समूहले संस्थाको आगामी ४ वर्षको रणनीतिक मार्गचित्र तय गरेको हो । धुलिखेलको होटल सारथीमा सम्पन्न भएको उक्त कार्यशालाले आगामी ४ वर्षमा थप १० हजार ४ सय ६६ जना सदस्यहरू सहित जम्मा ३२ हजार ८ सय ७० जना सदस्यहरूमा संस्थाको सेवा विस्तार गर्ने, कुल ५ अर्ब १७ करोडको सम्पत्ति मार्फत सदस्यहरूमा आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय सशक्तिकरणको कार्यहरू गर्ने, नयाँ ऐन, कानुन र नियामकीय कार्यढाँचामा संस्थालाई अनुकलन सहित सदस्यहरूको सुखी र समृद्ध जीवनको परिकल्पना गरेको छ ।

**आकु (ACCU) प्रमुख कार्यकारी अधिकृत सहितको अन्तर्राष्ट्रिय टोली चन्द्रागिरि साकोसमाः**

२०८१ चैत्र १ गते चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्थामा एशियाली ऋण महासंघको प्रमुख कार्यकारी अधिकृत एलिनिता भि सानरोके, प्रमुख प्राविधिक अधिकृत रञ्जित हिताराची र नेफ्स्कुनका प्रमुख कार्यकारी अधिकृत डा. शिवजी सापकोटा सहितको टोलीले स्थलगत भ्रमण गर्नुभएको थियो । भ्रमणको क्रममा सहकारी अभियानको प्रवर्द्धन, संस्थाहरूको सबलीकरण, दिगो सञ्जालीकरण र सदस्यहरूलाई आर्थिक रूपले सृद्धढ बनाउने विषयमा छलफल भएको थियो ।

**राष्ट्रिय सहकारी महासंघबाट चन्द्रागिरि साकोसको भ्रमणः**

राष्ट्रिय सहकारी महासंघको महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बा र सूचना अधिकृत रामसूदन तिमल्सिना सहितको टोली २०८१ आश्विन २१ गते चन्द्रागिरि साकोसको मुख्य कार्यालयमा उपस्थित भई सहकारीका समसामयिक विषयहरू माथि छलफल गर्नुभएको थियो । चन्द्रागिरि साकोसका निवर्तमान अध्यक्ष योगेन्द्रकुमार कुँवरले उहाँहरूको स्वागत गर्नुभएको थियो । चन्द्रागिरि साकोस र महासंघबिच वर्तमान समयमा आम जनमानस, नीति निर्माता, जनप्रतिनिधि तथा सरकारमा सहकारी अभियानको छवी अभिवृद्धिको लागि नीतिगत बहस तथा पैरवीको आवश्यकताका विषयमा छलफल भएको थियो ।

**नीति संवाद कार्यक्रममा चन्द्रागिरि साकोसको सहभागिताः**

राष्ट्रिय सहकारी महासंघद्वारा २०८१ कार्तिक ११ र १२ गते, हेरिटेज गार्डेन, सानेपा, ललितपुरमा आयोजित सहकारीका सवाल सम्बन्धी नीति सम्वाद कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष योगेन्द्रकुमार कुँवर र प्रमुख कार्यकारी अधिकृत कृष्ण कुमार श्रेष्ठले सहभागिता जनाउनु भयो । प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले कार्यक्रमका बिच सहकारीमा वित्तीय र व्यवस्थापकीय सवाल र सम्बोधन विषयक सत्रको प्यानलिस्टको भूमिका समेत निर्वाह गर्नुभएको थियो ।

**नवनिर्वाचित सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिलाई स्वागत तथा बधाई ज्ञापन कार्यक्रमः**

२०८१/०८/२९ मा २३औं वार्षिक साधारणसभाबाट निर्विरोध निर्वाचित भएको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका पदाधिकारी तथा सदस्यहरूलाई संस्थाको कर्मचारी व्यवस्थापनको तर्फबाट स्वागत तथा बधाई ज्ञापन गरिएको थियो । उक्त २३औं वार्षिक साधारणसभाले श्री शिव शंकर मानन्धरको नेतृत्वमा १३ सदस्यीय सञ्चालक समिति र श्री भानु प्रकाश ढकालको नेतृत्वमा ३ सदस्यीय लेखा सुपरीवेक्षण समिति निर्विरोध निर्वाचित गरेको हो । नवनिर्वाचित सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका पदाधिकारी तथा सदस्यहरूलाई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण कुमार श्रेष्ठले फुलको माला, फुलको बुके र अबिर लगाई स्वागत गर्नु भएको थियो ।

**नेतृत्व उत्प्रेरणा तालिम सम्पन्नः**

२३ औं वार्षिक साधारण सभाबाट नवनिर्वाचित सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरूको लागि २०८१ माघ १२ र १३ गते नेतृत्व उत्प्रेरणा तालिमको आयोजना गरिएको थियो । उक्त तालिम नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को प्राविधिक सहयोगमा नुवाकोट जिल्लाको बट्टारमा सम्पन्न भएको थियो ।

**सदस्यहरूलाई उद्यमशीलता विकास तालिमः**

घरेलू तथा साना उद्योग प्रवर्द्धन केन्द्रको आयोजना र चन्द्रागिरि साकोसको सह–आयोजनामा संस्थाका सदस्यहरूलाइ २०८१ फागुन २३ देखि २८ सम्म संस्थाको मुख्य कार्यालयको सेमिनार हलमा उद्यमशीलता विकास तालिम प्रदान गरिएको थियो ।

**रक्तदान कार्यक्रमः**

आ.व. २०८१/८२ मा यस संस्थाले ३ पटक रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । २०८१ फागुन १० गते चन्द्रागिरि साकोस ओमन्स क्रियशन सेवाकेन्द्रको आयोजना र शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको प्राविधिक सहयोगमा उक्त सेवाकेन्द्रको प्राङ्गणमा, २०८२ बैशाख ६ गते नयाँ सेवाकेन्द्र उद्घाटनको अवसर पारी स्टार हस्पिटल सानेपा ललितपुरको प्राविधिक सहयोगमा पाटन सेवाकेन्द्र ठैबको प्राङ्गणमा र २०८२ बैशाख २० गते मुख्य कार्यालय चन्द्रागिरि ७, थानकोट महादेवस्थानको आयोजनामा मुख्य कार्यालयको प्राङ्गणमा रक्तदान कार्यक्रमहरू आयोजना भएको थिए । उक्त रक्तदान कार्यक्रमहरूमा कुल २०० जना रक्तदाताहरूले रक्तदान गर्नुभएको थियो ।

**भगिनी संस्थाहरू बिच अन्तरक्रिया र सिकाई आदान प्रदानः**

सहकारी क्षेत्रमा असल अभ्यास गरिरहेका दुई संस्थाहरू चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं र पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लि., कास्की, पोखरा बिच २०८१ कार्तिक २३

गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । दुवै संस्थाका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहकारहरू, विभिन्न उपसमिति र प्रमुख कर्मचारीहरू सम्मिलित उक्त कार्यक्रममा संस्थाले एक अर्काको संस्थागत पहिचानको उच्च सम्मान गर्दै सरोकारवालाहरूको बिच एक अर्काको साख अभिवृद्धिमा सकारात्मक योगदान पुऱ्याउने, दुवै संस्थाहरूले नीति, विधि, प्रविधि तथा अभ्यासहरू आपसी सहमतिमा कार्यान्वयनमा ल्याई व्यावसायिक, सुशासनयुक्त, स्वअनुशासित, प्रविधिमैत्री र जोखिममुक्त बनाउने र सहकारी अभियानको साख वृद्धिमा योगदान पुऱ्याउने विषयमा छलफल केन्द्रित रहेको थियो ।

त्यसैगरी २०८२ जेठ २२ गतेको दिन संस्थाका समिति, उपसमिति, सल्लाहकार तथा उच्च व्यवस्थापनका कर्मचारीहरूबाट यस संस्थाको भगिनी सम्बन्ध भएको नेपालको नमुना संस्था बिन्धबासिनी बचत तथा ऋण सहकारी संस्थाको अवलोकन भ्रमण गरी असल अभ्यास र अनुभवहरू साटासाट भएको थियो ।

**बाढी पहिरो प्रभावित सदस्यसँग अन्तरक्रियाः**

२०८१ असोज ११ र १२ गतेको अबिरल वर्षाको कारण आएको बाढी तथा पहिरोबाट प्रभावित भएका सदस्यहरूसँग चन्द्रागिरि साकोसले कार्तिक २१ गते एक अन्तक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । प्रभावित सदस्यहरूलाई क्षतीको विवरण दर्ता गराउन सूचित गरिए अनुसार निर्धारित अवधिभित्र बाढी पहिरोबाट भएको क्षतीको विवरण टिपाउने अधिकांश सदस्यहरू सहभागी भई उक्त कार्यक्रम सञ्चालन भएको थियो । कार्यक्रममा संस्थाको आहतमा राहत सम्बन्धी निर्देशिका र प्रभावित सदस्यहरूको लागि गरिएको राहतको प्याकेजको बारेमा जानकारी गराउनुको साथै सदस्यहरूसँग क्षतीका विषयमा थप जानकारी लिईएको थियो । असोज १२ गते धादिङ झ्याप्ले खोलाको पहिरोमा परी संस्थाकी सदस्य अञ्जीरा थापा खत्रीका पति नरेन्द्र खत्रीको निधन भएकोले अन्तरक्रिया कार्यक्रममा राहत स्वरूप निज सदस्यलाई रू. २५ हजार उपलब्ध गराइएको थियो ।

**डिप्लोमा इन कोअपरेटिभ म्यानेजमेन्टको विद्यार्थीहरू चन्द्रागिरिको अध्ययन भ्रमणमाः**

काठमाडौं विश्वविद्यालयको प्राविधिक सहयोगमा राष्ट्रिय सहकारी महासंघद्वारा सञ्चालित डिप्लोमा इन कोअपरेटिभ म्यानेजमेन्ट कोर्षको तेश्रो ब्याचमा अध्यनरत विद्यार्थीहरूद्वारा २०८१ मंसिर १९ गते यस चन्द्रागिरि साकोसको अध्ययन भ्रमण गर्नुभएको थियो ।

**सदस्य अयोध्या भ्रमण कार्यक्रमः**

मिति २०८१/१०/१३ देखि २०८१/१२/०३ सम्म यस संस्थाले सदस्यहरूलाई भारतको प्रसिद्ध धार्मिक स्थल अयोध्याको भ्रमण गराएको थियो । उक्त अवधिमा ७ पटक गरी जम्मा २८२ जना सदस्यहरूले भ्रमणमा सहभागिता जनाउनु भएको थियो । सहभागी सदस्यहरूलाई भ्रमण शुल्कमा उहाँहरूले आ.व. २०८०/८१ मा गर्नुभएको कारोवारको आधारमा छुट प्रदान गरिएको थियो ।

**अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिताः**

राष्ट्रिय सहकारी महासंघको समन्वय, CICTAB (Centre for International Cooperation and Training in Agricultural Banking) को आयोजना र National Cooperative Union of India (NCUI), New Delhi र Mahesh Cooperative Bank को सहयोगमा २०८२ माघ २२ देखि २५ सम्म भारतको हैदराबादमा आयोजना भएको तालिममा यस संस्थाको सञ्चालक सदस्य रूपा थापामगरले सहभागिता जनाउनु भएको थियो ।

**चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति सम्बन्धमा:**

सामुदायिक विद्यालय तथा क्याम्पसमा अध्ययनरत आर्थिक रूपले विपन्न र जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने उद्देश्य पुरा गर्न मद्दत पुऱ्याउने उद्देश्यले चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्थाको पहलमा विभिन्न व्यक्ति र संघ संस्थाहरूको योगदानबाट निर्मित छात्रवृत्ति कोषबाट आ.व. २०८१/८२ मा ५४ जना छात्रछात्राहरूलाई चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति प्रदान गरिएको थियो । उक्त कोषमा देश विदेशमा रहनु भएका दाताहरूको सहयोगबाट रू. ६३,१५,१००।- रकम जम्मा भएको छ ।

| क्र. सं. | छात्रवृत्ति कोषका दाताहरू | रकम (रू.) |
|---|---|---|
| १. | सुरेन्द्र खड्का | १०,००,०००.०० |
| २. | पूर्णकुमारी श्रेष्ठ | ६,००,०००.०० |
| ३. | हाम्रो गुठी यु.के. | ५,००,१००.०० |
| ४. | विश्वनारायण श्रेष्ठ | ५,००,०००.०० |
| ५. | धीरज कार्की | ५,००,०००.०० |
| ६. | सुधीर पाठक, सारदा थपलिया पाठक | ३,००,०००.०० |
| ७. | हरिहर सिग्देल, मिनु सिग्देल | ३,००,०००.०० |
| ८. | रत्नकुमारी दवाडी | २,००,०००.०० |
| ९. | अनिता मानन्धर | २,००,०००.०० |
| १०. | मथुरा मानन्धर | २,००,०००.०० |
| ११. | योगेन्द्रकुमार कुँवर | २,००,०००.०० |
| १२. | धुर्वकुमार कुँवर | २,००,०००.०० |
| १३. | विनोद थापा | १,१०,०००.०० |
| १४. | गोपी थापा | १,०५,०००.०० |

| क्र. सं. | छात्रवृत्ति कोषका दाताहरू | रकम (रू.) |
|---|---|---|
| १५. | रामेश्वर सिग्देल | १,००,०००.०० |
| १६. | रामशरण पाठक, उमा पाठक | १,००,०००.०० |
| १७. | समिता के.सी. सिलवाल | १,००,०००.०० |
| १८. | अच्युतकुमार कार्की | १,००,०००.०० |
| १९. | माधवप्रसाद ढकाल, ज्योती ढकाल | १,००,०००.०० |
| २० | भानु प्रकाश ढकाल | १,००,०००.०० |
| २१ | पवन पौडेल, प्रकाश पौडेल | १,००,०००.०० |
| २२ | कर्मचारी परिवार चन्द्रागिरि साकोस | १,००,०००.०० |
| २३ | गोविन्द बस्नेत | १,००,०००.०० |
| २४ | गोविन्दप्रसाद मिश्र, कुञ्जना मिश्र | १,००,०००.०० |
| २५ | नानीकाजी विष्ट | २,००,०००.०० |
| २६ | बाबुराम पाठक | १,००,०००.०० |
| २७ | मीना कुमारी खराल | १,००,०००.०० |
| | **जम्मा** | **६३,१५,१००.००** |

**अनुसन्धान प्रस्ताव स्वीकृत भएको सम्बन्धमा:**

SANASA Federation को आयोजनामा कोलम्बो श्रीलंकामा आयोजना भएको १९ औं एशिया प्रशान्त अनुसन्धान सम्मेलन २०२५ को लागि "Cooperatives Build a Better World." भन्ने विषय अन्तर्गत सोध विषय छनौट गरी सारसंक्षेप (Abstract) प्रस्तुत गर्न सूचित गरिएको हुनाले संस्थाको प्रमुख कार्यकारी अधिकृतको सहजीकरणमा युवा तथा स्टार्टअप उपसमितिबाट आवश्यक तयारी गरी "The role of governance in the sustainability of credit unions in Nepal" भन्ने विषयमा सोधको सारसंक्षेप (Abstract) पेश गरिएको र अन्तर्राष्ट्रिय सहकारी महासंघ एशिया प्रशान्त क्षेत्र (ICA-AP) को सहकारी अनुसन्धान समिति (CCR) द्वारा यस संस्थाद्वारा पेश गरिएको प्रस्तावित सारसंक्षेप (Abstract) पत्र स्वीकृत भएको थियो । सोही अनुरूप नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को सहयोगमा सो संघमा आवद्ध सातै प्रदेशका १०० वटा बचत तथा ऋण सहकारी संस्थाहरू बिच सर्वेक्षण गरी सोध पत्र तयार पारिएको थियो ।

**चन्द्रागिरि उद्यमी मेला:**

चन्द्रागिरि साकोसको ओमन्स क्रिशयन सेवाकेन्द्रको आयोजनामा हरेक महिनाको अन्तिम शनिवारको दिन सदस्यहरूको उत्पादनको प्रदर्शनी र बिक्री वितरणको लागि उद्यमी मेला आयोजना गर्दै आइरहेको छ । यसको

अलावा २०८१ असोज १९ गते अलिक ठूलो परिमाणमा "दशैं तिहार उद्यमी मेला २०८१" समेत आयोजना गरेको थियो । उक्त ओमन्स क्रियशन सेवाकेन्द्रको प्राङ्गणमा आयोजना गरिएको थियो । ३० वटा भन्दा बढी व्यापारिक स्टलहरू राखिएको उक्त मेलामा कृषि उत्पादन, तरकारी, फलफूल, ह्याण्डीक्राफ्ट, हातेझोला, स्यानिटरी वस्तुहरू, कपडाहरू लगायत सेलरोटी, तरकारी अचार तथा अन्य खानेकुराहरूको स्टल समेत रहेको थियो । स्थानीय महिला उद्यमीहरूले राखेको स्टलहरूबाट ५ सय जना भन्दा बढी व्यक्तिहरूको सहभागिता रहेको थियो भने करिब रू. ५ लाख रूपैयाँ बराबरको व्यापार समेत भएको थियो ।

**आदरणीय सदस्य महानुभावहरू,**

मैले आफ्नो प्रतिवेदनमा आ.व. २०८१/८२ को वित्तीय विवरण र अन्य प्रगतिहरूको विवरण यस गरिमामय साधारण सभामा राख्ने अवसर प्राप्त गरे । यद्यपि समीक्षा वर्षमा संस्थाले विभिन्न अवसर र चुनौतीहरूको सदुपयोग र सामना गर्दै संस्थालाई मजबुत र भरपर्दो बनाउने क्रमलाई थप योगदान पुऱ्याएको मैले महसुस गरेको छु । तथापि आगामी दिनहरूमा विकसित हुने नयाँ आर्थिक, सामाजिक, राजनैतिक र पर्यावरणीय वातावरणले संस्थाको कारोवार र सदस्यता वृद्धिमा प्रत्यक्ष प्रभाव पार्नेछ । तथापि हामी चुनौतीहरूलाई अवसरमा बदल्न र कमजोरीहरूलाई सबलतामा रूपान्तरण गर्न अहोरात्र मेहनत गर्ने प्रतिवद्धता जाहेर गर्न चाहन्छौं । संस्थाको कारोवार र सदस्यहरूलाई मुख्य निम्न कुराहरूले प्रभाव पार्ने देखिन्छ ।

**संस्थाको कारोवार र सदस्यतालाई असर गर्ने मुख्य कुराहरूः**

- राष्ट्रिय सहकारी नियमन प्राधिकरणले समय समयमा जारी गरेको निर्देशन, मापदण्ड र भविष्यमा लिने नीति,
- हालै भएको जेन जी युवापुस्ताले गरेको प्रर्दशनबाट भएको बदलाव र भविष्यमा यसले पार्ने आर्थिक, सामाजिक र राजनीतिक प्रभाव,
- मुलुकको आर्थिक, मौद्रिक तथा वित्तीय नीतिमा हुने परिवर्तनबाट वित्तीय क्षेत्रलाई पर्ने असर,
- रोजगारी सिर्जना, उद्यमशीलता विकास, आन्तरिक उत्पादनमा वृद्धि, आयात व्यवस्थापन, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनका लागि नेपाल सरकारले लिएका नीतिबाट पर्ने प्रभाव,
- समग्र बैंक तथा वित्तीय संस्था र सहकारी क्षेत्रको बढ्दै गएको निष्क्रिय कर्जा अनुपात र निष्क्रिय कर्जा व्यवस्थापनमा देखिएको चुनौती,
- वैकल्पिक लगानीका क्षेत्रहरूको अभावमा वित्तीय क्षेत्रको कर्जा विस्तारको गतिमा आएको कमी,
- बैंक वित्तीय संस्था र सहकारी क्षेत्रमा बढ्दै गएको तरलताको अवस्था तथा कर्जाको मागमा आएको कमी,
- स्प्रेड ब्याजदरका कारण ब्याज आम्दानीमा पर्ने असर,
- वित्तीय बजारमा देखिएको तीव्र प्रतिस्पर्धाको कारण सदस्य केन्द्रित सेवालाई चुस्त दुरूस्त राख्नुपर्ने चुनौती,
- सूचना प्रविधि तथा डिजिटल कारोवार सम्वद्ध जोखिमहरू,
- वित्तीय अपराधको प्रभावकारी नियन्त्रणका लागि जोखिममा आधारित मूल्याङ्कन प्रणालीमा अवलम्बन गरिने अभ्यासहरूको परिपालना,
- सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियम, कानुन र असल अभ्यासहरूको परिपालना,
- नेपाल FATF को ग्रे लिस्टमा परेको हुँदा अन्तर्राष्ट्रिय व्यापार तथा रेमिट्यान्स कारोवारमा पर्न सक्ने असर,

- जलवायु परिवर्तनजन्य घटनामा हुने वृद्धिले सिर्जना गर्ने चुनौती ।

अब म यस सभामा निर्णयार्थ प्रस्तावित निम्न कार्यसूचीहरू पेश गर्ने अनुमति चाहन्छु ।

**निर्णयार्थ प्रस्तावित कार्यसूचीहरूः**

१. आ.व. २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०८१/८२ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. रणनीतिक व्यवसायिक योजना र आ.व. २०८२/८३ को प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।
५. आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति, पारिश्रमिक लगायतका अन्य सुविधाहरू सम्बन्धमा ।
६. सहकारी एकीकरण सम्बन्धमा ।
७. आन्तरिक नीति तथा कार्यविधिहरू संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
८. विनियम संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
९. कानुनी प्रक्रियामा रहेका संस्थाको लेना रकमहरू असुल उपर सम्बन्धमा ।
१०. निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
११. सदस्यहरूबाट प्राप्त सुझाव सम्बन्धमा ।

यस सभामा निर्णयार्थ प्रस्तुत उपरोक्त विषयहरू र यस प्रतिवेदनको लगत्तै प्रस्तुत हुने संस्थाको ४ वर्षे रणनीतिक व्यवसायिक योजना र आगामी वर्षको कार्यक्रम तथा बजेट उपर गहन छलफल तथा विचार बिमर्श गरी आवश्यक सल्लाह र मार्गदर्शनका साथ सर्वसम्मतिले पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दछ ।

**धन्यवाद ज्ञापनः**

अन्त्यमा, यस संस्थालाई मायाँ र विश्वास गर्नुहुने, यस संस्थाका हरेक आरोह अवरोहमा साथ र सहयोग गर्नुहुने आदरणीय सदस्य महानुभावहरू, संस्थाको बृहत्तर हित तथा प्रगतिको लागि मार्गनिर्देशन दिने सहकारी विभाग, राष्ट्रिय सहकारी नियमिन प्राधिकरणको साथै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून), राष्ट्रिय सहकारी बैंक तथा प्रदेश तथा जिल्ला तहका विभिन्न छाता संघहरू, संस्थाको विकासमा अनवरत मेहनत गर्ने संस्थाका सम्पूर्ण कर्मचारीहरू, समिति उपसमितिका साथीहरू, सञ्चार माध्यम र प्रत्यक्ष वा परोक्ष रूपमा संस्थासँग जोडिनु भएका सम्पूर्ण संघ संस्था तथा सरोकारवालाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । आगामी दिनमा समेत यहाँहरूबाट अमूल्य सुझाव, सहयोग र साथ पाउने अपेक्षा सहित संस्थालाई आगामी दिनमा थप मजबुत बनाउँदै नियमनकारी निकायका निर्देशनको परिपालना तथा सम्पूर्ण सदस्यहरूको हित संरक्षणका लागि थप क्रियाशील भई अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

धन्यवाद । जय सहकारी जय चन्द्रागिरि ।

..................................................

शिव शंकर मानन्धर
अध्यक्ष

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.
# को प्रस्तावित
# ४ वर्षे रणनीतिक व्यवसायिक योजना (संक्षिप्तमा) र
# आ.व. २०८२/८३ को वार्षिक कार्यक्रम

## खण्ड क – रणनीतिक व्यवसायिक योजना (संक्षिप्तमा)

(आ.व. २०८२/८३ देखि २०८५/८६)

२४औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, लेखा सुपरीवेक्षण समितिका संयोजकज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरीवेक्षण समितिका सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, विभिन्न उपसमितिका सदस्यज्यूहरू, व्यवस्थापनका साथीहरू र यस गरिमामय साधारण सभाका सदस्यज्यूहरू, म यस संस्थाको सञ्चालक समितिको आज्ञाले यस सभामा आ.व. २०८२/८३ देखि २०८५/८६ सम्मको प्रस्तावित रणनीतिक व्यवसायिक योजना (संक्षिप्तमा) र आ.व. २०८२/८३ को प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. संस्थाको संक्षिप्त परिचय (Brief Introduction of Organization):**

**१.१. पृष्ठभूमि :**

काठमाडौं उपत्यकाको पश्चिम भेगमा रहेको ऐतिहासिक चन्द्रागिरि पहाडको उत्तरी काखमा अवस्थित चन्द्रागिरि न.पा. वडा नं ७ थानकोट महादेवस्थान, काठमाडौंमा मुख्य कार्यालय रहेको यस चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को वि.सं. २०५७ साल पौष २२ गते तत्कालिन महादेवस्थान गा.वि.सं. आसपासका स्थानीय किसान, विभिन्न पेशामा आवद्ध २५ जना व्यक्ति तथा सामाजिक अभियन्ताहरू मिलेर स्थापना गरिएको बचत तथा ऋण सहकारी संस्था हो । स्थापना हुँदा चन्द्रागिरि ग्रामीण विकास सहकारी संस्था लि.को नाममा स्थापना भएको यस संस्था वि.सं. २०५८ साल बैशाख ६ गते विधिवत रूपमा डिभिजन सहकारी कार्यालय काठमाडौंमा दर्ता भएपछि मिति २०५८ बैशाख १३ गतेदेखि समुदायमा आधारित रहेर सेवा प्रारम्भ गरेको थियो । हाल यस संस्थाको मुख्य कार्यालय चन्द्रागिरि न.पा. वडा नं ७ थानकोट महादेवस्थानमा अवस्थित रहेको छ भने मुख्य कार्यालयका साथै काठमाडौं जिल्लामा चन्द्रागिरि न.पा. १२, सृजनाचोकमा दहचोक सेवाकेन्द्र, बुढानिलकण्ठ न.पा. वडा नं ६ मा ओमन्स क्रियशन सेवाकेन्द्र, ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १४ खुमलटारमा शुभतारा सेवाकेन्द्र, ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं १४ ठैबमा पाटन सेवाकेन्द्र गरी ४ वटा सेवाकेन्द्र समेत जम्मा ५ स्थानबाट सदस्य सेवाहरू सञ्चालनमा रहेका छन् ।

**१.२. कार्यक्षेत्र :**

यस संस्थाको कार्यक्षेत्र काठमाडौं तथा ललितपुर जिल्ला भर र धादिङ जिल्लाको धुनीबेसी नगरपालिका र थाक्रे गाउँपालिका भित्र सीमित रहेको छ ।

**२. रणनीतिक अभिप्राय (Strategic Intend) :**

**२.१. परिकल्पनाः** "दिगो साकोस, सुखी र समृद्ध सदस्य" । "Sustainable SACCOS, Happy and Prosperous Member."

यस परिकल्पनाले देहायका विषयहरू उजागर गर्नेछ ।

**(क) दिगो साकोसः**

- दीर्घकालिन वित्तीय स्थिरताः सबल पुँजी संरचना, नियन्त्रित जोखिम र स्वस्थकर ऋण पोर्टफोलियो ।
- प्रभावकारी सुशासन र सहकारी सिद्धान्त, मूल्य र नियामकीय अनुपालना ।
- भविष्यको पुस्ताको लागि आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय रूपमा जिम्मेवारीपूर्वक सञ्चालन ।
- उत्कृष्ट सेवा र कार्यगत सक्षमताको लागि नवप्रवर्तन र डिजिटल रूपान्तरण ।
- पारस्पारिकता, लोकतान्त्रिक नियन्त्रण स्वउत्तरदायित्व र सहकार्य मार्फत सहकारीताको प्रवर्द्धन ।

**(ख) सुखी र समृद्ध सदस्यः**

- प्रत्येक सेवाकेन्द्रहरूबाट सरल, सिघ्र, भरपर्दो र पहुँच योग्य सदस्य केन्द्रित सेवा ।
- समयमै सहायता, सम्मानजनक व्यवहार, गुनासो र सुझावहरूको उचित सम्बोधन सहित गुणस्तरीय सदस्य अनुभव ।
- आफ्नो बचत र शेयर सुरक्षित छ भन्ने अनुभूतिको साथ वित्तीय सुरक्षा र आत्मविश्वासको अभिवृद्धि ।
- एटिएम, मोबाईल बैंकिङ्ग लगायतका सहज र सुरक्षित डिजिटल सेवा मार्फत दैनिक कारोवारहरूमा सरलता ।
- सहकारी परिवार भित्र महत्व, आदर, सम्मान, मूल्य र समावेशीपूर्ण भएको अनुभूति सहित भावनात्मक सन्तुष्टी ।
- उद्यमशिलता, आयमुलक क्रियाकलाप, व्यक्तिगत तथा पारिवारिक आवश्यकताको लागि सहज ऋण पहुँच ।
- वित्तीय व्यवस्थापन, विवेकपूर्ण लगानी र जोखिम न्युनिकरणमा सक्षम बनाउने वित्तीय साक्षरता र सदस्य शिक्षा कार्यक्रम ।
- उद्यम विकासको लागि प्रोत्साहन गर्ने लघुवित्त तथा व्यवसाय विकास कार्यक्रमहरू ।
- बचत परिचालन, उत्पादनशील ऋण लगानी र सहकारी सहायता मार्फत गृहस्थ आयमा वृद्धि ।
- युवा, महिला तथा पछाडी परेका समूहलाई सशक्त बनाउँदै समावेशी आर्थिक विकासको सुनिश्चितता ।
- सहकार्य, पारस्पारिक सहायता र ऐक्यवद्धता मार्फत सदस्यहरू एक अर्कालाई उन्नयन गर्दै सामुहिक समृद्धि हासिल ।

२.२. **ध्येयः** साकोसको अन्तर्राष्ट्रिय सिद्धान्त, मूल्य र समसामयिक कानुनी व्यवस्थालाई आत्मसात गर्दै नवीन विधि र अत्याधुनिक प्रविधिको समुचित प्रयोग गरी उत्कृष्ट वित्तीय सेवा एवं सामाजिक सुरक्षा सहित अन्य सेवाहरू मार्फत सदस्यहरूको जीवनस्तर अभिवृद्धि गर्ने ।

Improved living standard of members through financial and allied services with social security programs adopting innovative policies, advance technologies and complying with national legal provisions based on international credit union principles.

**२.३. अन्तरनिहित मूल्य (Core Values) :**

यस संस्थाको अन्तरनिहित मूल्य संक्षिप्त रूपमा MATURED भनेर उल्लेख गरिनेछ । जसको अर्थ देहाय अनुसार रहेको छ ।

**M – Member First**

We prioritize members' needs, interests, and wellbeing in every decision and service.

हामी प्रत्येक निर्णय र सेवामा सदस्यहरूको आवश्यकता, हित र कल्याणलाई प्राथमिकता दिन्छौं ।

**A – Accountable**

We take responsibility for our actions, commitments, and performance with integrity.

हामी आफ्ना कार्य, प्रतिवद्धता र कार्यसम्पादनको जिम्मेवारी इमानदारीपूर्वक लिन्छौं ।

**T – Transparent**

We ensure openness in governance, communication, and financial dealings.

हामी सुशासन, सञ्चार र वित्तीय कार्यसम्पादनमा खुलापन सुनिश्चित गर्छौं ।

**U – United**

We work together in cooperation and solidarity to achieve common goals.

हामी साझा लक्ष्यहरू हासिल गर्न सहकार्य र ऐक्यवद्धताका साथ अगाडी बढ्छौं ।

**R – Reliable**

We provide consistent, trustworthy, and timely services that members can depend on.

हामी निरन्तर, विश्वासिलो र समयमै प्रदान हुने सेवाहरू उपलब्ध गराउँछौं जसमा सदस्य भर पर्न सक्छन् ।

**E – Excellent**

We strive for continuous improvement and deliver high-quality services.

हामी निरन्तर सुधारका लागि प्रयासरत रहन्छौं र उच्च गुणस्तरका सेवाहरू प्रदान गर्छौं ।

**D – Disciplined**

We follow policies, rules, and ethical standards to maintain strong organizational order.

हामी संस्थागत अनुशासन मजबुत राख्न नीतिहरू, नियमहरू र नैतिक मापदण्डहरूको पालन गर्छौं ।

**३. प्रमुख रणनीतिक क्षेत्रहरू (Core Strategic Areas) :**

**३.१. क्षेत्र १: संस्थागत सुदृढीकरण र वित्तीय दिगोपना:**

- सदस्य संख्या र बचत वृद्धि
- गुणस्तरीय ऋण प्रवाह र जोखिम व्यवस्थापन
- पुँजी वृद्धि र श्रोतसाधन परिचालन
- नकमाउने सम्पत्ति नियन्त्रण र वित्तीय अनुशासन

**३.२. क्षेत्र २: गुणस्तरीय सेवा र सदस्य सन्तुष्टी**

- सेवा विविधिकरण र डिजिटल सेवाको विस्तार
- सदस्य शिक्षा, वित्तीय साक्षरता र युवा सहभागिता
- सेवा प्रवाह प्रक्रियामा सुधार तथा त्रुटी न्युनिकरण

**३.३. क्षेत्र ३: कार्यक्रम र वस्तु तथा सेवा**

- क्षमतामा आधारित ऋण प्रवर्द्धन
- लघुवित्त र साना व्यवसाय ऋण प्रवाहमा जोड
- सदस्य हित तथा राहतका कार्यक्रमहरूको विस्तार
- वस्तु तथा सेवाको विविधिकरण र नवप्रवर्तन
- बजार प्रवर्द्धन र पहिचान विस्तार
- डिजिटल वस्तु तथा सेवाहरूको विस्तार

**३.४. क्षेत्र ४: प्रविधि र डिजिटल रूपान्तरण**

- व्यवस्थापन सूचना प्रणाली सुदृढिकरण
- एटिएम, मोबाईल बैंकिङ्ग लगायतका डिजिटल सेवाहरूलाई समय सापेक्ष स्तरीकरण गर्ने

- संस्थाको प्राविधिक पूर्वाधारहरूमा सुधार

**३.५. क्षेत्र ५: सुशासन, अनुपालन र जोखिम अनुगमन**

- विनियम तथा आन्तरिक नीति कार्यविधिहरूको स्तरीकरण
- आन्तरिक लेखापरीक्षणको सुदृढीकरण
- जोखिम अनुगमन तथा सुशासन प्रवर्द्धन
- कानुनी अनुपालना तथा AML/CFT अनुरूप सामञ्जस्यता

**३.६. क्षेत्र ६: समुदाय, सहकार्य र सञ्जाल व्यवस्थापन**

- केन्द्रीय, प्रदेश, जिल्ला स्तरीय संघ, राष्ट्रिय सहकारी बैंक तथा अन्य संघ संस्थासँग सहकार्य
- समुदायमुखी कार्यक्रमहरूको प्रवर्द्धन
- सरोकारवालाहरूसँगको सम्बन्ध प्रवर्द्धन

**३.७. क्षेत्र ७: मानव संसाधन तथा नेतृत्व विकास**

- मानव संसाधन क्षमताको विकास
- नेतृत्व र व्यवस्थापनलाई तालिम तथा विकासका कार्यक्रमहरू
- कार्यसम्पादन व्यवस्थापन तथा उत्तरदायित्व प्रणाली

**४. प्रमुख रणनीतिक उद्देश्य (Core Strategic Objectives) :**

**४.१ वित्तीय सुरक्षा र पहुँच**

- नियमित सदस्य तथा सम्पत्ति वृद्धि
- बचत वृद्धि तथा सेवा विविधीकरण
- स्तरीय ऋण तथा जोखिम व्यवस्थापन
- आन्तरिक तथा बाह्य श्रोत परिचालन
- सदस्यको नियमित सहभागीता वृद्धि
- संस्थागत पुँजी वृद्धि तथा कोष परिचालन
- नकमाउने सम्पत्ति व्यवस्थापन र सुरक्षा

**४.२ गुणस्तरीय सेवा तथा सन्तुष्टि**

- सेवा विविधीकरण तथा प्रवर्द्धन कार्यक्रम
- क्षमतामा आधारित ऋण परिचालन प्रवर्द्धन
- सेवामा पहुँच तथा सेवाक्षेत्र विस्तार
- सदस्य हेरचाह तथा बजारीकरण प्रवर्द्धन
- सदस्य लाभ तथा सहभागीता वृद्धि
- प्राविधिक प्रणालीहरूको विकास तथा आन्तरिकीकरण
- भौतिक पूर्वाधार विकास तथा स्तरीकरण

**४.३ कुशल तथा स्तरीय सञ्चालन**

- अद्यावधिक नीति तथा कार्यविधिको विकास
- स्तरीय कार्यवातावरण तथा त्रुटी व्यवस्थापन
- व्यवस्थापन सूचना तथा आन्तरिक सञ्चार प्रणाली
- योजनावद्ध व्यवस्थापन विकास प्रणाली
- सहकारी एकीकरण, स्तरीकरण र प्रतिकिकरण
- सहकार्य, समुदाय तथा सञ्जालमा संलग्नता
- उत्कृष्ट कानुन अनुपालना अभ्यास स्थापना

**४.४ निरन्तर सिकाई र स्वनियमन**

- निरन्तर सिकाई तथा निर्णय सक्षमता
- समावेशी तथा नमुना योग्य समिति
- जोखिम सुपरीवेक्षण तथा सुशासन प्रवर्द्धन
- मानव संसाधनको सामुहिक सक्षमता विकास
- आन्तरिक लेखापरीक्षण प्रभावकारीता वृद्धि
- सदस्य शिक्षा तथा सिकाई अभिवृद्धि कार्यक्रम
- सामाजिक परीक्षण तथा स्थिरीकरण कोष

**५. प्रमुख रणनीतिहरू (Core Strategies)**

**५.१. असल अभ्यास र सुशासनद्वारा विश्वास जित्ने अभियान**

- स्वार्थको द्वन्द्वमा शुन्य सहनशिलता
- सक्षम अनुपालन संस्कृतिको निर्माण
- योग्य र उपयुक्त नेतृत्व
- सूचनादाताको संरक्षण

### ५.२. सदस्यको पहिलो रोजाईको साकोस बन्ने

- नेतृत्व र व्यवस्थापनलाई सदस्यमुखी बनाउने
- प्रत्येक प्रक्रिया, निर्णय र नीतिको सुरूवात एकै प्रश्नबाट हुनेछ, "के यसले सदस्यलाई अझ सुखी, सुरक्षित र समृद्ध बनाउँछ ?"
- समुदायलाई बजार र सदस्यहरू संस्थाको ब्राण्डदुतको रूपमा परिचालन हुने

### ५.३. साहसिक वृद्धिसँगै सुनिश्चित सुरक्षा (Grow Boldly but Grow Safely)

- वर्तमान सहकारी क्षेत्रका संकटजालमा नफसीकन वृद्धि गर्ने । जसको लागि जोखिम सुरक्षित वृद्धिमा जोड दिने
- बचत, शेयर, ऋण र सदस्यता वृद्धि हुनेछ सँगसँगै अनुशासित ऋण अभ्यास, पूर्वचेतावनी प्रणाली, खराव ऋणीहरूलाई कारवाही र ऋणचक्रको नियमित अनुगमन कडाईको साथ लागु गरिने
- अन्धाधुन्ध विस्तार र वृद्धिमा संयमता अपनाइने

### ५.४. लागतलाई आम्दानीमा रूपान्तरण गर्ने

- खर्च नबढाई आम्दानी बढाउने, गुणस्तर नघटाई खर्च घटाउने
- डिजिटल प्रोसेसिङ अपनाउने
- कार्यस्थलहरू साझा गर्ने
- श्रोत साधनमा मितव्ययिता अपनाउने
- कर्मचारीहरूको उत्पादकत्वलाई पुनर्डिजाईन गर्ने
- हरेक सेवाकार्यालयहरूले लाभांश दिन सक्ने गरी आय गर्ने

### ५.५. डिजिटल फर्स्ट साकोस बनाउने

- सि.बि.एस. अटोमेशन
- ट्याब बैंकिङ्
- अनलाईं सदस्यता, बचत खाता र ऋण लगानी
- डिजिटल सदस्य पहिचान
- डाटा सेक्युरिटी र डिजिटल हाईजिन

### ५.६. पुँजी सुदृढीकरण र तरलता व्यवस्थापन

- पुँजीकोष सुदृढ गर्ने
- पर्ल्स अनुशासन पालना गर्ने
- जोखिम भारित सम्पत्तिको पालना गर्ने
- स्ट्रेस टेस्टिङ गर्ने

### ५.७. लघुवित्त तथा साना उद्यमी प्रवर्द्धन कार्यक्रमको विस्तार

- क्षमतामा आधारित लगानी
- सदस्य तथा वित्तीय शिक्षा
- व्यवसाय विकास परामर्श
- महिला उद्यमशीलता प्रवर्द्धन
- व्यवसायिक कृषि प्राथमिकीकरण

### ५.८. स्मार्ट वृद्धिः

- अनलाईन सदस्यता
- सिफारिसमा आधारित सदस्यता वृद्धि
- विद्यालय, कलेज, सामुदायिक संघ संस्था तथा सरकारी गैरसकारी संस्थाहरूसँग सहकार्य
- नयाँ सेवाकेन्द्र विना नै वृद्धि गर्ने

### ५.९. सामाजिक रूपमा सम्मानित संस्था बनाउनेः

- सामाजिक मूल्यलाई बजार मूल्यको रूपमा अंगिकार गर्ने
- समुदाय र सदस्यको आवश्यकता सम्बोधन गर्ने
- सदस्य हित र संरक्षणको कार्यक्रम सञ्चालन गर्ने
- समावेशीतालाई अंगिकार गर्ने

### ५.१०. उत्कृष्ट कार्यसम्पादन गर्ने कार्यबल निर्माणः

- तालिम तथा विकासका कार्यक्रम
- व्यवसायिकता अभिवृद्धि
- भूमिका परिवर्तन
- कार्यसम्पादनस्तर वृद्धि गर्ने
- कर्मचारीहरूलाई च्याम्पियन बनाउने

**५.११. कार्यसञ्चालन झमेलाको न्युनिकरण गर्ने:**

- रिसेप्सनमा सुधार गर्ने
- सञ्चार तौरतरिकामा सुधार गर्ने
- सदस्यहको प्रतिक्षा समय घटाउने
- सञ्चारमा हुने भ्रम न्युनिकरण गर्ने

**५.१२. रणनीतिक ईन्टेलिजेन्स प्रणाली विकास गर्ने:**

- डेटा, विश्लेषण र प्रतिवेदन अनुशासन कायम गर्ने
- डिसिप्लिन ईन्टेलिजेन्स सेन्टर (DIC) स्थापना गर्ने
- Feeling हैन Fact मा आधारित निर्णय
- Intuition होईन Evidence मा आधारित रणनीति
- भवितव्य परेपछि हैन, पर्नु अघि नै सूचक देख्ने प्रणाली

**५.१३. प्रतिकुल परिस्थितिलाई अनुकुल बनाउने:**

- क्राईसिस प्रुफ साकोस (Crisis-Proof SACCOS) बनाउने
- विपद उद्धार योजना तर्जुमा
- वैकल्पिक योजना
- साईबर सुरक्षा
- नगद प्रवाह सुरक्षा

## ६. रणनीतिक उपलब्धी र सफलताका मापकहरू (Strategic Outcomes & Success Indicators)

**६.१ अपेक्षित प्रमुख उपलब्धीहरू:**

- विश्वसनीय, अनुपालनशील पारदर्शी साकोस
- सिघ्र, सरल सेवामा अवरोध रहित आधुनिक र डिजिटल साकोस
- वित्तीय रूपमा सबल र सुरक्षित संस्था
- सुखी र समृद्ध सदस्यहरूको आधार भएको संस्था
- जोखिम सुरक्षित ऋण पोर्टफोलियो
- प्रतिष्ठित र समुदायमा सुपरिचित सहकारी
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिचय कमाउन सफल संस्था

**६.२ सफलताका मापकहरू:**

- सदस्यता : ३२,८७०
- कुल बचतः रू. ४ अर्ब २८ करोड
- ऋण लगानीः रू. ३ अर्ब ८९ करोड
- शेयर पुँजीः रू. ३३ करोड ३२ लाख
- कुल सम्पत्तिः रू. ५ अर्ब १७ करोड
- डिजिटल कारोवारको अनुपातः ७० प्रतिशत
- भाखा नाघेको ऋणः ३ प्रतिशत भन्दा कम
- सदस्य सन्तुष्टीको स्तरः ९० प्रतिशत भन्दा माथि
- कार्यसञ्चालन लागत न्युनिकरणः २०% ले
- कर्मचारी कार्यसम्पादन स्तर वृद्धिः ३०% ले
- नेतृत्वः नमुना लायक र उदाहरणीय
- फाईल प्रोसेसिङ समयः ३०% ले घट्ने
- कर्मचारी सन्तुष्टीस्तरः ८५ % भन्दा बढि
- ४० तालिम घण्टा प्रतिकर्मचारी
- नेतृत्व उत्तराधिकारी प्रणाली स्थापना
- युवाहरूको पहुँच वृद्धिः ३०% ले
- साईबर जोखिम स्कोर ९० भन्दा माथि
- कम्तीमा थप ५ वटा नयाँ प्रोडक्ट र १०% नयाँ प्रोडक्टबाट आम्दानी थप
- वार्षिक रुपमा सदस्यहरूलाई वित्तीय तथा व्यवसाय सम्बन्धी शिक्षा
- व्यवसाय विकास केन्द्रको स्थापना

७. अनुमानित सदस्यता वृद्धि २०८२/८३ – २०८५/८६ (Projected Membership Growth 2082/83–2085/86)

| विवरण | २०८३/०३/३२ | २०८४/०३/३२ | २०८५/०३/३१ | २०८६/०३/३१ |
|---|---|---|---|---|
| शेयर सदस्य | २२७४० | २५०२० | २७५३० | ३०२९० |
| वाल बचतकर्ता | १९२० | २१२० | २३४० | २५८० |
| **जम्मा** | **२४६६०** | **२७१४०** | **२९८७०** | **३२८७०** |

८. अनुमानित कर्मचारी दरबन्दी २०८२/८३ – २०८५/८६ (Projected Employee Position Structure 2082/83–2085/86)

| पद | तह | संख्या २०८३/०३/३२ | संख्या २०८४/०३/३२ | संख्या २०८५/०३/३१ | संख्या २०८६/०३/३१ |
|---|---|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | १० | १ | १ | १ | १ |
| व्यवस्थापक | ८ | १ | १ | १ | १ |
| बरिष्ठ अधिकृत | ७ | १ | ३ | ३ | ३ |
| शाखा अधिकृत | ६ | ३ | ५ | ५ | ५ |
| स. शाखा अधिकृत | ५ | ९ | ७ | ७ | ७ |
| सहायक | ४ | ४ | ३ | ६ | ९ |
| चालक ईञ्चार्ज | ४ | १ | १ | १ | १ |
| कनिष्ठ सहायक | ३ | १३ | १४ | १९ | १६ |
| चालक | ३ | ३ | ३ | ३ | ३ |
| कार्यालय सहयोगी | २ | १ | १ | १ | १ |
| सुरक्षा गार्ड | ३ | १ | १ | १ | २ |
| सुरक्षा गार्ड | २ | २ | २ | २ | २ |
| व्यवस्थापन प्रशिक्षार्थी | २ | १५ | १५ | ९ | ११ |
| कनिष्ठ सहयोगी | १ | ५ | ५ | ५ | ५ |
| **जम्मा** | | **६०** | **६२** | **६४** | **६७** |

९. अनुमानित आय (नाफा नोक्सान विवरण) २०८२/८३ – २०८५/८६ (Projected Income Statment 2082/83–2085/86)

**आम्दानी**

| विवरण | २०८३/०३/३२ | २०८४/०३/३२ | २०८५/०३/३१ | २०८६/०३/३१ |
|---|---|---|---|---|
| ऋणबाट ब्याज आम्दानी | २६,७३,१०,६४७ | ३०,८१,११,६६० | ३५,९७,१९,३३६ | ४०,७४,५४,४०८ |
| व्यवसायिक आम्दानी | ४२,३५,३९३.८० | २४,४८,७२८.९५ | २५,९१,३४०.४२ | २९,२८,२१४.६७ |
| अन्य आम्दानी | ५,२५,४०,१३५.१६ | ५,५३,९५,४७७.२० | ५,८१,६५,२५१.०६ | ६,१०,७३,५१३.६१ |
| **जम्मा** | **३२,४०,८६,१७५.९६** | **३६,५९,५५,८६६.१५** | **४२,०४,७५,९२७.४८** | **४७,१४,५६,१३६.२९** |

**खर्च**

| विवरण | २०८३/०३/३२ | २०८४/०३/३२ | २०८५/०३/३१ | २०८६/०३/३१ |
|---|---|---|---|---|
| बचतमा ब्याज खर्च | १४,८६,०७,५४७.०० | १६,१४,२१,८९२.०० | १७,५८,७३,५०३.०० | १९,१२,३९,९३७.०० |
| कर्मचारी खर्च | ३,७४,५६,९६२.०० | ४,१०,९६,७७२.०० | ४,२८,४७,२४६.०० | ४,४४,८८,१५३.०० |
| समिति उपसमिति खर्च | १४,३९,९४९.०० | २०,४०,६१८.०० | २०,५४,५३७.०० | २०,६९,१५२.०० |
| अन्य प्रशासनिक खर्च | १,१७,८६,६७९.०० | १,२४,५६,८८९.५७ | १,३१,३७,०७७.७९ | १,३८,६५,६११.३७ |
| अन्य कार्यालय सञ्चालन खर्च | ८५,४८,२५२.५६ | १,१३,२६,४५९.६० | १,२३,१५,१९६.७६ | २,२९,३०,९५६.६० |
| अन्य खर्च | ३,१५,६४,८१८.९६ | ३,१६,८७,००९.९० | ४,३२,७१,३६०.४० | ४,५४,३४,९२८.४२ |
| ब्याज खर्च एनएफआरएस समायोजन | १७,०६,३१४.८२ | २१,३२,८९३.५२ | २२,३९,५३८.२० | २३,५१,५१५.११ |
| **जम्मा** | **२४,११,१०,५२३.३४** | **२६,२१,६२,५३४.५९** | **२९,१७,३८,४५९.१६** | **३२,२३,८०,२५३.५०** |
| ना/नो | ८,२९,७५,६५२.६२ | १०,३७,९३,३३१.५६ | १२,८७,३७,४६८.३२ | १४,९०,७५,८८२.७८ |

१०. अनुमानित वित्तीय स्थिति विवरण २०८२/८३-२०८५/८६ (**Projected Statement of Financial Position 2082/83–2085/86)**

**पुँजी तथा दायित्व**

| विवरण | २०८३/०३/३२ | २०८४/०३/३२ | २०८५/०३/३१ | २०८६/०३/३१ |
|---|---|---|---|---|
| शेयर पुँजी | २५,०३,०७,६००.०० | २७,५३,३८,४००.०० | ३०,२८,७२,३००.०० | ३३,३१,५९,६००.०० |
| जगेडा तथा अन्य कोष | १६,३७,६८,०००.०० | १९,७५,३५,८००.०० | २३,९०,२८,१००.०० | २९,०१,०४,२००.०० |
| जगेडा कोष | ११,५९,३८,९००.०० | १४,४९,२३,७००.०० | १८,११,५४,७००.०० | २२,६४,४३,४००.०० |
| अन्य कोष | ४,७८,२९,१००.०० | ५,२६,१२,१००.०० | ५,७८,७३,४००.०० | ६,३६,६०,८००.०० |
| बचत तथा निक्षेप | ३,२२,८६,३३,६९०.०० | ३,५८,७४,९६,६०८.०० | ३,९३,७४,१९,५४९.०० | ४,२८,२३,५९,६६४.०० |
| बाह्य ऋण | - | - | - | - |
| धरौटी हिसाब खाता | ६९,०५०.०० | ६९,०५०.०० | ६९,०५०.०० | ६९,०५०.०० |
| भुक्तानी दिनुपर्ने | ६९,१२,९००.०० | ६२,२१,७००.०० | ५५,९९,६००.०० | ५०,३९,७००.०० |
| अन्य दायित्व | २७,०४,२२,८००.०० | २८,९५,७३,६८०.८५ | ३३,६७,०१,२८०.८५ | २६,१४,६९,६८०.८५ |
| **जम्मा** | **३,९२,०१,१४,०४०.००** | **४,३५,६२,३५,२३८.८५** | **४,८२,१६,८९,८७९.८५** | **५,१७,२२,०१,८९४.८५** |

**सम्पत्ति**

| विवरण | २०८३/०३/३२ | २०८४/०३/३२ | २०८५/०३/३१ | २०८६/०३/३१ |
|---|---|---|---|---|
| नगद तथा नगद समान | ४९,२१,६००.०० | ५४,१३,८००.०० | ५९,५५,२००.०० | ६५,५०,८००.०० |
| बैंक हिसाब | ५१,१६,१९,३००.०० | ५२,६५,०३,२००.०० | ५५,९१,५३,६००.०० | ५१,५९,४५,३५४.०१ |

| विवरण | २०८३/०३/३२ | २०८४/०३/३२ | २०८५/०३/३१ | २०८६/०३/३१ |
|---|---|---|---|---|
| लगानी हिसाब | ५४,३७,२८,९८९.३७ | ४७,६७,५८,०६२.९९ | ३९,६२,३१,९५२.२२ | ४०,५८,६१,६३१.३९ |
| सदस्यलाई ऋण लगानी | २,५४,७३,०७,७५०.६३ | ३,०१,०३,९०,२७५.८६ | ३,५१,६२,४४,४२७.६३ | ३,८९,०७,७२,००९.४५ |
| पाउनु पर्ने हिसाब | १८,०३,५१,८००.०० | १७,८५,४८,३००.०० | १६,९६,२०,९००.०० | १६,११,३९,९००.०० |
| स्थीर सम्पत्ति | १३,२१,८४,६००.०० | १५,८६,२१,६००.०० | १७,४४,८३,८००.०० | १९,१९,३२,२००.०० |
| **जम्मा** | **३,९२,०१,१४,०४०.००** | **४,३५,६२,३५,२३८.८५** | **४,८२,१६,८९,८७९.८५** | **५,१७,२२,०१,८९४.८५** |

## खण्ड ख – आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रम

**आदरणीय सदस्य महानुभावहरू,**

४ वर्षे रणनीतिक व्यवसायिक योजनाको वित्तीय प्रक्षेपणमा आ.व. २०८२/८३ को समेत पुँजीगत तथा सञ्चालन बजेटको अनुमानित तथ्याङ्क प्रस्तुत गरिसकिएको हुनाले आ.व. २०८१/८२ को प्रगतिको समीक्षा र प्रस्तावित कार्यक्रम/क्रियाकलापहरू यहाँहरू समक्ष राख्ने अनुमति चाहन्छु ।

### ११. विगत ५ वर्षको प्रमुख वित्तीय सूचकहरूको अवस्था:

आ.व. २०७७/०७८ देखि आ.व. २०८१/०८२ सम्मको यस संस्थाको प्रमुख वित्तीय सूचकहरूको विवरण तपसिलको तालिकामा प्रस्तुत गरे बमोजिम रहेको छ ।

रू. हजार '०००' मा

| विवरण | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
|---|---|---|---|---|---|
| कुल आम्दानी | २,४१,९९८ | ३,१९,६१८ | ३,९१,४९२ | ४,१३,६६६ | ३,६४,१५० |
| कुल खर्च | १,९४,८५३ | २,४५,३७२ | ३,७६,६४६ | ३,९४,३१० | ३,२८,४३६ |
| खूद बचत | ४७,१४५ | ७४,२४६ | १४,८४६ | १९,३५६ | ३५,७१३ |
| कुल बचत निक्षेप | २२,१२,४८२ | २४,१६,९५९ | २६,७६,०३२ | २९,७७,८३६ | ३०,१९,७८८ |
| कुल ऋण लगानी | १७,३८,५४८ | २०,०६,७७६ | २०,७०,७६६ | २२,०९,९५८ | २१,५८,६६२ |
| कुल शेयर पुँजी | १,६१,३८० | १,७४,०५० | १,९१,२२५ | २,११,६३५ | २,२७,५५२ |
| कुल सम्पत्ति | २७,२६,९८२ | २९,४२,५५१ | ३०,५०,५९० | ३३,८१,७२० | ३४,४९,४०३ |
| कुल संस्थागत पुँजी | ८९,५२६ | १,०६,४७६ | १,०६,२८३ | १,१५,२१० | १,२६,१६१ |
| कुल संस्थागत पुँजी | ३.२८% | ३.६२% | ३.४८% | ३.४१% | ३.६६% |
| **कुल सदस्य** | **१४,२४२** | **१५,८८४** | **१७,६४०** | **२०,७७४** | **२२,४०४** |

### १२. समीक्षा वर्ष २०८१/८२ को उपलब्धी :

आर्थिक वर्ष २०८१/८२ मा समग्र वित्तीय प्रणालीमा देखा परेको असर, ऋणको मागमा आएको कमी, ब्याजदरमा आएको गिरावट, डिजिटल कारोवारको लागि निर्देशित गरिएको नीति, सहकारी प्रति बनीरहेको आम जनमानसको दृष्टिकोण तथा आर्थिक, सामाजिक, राजनीतिक र पर्यावरणीय परिवेशमा सृजना भएको चुनौती, नियामकीय संरचनामा आएको परिवर्तन आदिको कारणबाट संस्थाको बचत, ऋण, सदस्य सेवा सुविधा, अन्य सेवा र डिजिटल फिनटेक सेवाहरू प्रभावित हुन पुगेका छन् । जसले गर्दा सहकारी

क्षेत्रले खासगरी जोखिम व्यवस्थापन, सन्तुलित र सुरक्षित वृद्धि, सुशासन र पुँजी सुदृढीकरणलाई थप प्राथमिकताका साथ अंगाल्नु पर्ने देखिएको छ । तमाम् चुनातीहरूको बावजुद हामीले सदस्य सेवामा देखाएको समर्पण र सहकारी मूल्य र सिद्धान्तहरू प्रति हाम्रो निष्ठाको कारण यस अवधिमा पनि हामी सदस्यहरूलाई अविचलित रूपमा सेवा प्रवाह गरिरहन र संस्थालाई थप मजबुत र सुक्षित साथ सञ्चालन गर्न सफल भयौं ।

हामीलाई सदस्यहरूबाट प्राप्त विश्वास, नवनिर्वाचित सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिको नीतिगत तहमा देखिएको सक्रियता, सहकारीको सुदृढ व्यवस्थापन, तथा वित्तीय प्रगति र सामाजिक उत्तरदायित्वमा हामीले गरेका योगदानको आधारमा संस्थाले हासिल गरेका उपलब्धीहरूलाई उल्लेखनीय मान्नुपर्ने हुन्छ । यस समीक्षा वर्षको उपलब्धीहरूको विश्लेषणले आगामी वर्षका लागि थप सुदृढ र व्यवहारिक योजना बनाउन हामीलाई प्रेरणा समेत प्राप्त भएको छ । यस समीक्षा वर्षको लक्ष्य तथा उपलब्धीलाई देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**आ.व. २०८१/०८२ को प्रमुख वित्तीय लक्ष्य तथा उपलब्धी**

| विवरण | लक्ष्य | उपलब्धी | उपलब्धी प्रतिशत |
|---|---|---|---|
| शेयर पुँजी | २१,८६,२७,०००.०० | २२,७५,५२,३००.०० | १०४.०८% |
| जगेडा कोष | १०,५५,४७,६०१.०८ | १०,५३,९८,९७१.५२ | ९९.८६% |
| अन्य कोष | ८,६२,४०,७७२.१२ | ४,३४,८०,९९०.१९ | ५०.४२% |
| ऋण सुरक्षण कोष | ८,९५,५२,५९६.६० | १२,१९,९४,७८०.२६ | १३६.२३% |
| निक्षेप हिसाब | ३,११,०८,९१,४१८.२७ | ३,०१,९७,८७,९८८.१६ | ९७.०७% |
| नगद मौज्दात | ६५,००,०००.०० | ४४,७४,१२०.०० | ६८.८३% |
| बैंक मौज्दात | ४६,०१,३३,७१२.७८ | ४६,५१,०८,४४०.२३ | १०१.०८% |
| लगानी हिसाब | ४१,३८,४८,७६३.५९ | ६५,०७,६९,९९३.६३ | १५७.२५% |
| ऋण लगानी | २,६९,३१,२५,८११.४४ | २,२३,८४,७९,८६०.५९ | ८३.१२% |
| कुल सम्पत्ति | ३,८९,५२,४१,४७६.१० | ३,७०,४४,३९,९५५.९६ | ९५.१०% |
| ऋणबाट ब्याज आम्दानी | ३५,७९,८२,६४३.०३ | ३१,११,९३,५०७.९७ | ८६.९३% |
| ब्याज खर्च | २६,२७,३९,६५०.८७ | २३,०६,९७,१७८.०७ | ८७.८०% |
| बैंकबाट ब्याज आम्दानी | ४,३०,२८,३७२.५३ | ३,११,०५,३९६.२३ | ७२.२९% |
| अन्य सञ्चालन आम्दानी | ६,१६,५७,८७६.६६ | ४,८९,९४,७२९.२१ | ७९.४६% |
| कर्मचारी खर्च | ३,४९,०६,५३३.३० | ३,४३,०८,७१६.०० | ९८.२९% |
| समिति/उपसमिति खर्च | १४,८२,८००.०० | ११,९३,९९१.०० | ८०.५२% |
| अन्य सञ्चालन खर्च | ३,२४,६०,४८२.०० | ६,२२,३६,५०३.५३ | १९१.७३% |
| ह्रासकट्टी तथा अपलेखन खर्च | ७०,००,०००.०० | ७१,७७,८१३.७७ | १०२.५४% |
| ऋण जोखिम कोष व्यवस्था खर्च | ५५,००,०००.०० | २,६०,५५,०६०.०० | ४७३.७३% |

आ.व. २०८१/८२ मा संस्थाले लिएको रणनीतिक उद्देश्य र उपलब्धीको अवस्था:

| रणनीतिक उद्देश्य | लक्षित क्रियाकलापमा उपलब्धी |
|---|---|
| संस्थाको सेवा लिने सदस्यहरू वृद्धि गर्ने | १००% |
| वित्तीय सक्षमता अभिवृद्धि गर्ने | ८०% |
| जोखिम व्यवस्थापनलाई मजबुत बनाउने | ८१% |
| वित्तीय समावेशीकरणलाई अभिवृद्धि गर्ने | ६७% |
| सामाजिक उत्तरदायित्व वहन गर्ने | ७५% |
| डिजिटल रूपान्तरणलाई पोषित गर्ने | ५५% |
| सदस्यहरूको सहभागिता, सक्रियता र सन्तुष्टीस्तरलाई बढाउने | ६०% |
| कर्मचारीहरूको विकास, कार्यसम्पादन र सन्तुष्टीस्तरलाई वृद्धि गर्ने | ८०% |
| नेतृत्व चयन तथा क्षमता विकास | ८०% |
| नियामकीय अनुपालन र सुशासन सुनिश्चितता | ९०% |
| साझेदारी र सहकार्यलाई मजबुत बनाउने | ८३% |
| भौतिक पूर्वाधार | १००% |
| समग्र | ७९.२८% |

आ.व. २०८१/८२ मा संस्थाले लिएको सदस्यता वृद्धिको लक्ष्य र प्रगतिको अवस्था:

| विवरण | आषाढ ३२, २०८२ (अनुमानित) | आषाढ ३२, २०८२ (वास्तविक) | प्रगति % |
|---|---|---|---|
| महिला | १३,९०० | १३,६९५ | ९८.५३% |
| पुरूष | ८,४७६ | ८,६०० | १०१.४६% |
| अन्य | १२४ | १०९ | ८७.९०% |
| जम्मा | २२,५०० | २२,४०४ | ९९.५७% |

आ.व. २०८१/८२ को लघुवित्त समूह र सदस्य वृद्धिको लक्ष्य र प्रगतिको अवस्था:

| विवरण | आषाढ ३२, २०८२ (अनुमानित) | आषाढ ३२, २०८२ (वास्तविक) | प्रगति % |
|---|---|---|---|
| सदस्य संख्या | ३,४९१ | ३,५८४ | १०२.६६% |
| समूह संख्या | २०७ | २१७ | १०४.८३% |

आ.व. २०८१/८२ को प्रक्षेपित कर्मचारी दरबन्दी र यथार्थ अवस्था:

| पद | तह | आषाढ ३२, २०८२ (अनुमानित) | आषाढ ३२, २०८२ (वास्तविक) |
|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | १० | १ | १ |
| ना. प्रमुख कार्यकारी अधिकृत | ९ | १ | ० |
| व्यवस्थापक | ८ | १ | १ |
| बरिष्ठ अधिकृत | ७ | १ | १ |
| शाखा अधिकृत | ६ | ३ | ३ |

| पद | तह | आषाढ ३२, २०८२ (अनुमानित) | आषाढ ३२, २०८२ (वास्तविक) |
|---|---|---|---|
| स. शाखा अधिकृत | ५ | ९ | ९ |
| सहायक | ४ | २ | २ |
| चालक ईञ्चार्ज | ४ | १ | १ |
| कनिष्ठ सहायक | ३ | १५ | १२ |
| सुरक्षा गार्ड | ३ | ३ | ३ |
| चालक | ३ | १ | २ |
| व्यवस्थापन प्रशिक्षार्थी | २ | १ | १ |
| सुरक्षा गार्ड | २ | ४ | २ |
| सहयोगी | २ | १० | १० |
| कनिष्ठ सहयोगी | १ | ५ | ५ |
| **जम्मा** | | **५८** | **५३** |

**आदरणीय सदस्य महानुभावहरू,**

अब म आ.व. २०८२/८३ को लागि प्रस्तावित कार्यक्रम/क्रियाकलापहरूको तालिका यहाँहरूको बिच प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१३. सदस्यता वृद्धि र सहभागिताः**

| क्र.सं. | क्रियाकलाप | परिमाण | एकाई |
|---|---|---|---|
| १. | नयाँ सदस्यता वृद्धि | २२५६ | जना |
| २. | फेमिली ट्री निर्माण गर्ने | १३३४० | जना |
| ३. | लघुवित्त समूह गठन गर्ने | ८० | वटा |
| ४. | सदस्यता परिचय पत्र वितरण गर्ने | ४२०० | वटा |
| ५. | सन्तुष्टी सर्वेक्षण गर्ने | ४०० | जना |
| ६. | सम्भावित क्षेत्रमा भेला गर्ने | १३ | वटा |
| ७. | सदस्य विस्तारित भेला तथा शिक्षा कार्यक्रम आयोजना गर्ने | २४ | वटा |
| ८. | सर्वोत्कृष्ट लघुवित्त समूह पुरस्कार कार्यक्रम गर्ने | १ | पटक |
| ९. | उद्यमी परामर्श कार्यक्रम गर्ने | ५ | पटक |
| १०. | सदस्य सीप विकास तालिम सञ्चालन गर्ने | १ | पटक |
| ११. | ऋणी परामर्श कार्यक्रम गर्ने | ३ | पटक |
| १२. | सानो र मझौला व्यवसायको लागि ऋण लिने सदस्यहरूलाई व्यवसाय विकास तालिम गर्ने | १ | पटक |
| १३. | जेष्ठ नागरिक सदस्य अन्तरक्रिया कार्यक्रम गर्ने | २ | पटक |
| १४. | युवा सदस्य क्लब गठन गर्ने | १ | पटक |
| १५. | लघुवित्त समूह अनुगमन गर्ने | १०० | पटक |

**१४. डिजिटल रूपान्तरण र प्रविधि सुदृढीकरण:**

| क्र.सं. | क्रियाकलाप | परिमाण | एकाई |
|---|---|---|---|
| १. | नयाँ एटिएम डेबिट कार्ड वितरण | ५५० | थान |
| २. | नयाँ मोबाईल बैंकिङ्ग प्रयोगकर्ता थप | २३५० | जना |
| ३. | फोनपे क्यु आर प्रयोगकर्ता थप | १००० | जना |
| ४. | ब्लुबुक नविकरण सेवाग्राही थप | ७५० | जना |
| ५. | आई.टि. अडिट गर्ने | १ | पटक |
| ६. | समिति उपसमिति र कर्मचारीहरूमा प्रविधि साक्षरताको कार्यक्रम आयोजना गर्ने | १ | पटक |
| ७. | भाईवर, फेसबुक तथा वेबसाईट (च्याटबोट) आदिबाट सदस्यहरूलाई सूचना जानकारी र अन्तरक्रिया गर्ने अवसर प्रदान गर्ने | १ | पटक |
| ८. | सि.बि.एस., मोबाईल बैंकिङ्ग, वेबसाईट अपग्रेड | १ | पटक |
| ९. | एटिएम र मोबाईल सेवाहरूको पोष्टर तथा भिडियो सामाग्री | ३ | पटक |
| १०. | स्मार्ट सदस्य प्रोत्साहन कार्यक्रम गर्ने | १२ | पटक |
| ११. | च्याटबोट प्रणाली ईन्स्टल गर्ने | १ | पटक |
| १२. | सूचना प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्ने | १ | पटक |
| १३. | नेटवर्क डायग्राम बनाउने | १ | पटक |
| १४. | गैर बैंकिङ्ग सम्पत्ति व्यवस्थापन वेब पोर्टल निर्माण गर्ने | १ | पटक |

**१५. सुशासन, अनुपालन तथा आन्तरिक नियन्त्रण:**

| क्र.सं. | क्रियाकलाप | परिमाण | एकाई |
|---|---|---|---|
| १. | सदस्यता पहिचान अद्यावधिकीकरण | ४०३० | जना |
| २. | नागरिकता स्क्यान र अपलोड कार्य | १३६०० | जना |
| ३. | सदस्यता फारम प्रमाणीकरण कार्य | २७०० | वटा |
| ४. | AML/CFT (Trust AML system) सम्बन्धी तालिम तथा रिफ्रेसर | २ | पटक |
| ५. | STR Guideline तयार पार्ने | १ | पटक |
| ६. | जोखिमको आधारमा सदस्यको वर्गीकरण गर्ने | १ | पटक |
| ७. | कोपोमिस अद्यावधिक | १ | पटक |
| ८. | कागजात धुल्याउने आन्तरिक कार्यविधि | १ | पटक |
| ९. | अनावश्यक कागजातहरू धुल्याउने (सेवाकेन्द्रगत) | ५ | पटक |
| १०. | बदलिँदो कानुनी परिवेश अनुसार संस्थागत परिमार्जन | १ | पटक |
| ११. | अटोमेशनमा आधारित आन्तरिक नियन्त्रण प्रणाली | १ | पटक |
| १२. | नीतिगत सुदृढीकरण | २ | पटक |
| १३. | विनियम संशोधन तथा पुनर्लेखन | १ | पटक |
| १४. | उपसमितिहरू सञ्चालन कार्यविधि | १ | पटक |
| १५. | रणनीतिक व्यवसायिक योजना तर्जुमा | १ | पटक |

| क्र.सं. | क्रियाकलाप | परिमाण | एकाई |
|---|---|---|---|
| १६. | सञ्चालक र कार्यकारी प्रमुखको पृष्ठभूमि तथा बायोटाडा प्रकाशन | १ | पटक |
| १७. | Policy Performance Assessment | १ | पटक |
| १८. | गैर बैंकिङ्ग सम्पत्ति मूल्याङ्कन कार्यदल गठन | १ | पटक |
| १९. | एक्सेस ब्राण्डिङ कार्यक्रमको स्थलगत अनुगमन | २ | पटक |
| २०. | आन्तरिक लेखापरीक्षण | ४ | पटक |
| २१. | बाह्य लेखापरीक्षण | १ | पटक |

**१६. मानव संसाधन विकास तथा संस्थागत संस्कृतिः**

| क्र.सं. | क्रियाकलाप | परिमाण | एकाई |
|---|---|---|---|
| १. | कर्मचारीहरूको वर्क एनिभर्सरी कार्यक्रम | १२ | पटक |
| २. | कर्मचारी अभिप्रेरणाको लागि 'स्टार अफ द मन्थ' | १२ | पटक |
| ३. | टिम टल्क (Team Talk) कार्यक्रम | ६ | पटक |
| ४. | बदलिँदो कानुनी परिवेशको अनुशिक्षण कार्यक्रम | २ | पटक |
| ५. | लिडरसीप बुटक्याम्प | १ | पटक |
| ६. | जीवन ज्ञान कार्यक्रम | १ | पटक |
| ७. | नयाँ ढाँचाको प्रतिवेदन विश्लेषण सम्बन्धी अभिमुखीकरण | १ | पटक |
| ८. | एड्भान्स एक्सेल सम्बन्धी तालिम | १ | पटक |
| ९. | कार्यालय व्यवस्थापन सम्बन्धी तालिम | १ | पटक |
| १०. | सदस्य सम्बन्ध व्यवस्थापन तालिम | १ | पटक |
| ११. | ऋण परियोजना विश्लेषण, राय लेखन तथा सिफारिस प्रतिवेदन लेखन तालिम | १ | पटक |
| १२. | व्यक्तित्व विकास तालिम | १ | पटक |
| १३. | कर्मचारी र सञ्चालक रिफ्रेसर कार्यक्रम | १ | पटक |
| १४. | कर्मचारी कार्यसम्पादन मूल्याङ्कन | १ | पटक |
| १५. | सञ्चालक/लेखा सुपरीवेक्षण समिति स्वमूल्याङ्न | १ | पटक |
| १६. | लेबर अडिट | १ | पटक |
| १७. | करियर काउन्सेलिङ कार्यक्रम | १ | पटक |
| १८. | उत्कृष्ट सेवाकेन्द्र प्रोत्साहन | १ | पटक |

**१७. संस्थागत छवी, प्रवर्द्धन तथा सञ्चारः**

| क्र.सं. | क्रियाकलाप | परिमाण | एकाई |
|---|---|---|---|
| १. | योगदानमा आधारित सदस्य भ्रमण कार्यक्रम | १ | पटक |
| २. | सदस्यहरूको सफलताको कथाहरू तयार पारी फेसबुक, युट्युवमा प्रसारण गर्ने । | २ | पटक |
| ३. | लघुवित्त वित्तीय साक्षरता कार्यक्रम | १ | पटक |
| ४. | उत्पादन प्रदर्शनी तथा बिक्री कक्ष व्यवस्थापन | ४ | पटक |

| क्र.सं. | क्रियाकलाप | परिमाण | एकाई |
|---|---|---|---|
| ५. | काउन्टर र रेमिट्यान्स चिनिने साईनेज | १ | पटक |
| ६. | कार्यक्षेत्रव्यापी हाजिरी जवाफ प्रतियोगिता | १ | पटक |
| ७. | विद्यालयहरूमा वित्तीय साक्षरता | १ | पटक |
| ८. | कार्यक्षेत्रव्यापी हाजिरी जबाफ प्रतियोगिता | १ | पटक |
| ९. | नमुना उद्यमी तयार | कम्तीमा ३० | जना |
| १०. | सहकारी दिवस कार्यक्रम | १ | पटक |
| ११. | सल्लाहकारसँग अन्तरक्रिया | १ | पटक |
| १२. | अन्तर्राष्ट्रिय सहकारी वर्षको थिममा अनुसन्धान कार्य | १ | पटक |
| १३. | अध्ययन अवलोकन भ्रमण कार्यक्रम व्यवस्थापन | २ | पटक |

**१८. ऋण लगानी व्यवस्थापन, असुली तथा जोखिम नियन्त्रणः**

| क्र.सं. | क्रियाकलाप | परिमाण | एकाई |
|---|---|---|---|
| १. | स्मार्ट सापटी प्रयोगकर्ता वृद्धि | ५०० | जना |
| २. | ऋण अनुगमन | २५५ | जना |
| ३. | ऋण कागजात स्क्यान र अपलोड थप | १६०० | जना |
| ४. | धितो लिलामी प्रक्रिया | ४ | पटक |
| ५. | ऋण तिर्न बुझाउने ३५ दिने सूचना | ४ | पटक |
| ६. | घरजग्गा कारोवारकर्ताहरूको सूची तयारी | १ | पटक |
| ७. | ऋण लगानी, असुली तथा कानुनी कार्यवाहीको सिफारिस | ४ | पटक |

**१९. वित्तीय सक्षमता सुदृढीकरण, पूर्वाधार तथा कार्यालय व्यवस्थापनः**

| क्र.सं. | क्रियाकलाप | परिमाण | एकाई |
|---|---|---|---|
| १. | नयाँ नियामकीय ढाँचा अनुसार चार्ट अफ एकाउन्ट रिम्यापिङ गर्ने | १ | पटक |
| २. | ब्याजदर संशोधन | ४ | पटक |
| ३. | बचत समिश्रण व्यवस्थापन | ३ | पटक |
| ४. | DRR को पूर्वतयारी | १ | पटक |
| ५. | बचतबाट शेयरमा रकमान्तरण | १ | पटक |
| ६. | सम्पत्तिहरूको भौतिक सम्परीक्षण | १ | पटक |

**२०. सामाजिक उत्तरदायित्व, सहकार्य र ऐक्यवद्धता**

| क्र.सं. | क्रियाकलाप | परिमाण | एकाई |
|---|---|---|---|
| १. | बि.डि.एस. कक्ष स्थापना गर्ने | १ | पटक |
| २. | रक्तदान कार्यक्रम आयोजना गर्ने | ५ | पटक |
| ३. | ग्लोबल मनि विक मनाउने | ५ | पटक |
| ४. | वित्तीय परामर्श सञ्चालन गर्ने | ६ | पटक |
| ५. | स्त्रिरोग सम्बन्धी स्वास्थ्य जाँच शिविर आयोजना गर्ने | ५ | पटक |
| ६. | उद्यमी मेला आयोजना गर्ने | २४ | पटक |

| क्र.सं. | क्रियाकलाप | परिमाण | एकाई |
|---|---|---|---|
| ७. | निःशुल्क स्वास्थ्य शिविर गर्ने | १ | पटक |
| ८. | स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने | ५ | क्षेत्रमा |
| ९. | चाडपर्व शुभकामना आदान प्रदान कार्यक्रम | ५ | क्षेत्रमा |
| १०. | स्वास्थ्य जीवनशैलीको लागि ध्यान तथा योग कार्यक्रम | १ | पटक |
| ११. | कर्जा सूचना केन्द्रमा आवद्ध | १ | पटक |
| १२. | सहकारी नियमन प्राधीकरणमा आवद्ध | १ | पटक |
| १३. | ऋण असुली न्याधिकरण मार्फत कानुनी कारवाही | १ | पटक |
| १४. | धार्मिक तथा पर्यटकीय क्षेत्रमा संस्थाको झोला दान | १००० | थान |
| १५. | सभा/गोष्ठी/तालिममा सहभागिता | ६ | पटक |
| १६. | ग्रीन एसेसमेन्ट कार्यक्रम | १ | पटक |
| १७. | चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम | १ | पटक |
| १८. | अन्तर सेवाकेन्द्र सहकारी हाजिरी जवाफ प्रतियोगिता | १ | पटक |
| १९. | कपडा तथा पुस्तक बैंक कार्यक्रम सञ्चालन | १ | पटक |

**२१. जोखिम मूल्याङ्कन र व्यवस्थापनः**

(क) कर्जा जोखिम न्युनिकरणः

- ऋण परामर्श र विस्तृत ऋण विश्लेषणमा अनिवार्य सहभागी गराएर मात्र ऋण लगानी गर्ने
- ऋणको नियमित परीक्षण र ऋणी सदस्यहरूको अवस्थाको विश्लेषण गरिरहने
- ऋण लगानीको क्षेत्र विविधिकरणमा जोड दिने
- ऋण जोखिमको पूर्वजानकारी प्राप्त हुने प्रणालीको अभ्यास गर्ने, जोखिममा पर्नु अघि तत्काल कार्यान्वयन गर्ने

(ख) ब्याजदर जोखिम न्युनिकरण गर्ने

- बचत समिश्रणमा आवधिक बचतको अनुपात घटाउने
- आधार ब्याजदरको अभ्यास सुरू गर्ने
- बचत र ऋणको ब्याजदर तथा स्प्रेडको नियमित परीक्षण गर्ने
- नियमित रूपमा बजार ब्याजदरको जानकारी संकलन गरिरहने

(ग) तरलता जोखिम न्युनिकरण गर्ने

- अनपेक्षित रकम फिर्ता र सदस्यहरूको आवश्यकता पुरा गर्नको लागि पर्याप्त तरलताको व्यवस्था गर्ने
- तरलता चापको विश्लेषण गर्दै फरक फरक समयमा तरलता व्यवस्थापनको लागि तरलता व्यवस्थापन कार्यविधि लागु गर्ने

(घ) बजार जोखिम न्युनिकरण गर्ने

- नियमित रूपमा बजारको विश्लेषण गर्ने
- बजारमा सिर्जना भएको जोखिम विश्लेषणको आधारमा पोर्टफोलियो व्यवस्थापन गर्ने

(ङ) नियामकीय अनुपालन जोखिम न्युनिकरण गर्ने :

- राष्ट्रिय सहकारी नियमन प्राधिकरणको संघन अनुगमनबाट प्राप्त निर्देशनको कार्यान्वयन गर्ने
- नियामकीय दायित्व परिपालना गर्ने र नयाँ कानुन, निर्देशन र परिपत्रहरूमा अद्यावधिक रहने
- संस्थाभित्र स्थापित नीति, नियम र निर्णयहरूको परिधिभित्र रही सञ्चालित हुने अभ्यासलाई थप पोषित गर्ने
- नियामकीय दायित्व परिपालना सम्बन्धी सञ्चालक र कर्मचारीहरू बिच अभिमुखकीरण गर्ने

(च) सञ्चालन जोखिम न्युनिकरण गर्ने

- आन्तरिक नियन्त्रण प्रणाली, मेकर र चेकरको पूर्ण कार्यान्वयन र कार्यसम्पादन अनुगमन प्रणाली सक्रिय राख्ने
- Cyber Security जोखिमबाट जोगिन सो को नियन्त्रण गर्ने पूर्वाधारहरू थप गर्ने । Digital Well Being मा सदस्य सेवाग्राहीहरूलाई सचेत बनाउने
- प्राविधिक भवितव्यमा सेवा प्रवाह सुनिश्चित गर्नको लागि व्यवसाय सञ्चालन योजना (Business Continuity Plan) तयार पारी लागु गर्ने

**आदरणीय सदस्य महानुभावहरू,**

अन्त्यमा आ.व. २०८१/८२ को लागि लक्षित विभिन्न क्रियाकलापहरू सम्पन्न गर्न र सदस्यहरूलाई उत्कृष्ट सेवा प्रवाह गर्नको लागि महत्वपूर्ण भूमिका खेल्ने सम्पूर्ण सरोकारवाला निकायहरू प्रति धन्यवाद र कृतज्ञता ज्ञापन गर्दै प्रस्तुत ४ वर्षे रणनीतिक व्यवसायिक योजना र आ.व. २०८२/८३ को अनुमानित कार्यक्रम तथा बजेट यस गरिमामय साधारण सभामा छलफल भई आवश्यक सल्लाह सुझाव र पृष्ठपोषण सहित सर्वसम्मतिबाट पारित हुनेछ भन्ने विश्वास व्यक्त गर्दै विदा चाहन्छु ।

धन्यवाद ! जय सहकारी, जय चन्द्रागिरि !!

सञ्चालक समितिको आज्ञाले

.................................................

कृष्ण कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

# लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन

यस चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेडका आदरणीय अध्यक्ष एवं यस २४औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, अतिथिज्यूहरू, सल्लाहकार परिषदका संयोजकज्यू तथा सदस्यज्यूहरू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू तथा सदस्यज्यूहरू, विभिन्न उपसमितिका संयोजकज्यू र सदस्यज्यूहरू, प्रमुख कार्यकारी अधिकृतज्यू, आदरणीय सदस्यज्यूहरू एवं कर्मचारी मित्रहरूका साथै यस साधारण सभामा गरिमामय उपस्थित सम्पूर्णमा लेखा सुपरीवेक्षण समितिको तर्फबाट सादर अभिनन्दन !

**आदरणीय सदस्यज्यूहरू,**

सर्वप्रथम यस संस्थाको गत २३औं वार्षिक साधारण सभाबाट लेखा सुपरीवेक्षण समितिमा निर्वाचित गरी हामीलाई विश्वासका साथ दिनु भएको जिम्मेवारी प्रति यस समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ । साथै यस समितिलाई सुम्पिएको जिम्मेवारीका लागि सबै सदस्यज्यूहरू प्रति सविनय कृतज्ञता व्यक्त गर्दछौं । सहकारी ऐनद्वारा निर्देशित तथा यस संस्थाको विनियममा उल्लेख भए अनुरूप तथा गत साधारण सभाबाट पारित विषयमा संस्थाले गरेका निर्णय र कार्यान्वयनको अनुगमनका साथै अभिलेखहरूको अध्ययन गरी त्रैमासिक प्रतिवेदनमा पेश गरेका सुझाव तथा यस समितिबाट गरिएको सुपरीवेक्षण र अनुगमनका साथै सदस्यहरूबाट औपचारिक अनौपचारिक रूपमा प्राप्त जानकारीहरू समेतका आधारमा तयार पारिएको प्रतिवेदन यस गरिमामय सभामा प्रस्तुत गर्न पाएकोमा हामी गौरवान्वित भएका छौं ।

यद्यपि विविध कारणले विगत वर्षदेखि नै विश्व बजारमा आएको आर्थिक मन्दीसँगै नेपाली अर्थ बजारमा देखिएको उतार चढावको प्रभाव हालसम्म पनि रहेको छ । फलतः यस संस्थाको वित्तीय कारोवार (बचत तथा ऋण), सामाजिक सुरक्षणका सेवाहरू तथा अन्य सामाजिक दायित्वका गतिविधिहरूमा पनि प्रभाव पर्न गएको देखिन्छ । साथै सहकारी संस्थाहरू प्रति जनमानसको आस्था र विश्वास अझ सुदृढ नभएको, लगानीको क्षेत्र शिथिल छ भने तरलता लगानी गर्न बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाहरू बिच प्रतिस्पर्धा पनि भइरहेको छ । उपरोक्त विविध कारणहरूको प्रभावका साथै साविक एच. एण्ड बी. बैंकद्वारा यस संस्थाको बैंक रकम (GFP) चेकको हिनामिनाले परेको समस्याबाट उन्मुक्ति नभई सकेता पनि सयौं सहकारी, वित्तीय संस्था र बैंकहरूको माझमा यस चन्द्रागिरि साकोसलाई एउटा अब्बल वित्तीय सहयात्रीको रूपमा स्थापित गराउन सदस्य महानुभावहरूले खेलेको सकारात्मक भूमिका र निरन्तर विश्वासलाई शिरोधार्य गर्दै आगामी दिनमा थप उत्कृष्ट र प्रतिस्पर्धी सेवा उपलब्ध गराउन सफल हुने आधार बन्छ भन्ने यस समितिको बुझाई रहेको छ । यसै कारणले नै सदस्यहरूको बचत सुरक्षण, सहज ऋण उपलब्धता, भरपर्दो सामाजिक सुरक्षणका सेवाहरू तथा सामाजिक दायित्वका कार्यका गतिविधिहरू फराकिलो हुनुका साथै प्रत्येक वर्ष शेयर सदस्य संख्यामा निरन्तर वृद्धि भई यस आ.व. को अन्त्यसम्ममा सदस्य संख्या २२,४०४ पुगेको देखिन्छ ।

साथै विगत वर्षदेखि नै ललितपुरका र काठमाडौका अन्य ५ वटा सहकारी संस्थासँग एकीकरण भई ४ वटा सेवाकेन्द्र तथा मुख्य कार्यालय गरी ५ स्थानबाट सदस्य सेवा कार्य सञ्चालन भएको छ । त्यसैगरी सेवा विस्तार गर्ने र समान उद्देश्य भएका अन्य सहकारीहरूसँग पनि भगिनी सम्बन्ध स्थापित गरी कतिपय विषयमा सहकार्यको थालनी भएको छ । तसर्थ सदस्यहरूको विश्वासले बचत र ऋणको माध्यमबाट आर्थिक क्रियाकलाप गर्न, पेशा व्यवसाय मार्फत स्वरोजगार बन्न, तथा अन्य सामाजिक काममा सघाउ पुऱ्याउन सहयोगी बनेको

कारणले पनि यस संस्थाले काठमाडौं जिल्लामा मात्र नभै प्रदेश र राष्ट्रमा नै सफल बचत तथा ऋण सहकारी संस्थाको परिचय बनाउन सफल भएको छ ।

यस समितिले वर्तमान सहकारी ऐनको दफा ४९ (१) मा उल्लेखित परिधिमा रही सहकारी ऐन, नियमावली तथा सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्डको पालना गर्दै राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको नियामकीय मापदण्ड २०८२ र संस्थाको विनियममा उल्लेखित उद्देश्य अनुरूप नीति, नियम र सम्बन्धित निकायको निर्देशन समेतको निरन्तर पालना गर्दै सदस्य हितलाई दृष्टिगत गरी लक्ष्य प्राप्ति गर्ने नीति, विधि र प्रविधिमा आधारित भै सुशासित निर्णय र कार्यान्वयन गर्ने सञ्चालक समितिलाई ध्यानाकर्षण गरेको छ ।

यस साकोसको सन्दर्भमा संस्थागत सुशासन र स्थायित्वको लागि सहकारीताको मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्दै सदस्य केन्द्रित भई सञ्चालक समितिबाट निर्णय र उचित व्यवस्थापकीय कार्यान्वयनका प्रभावले हाल यस संस्थाको कारोवारका हरेक पक्षमा निरन्तर वृद्धि भएको देखिन्छ । फलतः संस्था सञ्चालनको २४औं वर्षमा अर्थात आ.व. २०८१/०८२ मा शेयर पुँजी रू. २२,७५,५२,३००, बचत रू. ३,०१,९७,८७,९८८, ऋण लगानी रू. २,२३,८४,७९,८६० र तरलता रू. ७२,३०,७३,१४९ रहेको छ । यसर्थमा, पनि समुदाय र सदस्यहरूको यस संस्था प्रति आस्था र विश्वास अझ घनिभूत भइरहेको हामीले महसुस गरेका छौं ।

**आदरणीय सदस्यज्यूहरू,**

अब म संस्थाले आ.व. २०८१/०८२ को लागि लक्षित तथा सम्पन्न कार्यक्रमको वित्तीय कारोवार, संस्थाको भौतिक तथा जनशक्ति, सदस्यहरूका लागि प्रदान गरेका सेवा सुविधाहरू एवं अन्य क्रियाकलापबारे तयार पारिएको विवरण र अभिलेखहरूको अध्ययन तथा लेखा सुपरीवेक्षणको सन्दर्भमा औंल्याइएका विषयवस्तुहरूको सन्दर्भमा बाग्मती प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभागद्वारा जारी गरिएको सहकारी मापदण्ड, २०७७ को अनुसूची २ दफा ११ (क) सँग सम्बन्धित ढाँचामा लेखा सुपरीवेक्षण प्रतिवेदन यस गरिमामय सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**१. अघिल्लो साधारण सभाको निर्णयहरूको अवस्था:**

**१.१.** यस संस्थाको अघिल्लो २३औं वार्षिक साधारण सभा मिति २०८१ मंसिर १२ गते प्रारम्भ भई २०८१ मंसिर १८ गते सम्पन्न भएको थियो । ईकाईगत रूपमा सम्पन्न भएको साधारण सभाले पारित निर्णयहरूको कार्यान्वयन पक्ष सकारात्मक र संस्थाले लिएको वार्षिक लक्ष्य हासिल गदै सदस्यता, शेयर पुँजी, बचत/निक्षेप, ऋण लगानी, तरलता, संस्थागत पुँजी, रेमिट्यान्स कारोवार लघुवित्त कार्यक्रम, कर/राजश्वको भुक्तानी तथा भाखा नाघेको ऋण असुली प्रक्रियामा समेत प्रगति भएको देखिन्छ ।

आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत आ.व. २०८०/०८१ को कार्य सम्पादन, सदस्यता र कर्मचारी लक्ष्य र उपलब्धीको समीक्षा गर्दै कार्यक्रम तथा बजेटका उद्देश्य एवं लक्ष्यहरू समेतको आधारमा मुख्य १४ वटा कार्यसूचीहरूमा निर्णय भएका थिए । जसमा, आधारित भई निर्धारित वित्तीय लक्ष्य हासिल गर्ने तथा नियमित क्रियाकलाप सञ्चालन गर्ने रहेका छन् ।

**१.२ आ.व. २०८१/८२ मा बसेको बैठक संख्या निणर्यहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था:**

२३औं साधारण सभाबाट विधि सम्मत रूपमा नयाँ सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समिति निर्वाचित भएको साथै सञ्चालक समितिबाट सल्लाहकार परिषद र ऋण उपसमितिका तथा अन्य १५ वटा

विषयगत उपसमितिहरू गठन गरिएको छ । आ.व. २०८१/८२ मा सञ्चालक समितिको कुल १२ पटक लेखा सुपरीवेक्षण समितिको ४ पटक, ऋण उपसमितिका ३८ पटक, एम्बुलेन्स तथा शब वाहन उपसमितिको १२ पटक, स्वास्थ्य उपसमितिको ११ पटक बसी विभिन्न विषयहरू माथि निर्णय भई कार्यान्वयन भएको पाइयो । पदाधिकारीहरूका नेतृत्व विकासका साथै कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि तालिम, अन्तरक्रियाहरू समय सापेक्ष गरिएको र यस अतिरिक्त आन्तरिक नीति तथा कार्यविधि र विनियम संशोधन तथा पुनर्लेखन गरिएको पाइयो । साथै सञ्चालक समितिको निर्णय भई व्यवस्थापनबाट सदस्य राहत कोष योगदान तथा सुविधा अन्तर्गत स्वास्थ्यउपचार सहयोग शब वाहन तथा एम्बुलेन्स सेवा, कर्मचारी उत्पादकत्व, दरबन्दी र सदस्य सेवा व्यवस्थापन, संस्थाको २४औं स्थापना दिवस तथा नयाँ सेवाकेन्द्र सञ्चालन, तेश्रो रणनीतिक व्यवसायिक योजना निर्माण, आकु (ACCU) प्रमुख कार्यकारी अधिकृत सहितको अन्तर्राष्ट्रिय टोलीबाट संस्था भ्रमण तथा अन्तरक्रिया, राष्ट्रिय सहकारी महासंघबाट अनुगमन, नीति संवाद कार्यक्रममा सहभागिता, नवनिर्वाचित सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिलाई स्वागत पदस्थापन, सञ्चालक/लेखा समितिको नेतृत्व विकास एवं उत्प्रेरणा तालिम, सदस्यहरूलाई उद्यमशीलता विकास तालिम, रक्तदान कार्यक्रम, भगिनी संस्थाहरू बिच अन्तरक्रिया र सिकाई आदान प्रदान, बाढी पहिरो प्रभावित सदस्यसँग अन्तरक्रिया तथा सहयोग, विश्वविद्यालयमा अध्ययनरत डिप्लोमा इन कोअपरेटिभ म्यानेजमेन्टको विद्यार्थीहरूबाट अध्ययन भ्रमणमा, सदस्यहरूको लागि अध्ययन अवलोकन भ्रमण कार्यक्रम, चन्द्रागिरि उद्यमी मेला, अनुसन्धान प्रस्ताव लेखन तथा प्रस्तुत, चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति प्रदान तथा सदस्यहरूको सीप र उद्यमशिलता प्रवर्द्धनका लागि उद्यमी मेला आदि कार्यक्रमहरू समेत सञ्चालन गरिएका छन् ।

**१.३. वित्तीय (बचत तथा ऋण), सामाजिक सुरक्षणका सेवाहरू तथा सामाजिक दायित्वका गतिविधिहरूः**

सदस्यहरूको बचत/निक्षेप, ऋण लगानी, रेमिट्यान्स कारोवार, कर/राजश्वको भुक्तानी, तरलता व्यवस्थापन, संस्थागत पुँजीमा वृद्धि, भाखा नाघेको ऋण असुली तथा कानुनी प्रक्रिया, लघुवित्त कार्यक्रम सम्बन्धी संक्षिप्त अवस्थाः

**गत आ.व. को तुलनामा आ.व. २०८१/०८२ मा**

सदस्यता वृद्धि ७.८३% ले, शेयर पुँजी ७.५२% ले, बचत/निक्षेप १.७०% ले वृद्धि भएको पाइयो तथा कुल ऋण लगानीमा १.७% प्रतिशत कमि रहेको देखिन्छ । त्यसैगरी तरलता कुल बचतको अनुपातमा २३.९४% रहेको पाइयो ।

**प्राथमिक पुँजी** : आ.व. २०८०/०८१ मा रू. १० करोड ५० लाख ७४ हजार ३ रहेकोमा आ.व. २०८१/८२ मा सो रकम वृद्धि भई रू. ११ करोड ४४ लाख ९२ हजार ३२५ रहेको देखिन्छ ।

**रेमिट्यान्स कारोवार** : रेमिट्यान्स सेवा उपलब्ध गराए वापत १% वृद्धि भएको देखिन्छ ।

**लघुवित्त कार्यक्रम** : संस्थाले विगत २०७२ सालदेखि सञ्चालन गर्दै आएको लघुवित्त कार्यक्रममा विगत वर्षमा १९६ समूह मार्फत बचत तथा ऋण कारोवार गर्दै आएकोमा सोमा वृद्धि भई यस आ.व. सम्ममा कुल २१८ समूह मार्फत ३२८८ जना महिलाहरूवाट बचत संकलन तथा ऋण लगानी गरेको देखिन्छ ।

**कर/राजश्वको भुक्तानी** : संस्थाले बचत, ऋण तथा अन्य क्रियाकलाप गरे वापत सोमा लाग्ने कर राजश्वको रू. २ करोड ३ लाख ५१ हजार नेपाल सरकारलाई राजश्व वापत बुझाएको पाइयो ।

**भाखा नाघेको ऋण असुली तथा कानुनी प्रक्रिया :** भाखा नाघेको ऋण न्युनिकरण गर्न र जोखिम व्यवस्थापन गर्नको लागि ऋण नीति अनुरूप प्रक्रिया सञ्चालन गरिएको र सो सम्बन्धमा आवश्यक ऋण असुल उपर गर्न कानुनी प्रक्रिया समेत अवलम्बन गरिएको पाइयो ।

२. **नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग र नेपाल राष्ट्र बैंक सहितको टोलीले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू:**

आ.व. २०८१/८२ मा नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग र नेपाल राष्ट्र बैंक सहितको टोलीबाट ५ दिनको सघन अनुगमन गरेको पाइयो । सो टोलीले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझाव सम्बन्धी कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरेको पाइएको छ ।

३. **पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण:**

**पारिश्रमिक :** यस संस्थाका कुनै पनि पदाधिकारीहरूले आ-आफ्नो दायित्व र भूमिका निर्वाह गर्ने सिलसिलामा पारिश्रमिक लिएको देखिएन ।

**भत्ता :** सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र विषयगत उपसमितिहरूको तोकिए बमोजिमको बैठक बस्दा उपस्थित पदाधिकारीलाई बैठक भत्ता प्रदान गर्ने गरेको छ ।

**अन्य सुविधाहरू:** अन्य सुविधाहरूमा सञ्चालक समिति, लेखा समिति पदाधिकारीहरूलाई संस्थागत आन्तरिक निर्णय प्रक्रिया र व्यवस्थापन पक्षबाट त्यसको कार्यान्वयन संस्थागत कारोवारका हरेक पक्षमा निरन्तर सुपरीवेक्षण, अनुगमनका साथै अन्तर सम्बन्ध स्थापित गर्न तथा सदस्यहरूसँग समन्वय र सहसम्बन्ध स्थापित गर्न निर्धारित यातायात तथा सञ्चार खर्चको सोधभर्ना उपलब्ध गराएको देखिन्छ ।

४. **कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू:**

४.१ **साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको :** यस संस्थाको कर्मचारी प्रशासन सम्बन्धी नियमावली रहेको र साधारण सभाबाट पारित भएको छ ।

४.२ **कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको :** यस संस्थाको कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको छ ।

४.३ **भर्ना प्रक्रिया पारदर्शिता र प्रतिष्पर्धी भएको/नभएको :** कर्मचारी प्रशासन आन्तरिक कार्यविधिमा कर्मचारी भर्ना सम्बन्धी व्यवस्था रहेको । कर्मचारी पदपूर्ति उपसमितिबाट पारदर्शी र प्रतिस्पर्धी प्रक्रियाबाट विधि सम्मत रूपमा कर्मचारी भर्ना गरेको तथा कार्य सम्पादन मूल्याङ्कनको आधारमा पदोन्नती समेत गरेको देखिन्छ ।

४.४ **कार्यरत कर्मचारीहरू र कार्यबोझ बिच तादम्यता रहेको/नरहेको :** यस संस्थामा कुल २२,४०४ जना सदस्य रहेको र सेवाकेन्द्रहरू मार्फत दैनिक नियमित सेवाहरू सञ्चालन गर्नको लागि नियमित सेवामा १५ जना र समयगत सेवामा ३८ जना गरी जम्मा ५३ जना कर्मचारीहरू रहेका छन् । जसमा १ जना कर्मचारीले औसत ४२२ जना सदस्यलाई सेवा उपलब्ध गराएको देखिन्छ । तसर्थ संस्थामा कार्यरत कर्मचारीहरू

र उनीहरूलाई दिइएको भूमिका दायित्वका साथै वार्षिक कार्य विवरण बिच तादम्यता अनुरूप कार्यभार रहेको पाइन्छ ।

४.५ **व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण :** हाल यस संस्थाका व्यवस्थापन प्रमुखको रूपमा वाणिज्य विषयमा स्नातक र ग्रामीण विकास विषयमा स्नातकोत्तर शैक्षिक योग्ता हासिल गरी सहकारीताको क्षेत्रमा दुई दशक भन्दा लामो समय सहकारिता का साथै ग्रामीण विकास सम्बन्धी कार्य अनुभव हासिल गर्नुभएको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यशालाहरूमा कार्यपत्र प्रस्तुत गर्दै विकास सम्बन्धी प्रशिक्षक (Development Educator) को रूपमा भूमिका निर्वाह गरिरहनु भएको छ । साथै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. बाट हालसम्म दुई पटक नेपाल भरीमै उत्कृष्ट साकोस व्यवस्थापकको रूपमा पुरस्कृत हुनु भएको छ । समय सापेक्ष रणनैतिक योजनामा ढाली संस्थागत विकासमा व्यवस्थापकीय कुशलता र दक्षताका आधारमा नीतिगत सर्वोच्चता, संस्थागत सुशासनलाई कायम गर्दै दिगो सहकारी बनाउन र सदस्यको लगानी सुरक्षण गर्ने मान्यता अनुरूप कार्यक्रम सञ्चालन गर्न सक्षम साथै Result Oriented भई कार्यान्वयन गर्ने व्यवस्थापन प्रमुख रहनु भएको छ ।

५. **लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्थाः**

यस संस्थाको गत २३औं वार्षिक साधारण सभाबाट अनुमोदित कार्यक्रमहरू सहकारी ऐन, सहकारी मापदण्ड तथा संस्थाको विनियमद्वारा निर्देशित मान्यता अनुसार संस्थाबाट भएका निर्णय र कार्यान्वयन पक्षको अनुगमनका साथै अभिलेखहरूको अध्ययन गरी विभिन्न मितिमा बैठक बसी निर्णय सहित र त्रैमासिक प्रतिवेदनको आधारमा दिइएका सुझावहरूको कार्यान्वयनको अवस्था निम्न पाईयो ।

५.१ समिति तथा उपसमितिका पदाधिकारीहरूका नेतृत्व विकासका साथै कर्मचारीहरूको दक्षता अभिवृद्धि ।

५.२. भाखा नाघेका ऋणहरू असुल गर्न कानुनी प्रक्रियामा अझ तदारूकता दिइएको ।

५.३. संस्थागत सुशासन पालना, जोखिम न्युनिकरण र संस्थाको सवलीकरण जस्ता सुधारात्मक पक्षमा सम्बन्धित निकाय, बाह्य लेखापरीक्षक तथा समितिले दिएका सुझावहरू पालना भएको ।

५.४ तत्कालिन एच. एण्ड बि. बैंक हाल लुम्बिनी विकास बैंक लि. बाट प्राप्त हुन बाँकी रकम रू. ८ करोड ४० लाख असुल उपर गर्ने प्रक्रिया अदालती फैसला भएको जानकारी प्राप्त भएको तर उक्त रकम प्राप्त नभएको ।

५.५ पर्ल्स मापदण्ड भित्र ल्याउनु पर्ने र ऋण नोक्सानी कोषको आवश्यक मापदण्ड अनुरूप संकास्पद र खराब ऋणको जोखिम व्यवस्था गरिएको र असल ऋणमा मात्र ऋण जोखिम कोषको व्यवस्था गर्न बाँकी रहेको ।

५.६ देशमा नयाँ सहकारी ऐन र नियमावली तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय सिद्धान्त अनुरूप सञ्चालन गर्दै संस्थाका कार्यक्रमहरू समय सापेक्ष कार्यान्वयन गर्न संस्थाको विनियममा विधि सम्मत रूपले परिमार्जन या पुनर्लेखन का साथै नीतिहरूमा आवश्यक परिमार्जन तथा निर्माण गरिएको ।

५.७ संस्थाको वित्तीय कारोवरहरूको विधि सम्मत रूपमा अभिलेखिकरण गर्न लेखा सुपरीवेक्षण समितिको सिफारिसमा आन्तरिक लेखापरीक्षक नियुक्ति गरी कार्यविधि अनुसार आन्तरिक लेखापरीक्षक नियुक्ति गरिएको ।

५.८ संस्थालाई दिगो र सशक्त बनाउन रणनैतिक योजनामा पुनरावलोकन गरी अद्यावधिक गरिएको ।

५.९ ऋण लगानी गर्दा ऋणी सदस्यको क्षमता पहिचानको र पर्यावरण सम्बन्धी चासो परीक्षणका लागि Climate Concern को विकास गरी '6C' विधि लागु गरिएको छ ।

५.१० लेखा को हिसाब प्रचलित दोहोरो लेखा प्रणाली तथा आधुनिक सफ्टवेयर सि.वि.एस. कोर बैंकिङ्ग प्रणालीको माध्यमबाट स्पष्टसँग राखेको ।

५.११ संस्थाले सदस्यहरूको डाटा कोपोमिसमा प्रविष्टि गरेको र कोपोमिस मार्फत नै प्रतिवेदनहरू सम्बन्धित निकायमा पठाउने गरेको । यसैगरी सदस्य पहिचान फारम भरि व्यवस्थित गरको पाइयो ।

**६. लेखा समितिको सुझावहरू :**

संस्थाको नवनिर्मित रणनीतिक अभिप्राय अनुरूप दिगो साकोस, सुखी र समृद्ध सदस्य भन्ने परिकल्पनालाई साकार पार्न निर्धारित लक्ष्य प्राप्तिका लागि लिइएका उद्देश्य अनुरूप योजना र कार्यक्रमहरू तयार गरी सर्वोच्च निकाय साधारणसभाबाट अनुमोदित कार्यहरूमा प्राथमिकता दिई कार्य गर्ने ।

सहकारी ऐन, नियमावली, मापदण्ड, राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको मापदण्ड २०८२, साकोस सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय सिद्धान्तहरूको पालना, निर्धारित रणनीति, नीति नियम र सम्बन्धित नियामकीय निकायहरूबाट जारी निर्देशनहरूको पूर्ण पालना गर्ने निरन्तर कार्यरत रहने ।

**६.२ आगामी दिनमा प्राथमिकता दिनुपर्ने विषयहरू:**

(क) स्वतन्त्र लेखापरीक्षकले दिएको प्रतिवेदनमा उल्लेख सुझावहरू प्राथमिकताका साथ कार्यान्वयन गर्ने, आन्तरिक लेखापरीक्षक तथा यस समितिका सिफरिसहरूमा उल्लेखित आर्थिक, व्यवसायिक, संस्थागत सुशासन, वित्तीय अनुशासन, पालना गर्दै अभिलेखहरूको विधिसम्मत अद्यावधिक तथा सुरक्षण, मितव्ययिता अपनाउने, ऋण उपयोगिता अनुगमन कार्यविधि तयार पारी ऋण अनुगमनमा र असुलिमा प्रभावकारिता ल्याउने ।

(ख) वर्तमान सहकारी ऐन तथा नियामकीय निकायहरूबाट जारी मापदण्डमा एकरूपता हुने गरी संस्थाका नीतिहरूमा परिमार्जन गर्ने । उपसमितिहरूको सञ्चालन कार्यविधि बनाई कार्यान्वयनमा ल्याउने तथा विस्तारित मञ्च कार्यनीति अनुरूप सदस्यहरूलाई अनुशिक्षण गराउनु पर्ने ।

(ग) संस्थाका र भाडामा लिइएका भौतिक संरचनाहरूको पूर्ण उपयोग गरिनु पर्ने । संस्थाको अनुत्पादक खर्चमा मितव्ययिता अपनाउन निरन्तर प्रयास गर्नुपर्ने ।

(घ) संस्थामा रहेको तर भविष्यमा कुनै आर्थिक लाभ लिन सकिने अभौतिक सम्पत्तिहरूको निसर्ग गर्ने । साथै कुनै पनि वर्गका स्थीर सम्पत्ति तथा उपकरणहरूको पुनर्मूल्याङ्कन विधिबाट अभिलेखिकरण गर्ने ।

**आदरणीय सदस्यज्यूहरू,**

यस चन्द्रागिरि साकोसमा अवद्ध सबैले संस्थागत सुशासन, सदस्यहरूको बचतको सुरक्षा, सुरक्षित लगानी र जोखिम न्यूनीकरण तथा सहकारीको सिद्धान्त र मूल्यहरूलाई प्राथमिकता दिई विकसित प्रणाली अवलम्बन गर्दै आफ्नो जिम्मेवारीको पालना गर्दै भूमिका निर्वाह गर्नु पर्दछ भन्ने यस समितिको मान्यता रहेको छ । तथापि, विशेषतः माथि उल्लेखित विषयवस्तुहरूमा सञ्चालक समितिको अझ गहन भूमिका रहन्छ । संस्थाले

सदस्यहरूको सर्वाङ्गिण विकासमा अझ अग्रसर भई कार्य गर्न प्रेरणा मिलोस् भनी अग्रिम शुभकामना व्यक्त गर्दछौं । साथै यस समितिले उल्लेख गरेका विषयहरूमा सदस्यज्यूहरूबाट निरन्तर चासो सहित अमूल्य सुझावको अपेक्षा गर्दछौं ।

संस्थाका कार्यक्रमहरूको आन्तरिक सुपरिवेक्षणको क्रममा आवश्यक सहयोग गर्नु भएकोमा सञ्चालक समिति, सल्लाहकार परिषद, उपसमिति तथा संस्थाका प्रमुख कार्यकारी अधिकृत समेत व्यवस्थापनका सम्पूर्ण कर्मचारी मित्रहरू प्रति कृतज्ञता सहित हार्दिक धन्यवाद समेत व्यक्त गर्दछौं । यस संस्थाका क्रियाकलापमा "**सहकार्यले नै सहकारीलाई सवल र सक्षम बनाउछ**" भन्ने भावनाबाट अभिप्रेरित भई यस संस्थाको प्रगतिका लागि सद्भाव र सहकार्य गर्ने सबै व्यक्ति तथा संघ संस्था र सरोकारवाला निकायहरू प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

अन्त्यमा, यस संस्थाका आदरणीय अध्यक्ष श्री शिव शंकर मानन्धरज्यूका सुपुत्र, सञ्चालक सदस्य श्री रूपा थापा मगरज्यूको पुजनीय पिता, संस्थामा कार्यरत कर्मचारीका अभिभावकका साथै यस संस्थाका सदस्यहरूको परिवारजनहरूको देहावशानबाट परेको अपुरणीय क्षतिका साथै विभिन्न प्राकृतिक तथा जेनजि आन्दोलनमा साहदत हुनुभएका व्यक्तिहरूमा भावपूर्ण श्रद्धाञ्जलीका साथै सम्बन्धित परिवारजनहरूप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

धन्यवाद । जय सहकारी ॥ जय चन्द्रागिरि ।॥

लेखा सुपरीवेक्षण समितिको तर्फबाट

| ............................ | ............................ | ............................ |
| --- | --- | --- |
| भानु प्रकाश ढकाल<br>संयोजक | विना रोकाय<br>सदस्य | कृष्ण प्रसाद लामिछाने<br>सदस्य |

**Adhikari Associates**
**Chartered Accountants**
Phone: 9855085750; Email: chartered.arjan@gmail.com
COP No.: 749, Firm Regd No.: 655
Website: www.adhikariassociates.com.np

## चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरू समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले यसै साथ संलग्न चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चन्द्रागिरि नगरपालिका वडा नं ०७, थानकोट महादेवस्थान काठमाडौंको ३२ आषाढ, २०८२ को वित्तीय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीतिहरू तथा टिप्पणीहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**कैफियत सहितको राय,**

हाम्रो रायमा, हामीले गरेको लेखापरीक्षणबाट यस प्रतिवेदनको कैफियत सहितको रायका आधार खण्डमा उल्लिखित बुँदाहरू र संस्थालाई लागु हुने ऐन, नियमावली तथा निर्देशन एवं नीति नियमहरूको परिपालनाको स्थितिमा उल्लेख गरेका बुँदाहरू तथा सो बुँदाहरूले वित्तीय विवरणमा पार्ने असरहरू बाहेक संलग्न रहेका वित्तीय विवरणले ३२ आषाढ, २०८२ को वित्तीय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा, नगद प्रवाह र इक्विटीमा भएको परिर्वतन प्रचलित कानुनको अधिनमा रही लेखाको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम यर्थाथ चित्रण गर्दछ ।

**कैफियत सहितको रायका आधारहरू,**

- NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान रहेकोमा संस्थाले वैकल्पिक व्यवस्था अवलम्बन गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणले २०८२/०२/०९ मा जारी गरेको मापदण्ड अनुसार कर्जा जोखिमको व्यवस्था गरेको छ जसले वित्तीय विवरणमा कर्जा जोखिमको लागि गरिएको व्यवस्था र यस वर्ष प्रस्तुत गरिएको कर्जा जोखिमको खर्चको यकिन गर्न सकिने अवस्था रहेन ।
- राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थालाई जारी निर्देशनको परिच्छेद ३ को बुँदा नं ४.१ बमोजिम कर्जा जोखिम व्यवस्था रू. ४०,९५,५३,३०४.५४ हुनुपर्नेमा संस्थाले रू. १२,१९,९४,७८०.२६ मात्र व्यवस्था गरेको छ जसले गर्दा संस्थाको नाफा नोक्सान विवरणमा रू. २८,७५,५८,५२४.२८ ले प्रभाव परेको छ ।
- राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थालाई जारी निर्देशनको परिच्छेद ३ को बुँदा नं ४.४ (क) तेस्रो पक्षको धितोमा प्रवाह गरिएका ऋण वा भौगोलिक कार्यक्षेत्र बाहिरको परियोजना/व्यवसायमा प्रवाहित ऋणलाई खराब कर्जामा वर्गीकरण गरी शत्प्रतिशत ऋण नोक्सानीको व्यवस्था गर्नुपर्ने तर संस्थाले तेस्रो पक्षको धितोमा प्रवाह गरेको बाँकी ऋण रकम रू. २,००,६६,३६४।- मा शत्प्रतिशत ऋण नोक्सानीको व्यवस्था गर्नुपर्नेमा १% को दरले रू. २,००,६६३।- मात्र ऋण नोक्सानी व्यवस्था गरेको हुँदा रू. १,९८,६५,७००.४० ले नाफा तथा कोष बढी प्रस्तुत भएको देखिन्छ ।
- संस्थाले एन.एफ.आर.एस. लागू भएसँगै ब्याज आम्दानीलाई प्रोद्भावी आधारमा लेखाङ्कन गर्ने तर संस्थाले धितोको "खूद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज १२ महिनाभन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी नजनाउने नीति लिएको भएता पनि वास्तविक रूपमा १२ महिना भन्दा बढी बक्यौता रहेको ऋणमा उठ्नु पर्ने ब्याज रकमलाई लेखाङ्कन नगर्दा ब्याज आम्दानी रू. २९,३३,७६,१५२.०२ मात्र हुनुपर्नेमा संस्थाले रू. ३१,१०,९८,३७४.०२ ब्याज आम्दानी लेखाङ्कन गरेको हुँदा संस्थाको रू. १,७७,२२,२२२.०० ले नाफा तथा कोष बढी प्रस्तुत भएको देखिन्छ ।
- अन्य सम्पत्तिको मसलन्द तथा अन्य मौज्दात अन्तर्गत दहचोक सेवाकेन्द्रमा प्रस्तुत गरिएको रू. ११,९२,००३।- विगतको वर्षदेखि अन्य सम्पत्तिमा राखिएको र उक्त रकमको सम्भावित नोक्सानी व्यवस्थामा लेखाङ्कन नगरिएको हुँदा संस्थाको नाफा र अन्य सम्पत्ति सोही रकमले बढी प्रस्तुत भएको छ ।
- अन्य पाउनुपर्ने हिसाब (एच.एण्ड.बी) मा प्रस्तुत गरिएको रू. ४१,२९,६५९.८९ र व्यवसाय परियोजना लगानीमा देखाइएको न्याचुरोप्याथी प्रोजेक्ट हिसाब रू. १३,७२,८९४.४० विगतको वर्षदेखि नै अन्य पाउनुपर्ने तथा लगानी हिसाबमा देखाइएको र उक्त रकमलाई सम्भावित नोक्सानी व्यवस्थामा लेखाङ्कन नगरिएको हुँदा संस्थाको नाफा र अन्य पाउनुपर्ने तथा लगानी हिसाब सोही रकमले बढी प्रस्तुत भएको छ ।
- हामीले लेखापरीक्षणमान अनुसार हाम्रो लेखापरीक्षण सम्पन्न गर्‍यौं । हामीले वहन गर्नुपर्ने उक्त मान अनुरूपको उत्तरदायित्व पुनः अर्को परिच्छेद "वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्व" अन्तर्गत वर्णन गरेका छौं । हामी वित्तीय विवरणको लेखापरीक्षण गर्न सान्दर्भिक नैतिक आवश्यकताको साथै प्रोफेशनल एकाउन्टेन्टको लागि आइक्यानको ह्यान्ड बुक अन्तर्गत आचारसंहिता

बमोजिम संस्थासँग स्वतन्त्र छौं र हामीले यी आवश्यकताहरूका साथै अन्य नैतिक जिम्मेवारीहरू आइक्यानको प्रोफेशनल एकाउन्टेन्टको लागि नैतिक पुस्तिका अनुसार पुरा गरेका छौं । हामीले प्राप्त गरेको लेखापरीक्षणका प्रमाणहरूले हाम्रो रायका लागि पर्याप्त तथा उचित आधार प्रदान गर्दछ भन्नेमा हामी विश्वस्त छौं ।

**लेखापरीक्षणका मुख्य मामिलाहरू (Key Audit Matters) :**

लेखापरीक्षणका मुख्य मामिला ती विषयहरू हुन् जुन हाम्रो व्यवसायिक निर्णयमा हालको अवधिको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वको विषय रहेको हुन्छ । उक्त मामिलाहरू वित्तीय विवरणहरूको लेखापरीक्षणको क्रममा तथा राय व्यक्त गर्ने क्रममा सम्बोधन गरिएका छन् तथा त्यसमा हाम्रो राय व्यक्त गर्दा, सो मामलामा अलग राय व्यक्त गरिएको छैन । हामीले तल उल्लेखित व्यहोराहरूलाई निर्धारण गरी मुख्य लेखापरीक्षण व्यहोराहरूको रूपमा सूचित गर्न यस प्रतिवेदनमा समावेश गरेका छौं :

| | | |
|---|---|---|
| १. | **सूचना प्रविधि प्रणाली**<br>संस्थाको प्राय सबै कारोवारहरू सूचना प्रविधि मार्फत सञ्चालन हुने तथा डिजिटल भण्डारण हुने भएकोले र कुनै पनि नियन्त्रण त्रुटी, प्रमाणीकरण विफलता, गलत इनपुट डाटा तथा डाटाको गलत प्रयोग हुन सक्ने सम्भावनाले हामीले पहिचान गरेको व्यवस्थापन र नियामकहरूलाई डाटाको गलत रिपोटिङ् हुन सक्ने उच्च सम्भावनाको कारण हामीले सूचना प्रणालीलाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रूपमा मानेका छौं । | **लेखापरीक्षकको सम्बोधन**<br>Data Backup को लागि संस्थाले अनुसरण गरेको नीति जाँच गरियो । हामीले सूचना प्रणाली तथा सोको नियन्त्रण प्रणालीहरू पर्याप्त रहेको पायौं तथापि समयानुकुल सुधार गर्दै जानुपर्ने देखिन्छ । हामीले नमूनाको आधारमा ऋणको ब्याज आम्दानी र निक्षेपको ब्याज खर्चको जाँच गर्यौ । संस्थाको कारोवारको परिमाणलाई मध्येनजर गर्दा संस्थाले सूचना प्रणाली व्यवस्थापन नीति समय सापेक्ष तयार गरी अद्यावधिक गर्नुपर्ने ठान्यौं । |
| २. | **कानुनी अनुपालना**<br>सहकारीले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, नियामक निकायको निर्देशन र अन्य ऐनहरूको अनुपालना गर्नुपर्ने हुन्छ । ऐन, नियमावली र निर्देशनको अनुपालना नहुँदा जरिवाना र दण्ड सजाय हुने हुँदा कानुनी अनुपालनालाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रूपमा मानेका छौं । | **लेखापरीक्षकको सम्बोधन**<br>सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, नियामक निकायको निर्देशन, आय कर ऐन २०५८, आय कर नियमावली, सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्) निवारण ऐन/नियमावली/निर्देशन, र श्रम ऐन/नियमावलीको अनुपालना जाँच गरियो । नियामक निकायमा पेश गरिएको विवरणहरू जाँच गरियो । संस्थाले कानुनी अनुपालनाका अधिकांश पक्षहरूको पालना गरेको पाइयो । तथापि अझै केही कुराहरू कार्यान्वयन गर्नुपर्ने ठान्यौं । |

**मुख्य लेखापरीक्षण व्यहोराहरूः**

लेखापरीक्षणको क्रममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रणसँग सम्बन्धित विषयहरू तथा सोको निराकरणका लागि दिइएका सुझावहरू (व्यवस्थापन पत्र) प्रति यहाँहरूको ध्यानाकर्षण गर्दछौं । साथै मुख्य लेखापरीक्षण व्यहोराहरू निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको छ । यस विषय उपर माथि उल्लेख गरिए अतिरिक्त हाम्रो रायको सन्दर्भमा कुनै परिमार्जन भएको छैन ।

- तत्कालिन एच. एण्ड बि. (हाल लुम्बिनी विकास बैंक लि.) ले जारी गरेको गुडफर पेमेन्ट वापतको रू. २१,००,००,०००।- रकम मध्ये रू. १२,६०,००,०००।- मिति २०७१/०९/१७ गतेसम्म संस्थाले प्राप्त गरिसकेको देखिन्छ । सो रकम ऋणीहरूबाट असुल गर्नुपर्ने रू. २१,००,००,०००।- बैंक ब्यालेन्स ऋण मध्येबाट घटाइ बाँकी रकम रू. ८,४०,००,०००।- ऋणीहरू कै नाममा यथावत रहेको देखिन्छ ।
- तत्कालिन एच. एण्ड बि. (हाल लुम्बिनी विकास बैंक लि.) विरूद्धको मुद्दा सर्वोच्च अदालबाट फैसला भएको अवस्था रहेता पनि हिसाबहरू भने फरफारक हुन बाँकी रहेको छ । सो वापत अदालतमा रू १९,०४,४३०।- धरौटी रहेको छ ।

**व्यवस्थापन तथा सुशासनसँग सम्बन्धित व्यक्तिहरूको उत्तरदायित्वः**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतीकरण गर्ने सम्बन्धी नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागु गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखा नीतिको छनौट गर्ने र लागु गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरू पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छिन्नता (Going Concern) कायम गर्न सक्ने/नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोवारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छिन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

**वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्व**

हाम्रो उद्देश्य सम्पूर्ण वित्तीय विवरणहरू सारभूत त्रुटिरहित छ कि छैन भन्ने बारे उचित उपयुक्त आश्वासन प्राप्त गर्नु र हाम्रो राय समावेश भएको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो तर यसले लेखापरीक्षणमान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभूत त्रुटी पत्ता लगाउँदछ भन्ने प्रत्याभुत गर्दैन । त्रुटीहरू ठगी, गल्ती वा धोकाधडीबाट उत्पन्न हुन

सक्दछन् र त्यसले एकल वा समग्रमा प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रूपमा गलत रहेको मानिन्छ । व्यवस्थापनले कार्यान्वयन गरेको अविच्छिन्नताको आधारमा उपयुक्तताको साथै लेखापरीक्षणका प्रमाणका आधारमा अविच्छिन्नताको सारभूत अनिश्चितता माथि शङ्का उत्पन्न गर्ने घटना वा अवस्थाहरू रहे नरहेको यकिन गर्दछ । यदि सारभूत अनिश्चितता रहेको निष्कर्षमा पुगेको खण्डमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणहरूसँग सम्बन्धित खुलासाहरूमा ध्यान केन्द्रित गर्न आवश्यक हुन्छ । यदि त्यस्ता खुलासाहरू अपर्याप्त छन् भने हाम्रो रायमा परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदनको मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित छ ।

**मन्तव्य,**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौ कि;

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

(ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाका हिसाब किताबहरू सहकारी विभागद्वारा लेखापरीक्षकले पेश गर्नुपर्ने लेखापरीक्षण लङ्ग फर्म प्रतिवेदनमा उल्लेखित टिप्पणीहरू बाहेक प्रचलित ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

(ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाब (आय विवरण), नगद प्रवाह विवरण र प्रमुख लेखा नीति तथा टिप्पणीहरू संस्थाले राखेको हिसाब किताब, बही खाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

(घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा माथि कैफियत सहितको रायका आधार सम्बन्धी खण्डमा उल्लिखित बुँदाहरू र व्यवस्थापन प्रतिवेदनमा उल्लेख गरिएका टिप्पणीहरू बाहेक सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामीना गरेको वा संस्था र बचतकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

(ङ) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा र माथि रायको आधारमा उल्लेख गरिएको विषय बाहेक संस्थाको कारोवार सन्तोषजनक रूपमा सञ्चालन भएको र संस्थाको अख्तियारी भित्र रहेको पायौं ।

(च) माथिको रायका आधारमा उल्लेख गरिएको विषय बाहेक संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

**अन्य कानुनी तथा नियमनकारी आवश्यकता अनुसारको प्रतिवेदनः**

माथि उल्लिखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई उपलब्ध सूचना तथा स्पष्टीकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौं ।

(क) हामीलाई लेखापरीक्षणको लागि आवश्यक सूचना तथा स्पष्टीकरणहरू माथि मन्तव्यको बुँदा नं (क) मा उल्लेख गरे अनुसार यथाशीघ्र पायौं ।

(ख) हाम्रो लेखापरीक्षणको आधारमा संस्थाले;

(१) व्यवस्थापन पत्र (प्रारम्भिक प्रतिवेदन) का साथै निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको विषयहरूमा बाहेक सहकारी सिद्धान्त, मूल्यमान्यता अनुरूप काम गरेको पायौं ।

१.१ संस्थाले विगतका वर्षहरूमा तेश्रो पक्षको धितो राखेर प्रवाह गरिएका कर्जाहरू मध्ये न्यूनत मात्रामा हालसम्म पनि ऋण चुक्ता हुने बाँकी रहेको देखिन्छ ।

१.२. संस्थाले सहकारी विभागले जारी गरेको निर्देशन अनुसार असल ऋणमा पनि कर्जा जोखिम कोषको व्यवस्था गर्नुपर्नेमा संस्थाले हाल भाखा नाघेको ऋणमा मात्र कर्जा जोखिम कोषको व्यवस्था गरेको छ ।

- लेखापालनमा माथिको रायको आधारमा जनाइएको कैफियत बाहेक ऐनको दफा ७४ बमोजिम लेखा राखेको पायौं ।
- ऐनको दफा ६८, ६९ र ७० मा व्यवस्था गरे बमोजिमको कोषहरूमा बचत रकम जम्मा गरेको पायौं ।

सि.ए. आर्जन अधिकारी
प्रोपाईटर
अधिकारी एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति : २०८२/०६/३०
स्थान : चन्द्रागिरि-०७, काठमाडौं, नेपाल ।
UDIN Number : 251116CA01062nfZxR

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाडौं

**२०८२ साल आषाढ मसान्तको**

## वित्तीय स्थितिको विवरण पत्र (वासलात)

| सम्पत्ति | अनुसूची | आषाढ मसान्त २०८२ (रू.) | आषाढ मसान्त २०८१ (रू.) |
|---|---|---|---|
| नगद तथा नगद समान | ४.१ | ४४,७४,१२०.०० | ४४,९०,९६५.०० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.२ | ७१,८५,९९,०२९.१८ | ५५,१३,९४,९५४.९७ |
| ऋण लगानी | ४.३ | २,१५,८६,६१,७८४.३३ | २,२०,९९,५८,२४१.५१ |
| वित्तीय लगानी हिसाब | ४.४ | ३८,७३,२१,६९८.०७ | ४६,४८,७२,३२८.५७ |
| चालु कर सम्पत्ति | ४.५ | २,५६,२७,७५४.९९ | २,५९,७८,६२८.७७ |
| लगानी सम्पत्तिहरू | ४.६ | १,०१,४८,२९५.५६ | १,०१,४८,२९५.५६ |
| सम्पत्ति तथा उपकरण | ४.७ | ११,९५,६२,८३७.४८ | ९,४४,८४,०९३.४३ |
| ख्याती तथा अमूर्त सम्पत्ति | ४.८ | ६,०४,९७३.२४ | ६,९७,६१३.३६ |
| स्थगन कर सम्पत्ति | ४.९ | - | - |
| अन्य सम्पत्ति | ४.१० | २,४४,०२,७५१.८४ | १,९६,९४,५३७.२३ |
| **कुल सम्पत्ति** | | **३,४४,९४,०३,२४४.६९** | **३,३८,१७,१९,६५८.४१** |

| पुँजी तथा दायित्व | अनुसूची | आषाढ मसान्त २०८२ (रू.) | आषाढ मसान्त २०८१ (रू.) |
|---|---|---|---|
| दायित्वहरू | | | |
| तिर्न बाँकी कर्जा सापट | ४.११ | - | - |
| सदस्यबाट बचत/निक्षेप दायित्व | ४.१२ | ३,०१,९७,८७,९८८.१७ | २,९७,७८,३५,६५०.५१ |
| चालु कर दायित्व | ४.५ | | |
| व्यवस्था | ४.१३ | | |
| स्थगन कर दायित्व | ४.९ | ४,२९,८०६.२७ | १३,७७,६६६.६७ |
| पट्टा दायित्व | ४.१४ | १,०६,८४,२१४.११ | ९४,६२,२८१.९५ |
| अन्य दायित्व | ४.१५ | ४,१९,७४,३८१.४१ | ५,४४,२२,२१८.०८ |
| कुल दायित्व | | ३,०७,२८,७६,३८९.९६ | ३,०४,३०,९७,८१७.२१ |
| पुँजी | | | |
| शेयर पुँजी | ४.१६ | २२,७५,५२,३००.०० | २१,१६,३५,४००.०० |
| साधारण जगेडा कोष | | १०,५४,२३,३९३.६५ | ९,४५,१६,१७०.१७ |
| अन्य कोषहरू | ४.१७ | ४,३५,५१,१६१.०८ | ३,२४,७०,२७१.०२ |
| कुल इक्विटी | | ३७,६५,२६,८५४.७३ | ३३,८६,२१,८४१.१९ |
| गैर नियन्त्रण स्वार्थ | | | |
| कुल पुँजी तथा दायित्व | | ३,४४,९४,०३,२४४.६९ | ३,३८,१७,१९,६५८.४१ |
| सम्भावित दायित्व र प्रतिवद्धता | ४.१८ | | |
| प्रति शेयर खूद सम्पत्ति मुल्य | रू. | १६५ | १६० |

| सुमित्रा त्रिपाठी | कृष्ण कुमार श्रेष्ठ | मीना कुमारी खराल | शिव शंकर मानन्धर | सि.ए. आर्जन अधिकारी |
|---|---|---|---|---|
| व्यवस्थापक | प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | अधिकारी एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट |

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाडौं

**मिति २०८१ श्रावण १ गतेदेखि २०८२ आषाढ ३२ सम्म**

## नाफा नोक्सान (आय व्यय) विवरण

| विवरण | अनुसूची | आषाढ मसान्त २०८२ (रू.) | आषाढ मसान्त २०८१ (रू.) |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.१९ | ३४,२२,०३,७७०.२५ | ३८,६५,३९,५७३.६९ |
| हर्जना न्यून छुट खर्च | | - | ३,००,३६५.०० |
| ब्याज खर्च | ४.२० | २३,१६,०२,५२७.०३ | ३२,३५,७७,९१२.६८ |
| खूद ब्याज आम्दानी | | ११,०६,०१,२४३.२२ | ६,२६,६१,२९६.०१ |
| शुल्क तथा कमिशन आम्दानी | ४.२१ | १,७२,९३,०७६.९७ | २,२५,९५,९६८.५७ |
| शुल्क तथा कमिशन खर्च | ४.२२ | ५,५५,१४४.०० | ३,३६,६८५.०० |
| खूद शुल्क र कमिशन आम्दानी | | १,६७,३७,९३२.९७ | २,२२,५९,२८३.५७ |
| खूद ब्याज, शुल्क र कमिशन आम्दानी | | १२,७३,३९,१७६.१९ | ८,४९,२०,५७९.५८ |
| खूद व्यापार आम्दानी | ४.२३ | - | - |
| अन्य सञ्चालन आम्दानी | ४.२४ | ४,५७,७३९.५५ | ८,१०,४५६.५१ |
| जम्मा सञ्चालन आम्दानी | | १२,७७,९६,९१५.७४ | ८,५७,३१,०३६.०९ |
| कर्जाको क्षति प्रभार/विपयर्य तथा अन्य हानी | ४.२५ | २,६०,५५,०६०.०० | १,१८,८७,१२३.६६ |
| खूद सञ्चालन आम्दानी | | १०,१७,४१,८५५.७४ | ७,३८,४३,९१२.४३ |
| सञ्चालन खर्च | | | |
| कर्मचारी खर्च | ४.२६ | ३,४९,५४,५६२.३३ | ३,१८,५२,५१७.०८ |
| अन्य सञ्चालन खर्च | ४.२७ | १,९०,९१,६७८.३१ | १,९५,२३,०८५.०१ |
| ह्रास कट्टी र परिशोधन खर्च | ४.२८ | ७१,७७,८१३.७७ | ६८,३२,७२४.५९ |
| सञ्चालन नाफा | | ४,०५,१७,८०१.३३ | १,५६,३५,५८५.७५ |
| गैर सञ्चालन आम्दानी | ४.२९ | ३२,४७,११८.०० | ३७,२०,४५९.०० |
| गैर सञ्चालन खर्च | ४.३० | ३६,७८,४२१.९८ | - |
| आयकर अघिको नाफा | | ४,००,८६,४९७.३५ | १,९३,५६,०४४.७५ |
| आयकर खर्च | ४.३१ | ४३,७३,३२०.७७ | १८,७१,३६६.२३ |
| चालु कर | | ५३,२१,१८१.१८ | १८,०३,७१९.९० |
| स्थगन कर खर्च/आम्दानी | | (९,४७,८६०.४१) | ६७,६४६.३३ |
| यस अवधिको नाफा | | ३,५७,१३,१७६.५८ | १,७४,८४,६७८.५२ |
| नाफा बाँडफाँड | | | |
| सहकारी शेयर सदस्य | | ३,५७,१३,१७६.५८ | १,७४,८४,६७८.५२ |
| गैर नियन्त्रण स्वार्थ (Non Controlling Interest) | | | |
| यस अवधिको नाफा | | ३,५७,१३,१७६.५८ | १,७४,८४,६७८.५२ |
| प्रति शेयर आम्दानी | | | |
| आधारभूत प्रति शेयर आम्दानी (Basic EPS) | | १५.६९ | ८.२६ |
| डाइलुटेड प्रति शेयर आम्दानी (Diluted EPS) | | १५.६९ | ८.२६ |

| सुमित्रा त्रिपाठी<br>व्यवस्थापक | कृष्ण कुमार श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत | मीना कुमारी खराल<br>कोषाध्यक्ष | शिव शंकर मानन्धर<br>अध्यक्ष | सि.ए. आर्जन अधिकारी<br>अधिकारी एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट |
|---|---|---|---|---|

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाडौं

**मिति २०८१ श्रावण १ गतेदेखि २०८२ आषाढ ३२ सम्म**

## अन्य विस्तृत आम्दानीको विवरण

| विवरण | आषाढ मसान्त २०८२ (रू.) | आषाढ मसान्त २०८१ (रू.) |
|---|---|---|
| यस वर्षको नाफा | १,७४,८४,६७८.५२ | १,७७,८५,०४३.५२ |
| आयकरपछिको अन्य विस्तृत आम्दानी | | |
| क) नाफा/(नोक्सान) मा पुनः वर्गीकरण नगरिने | | |
| फेयर भ्यालुमा मूल्याङ्कन गरिएका इक्विटी उपकरणका लगानीबाट भएका नाफा/(नोक्सान) | | - |
| पुनः मूल्याङ्कनबाट भएका नाफा/(नोक्सान) | | - |
| परिभाषित लाभ योजनाबाट बीमाङ्कित नाफा/(नोक्सान) | - | - |
| माथि उल्लेख गरिएको बुँदाको आयकर | - | - |
| नाफा/(नोक्सान) मा पुनः वर्गीकरण नगरिने खूद अन्य विस्तृत आम्दानी | - | - |
| ख) नाफा/(नोक्सान) मा पुनः वर्गीकरण गरिएका वा गर्न लायक | | |
| हेजिङ्गबाट भएको नगद प्रवाहको नाफा/(नोक्सान) | | - |
| सटही नाफा/(नोक्सान) (विदेशी सञ्चालनको वित्तीय सम्पत्तिको रूपान्तरणमा भएको) | | - |
| माथि उल्लेख गरिएको बुँदाको आयकर | | - |
| नाफा/(नोक्सान) पुनः वर्गीकरण | | - |
| नाफा/(नोक्सान) मा पुनः वर्गीकरण गरिएका वा गर्न लायक अन्य विस्तृत आम्दानी | - | - |
| ग) इक्विटी तरिकाबाट लेखाङ्कित सहायक निकायको अन्य विस्तृत आम्दानीको अंश | | - |
| यस वर्षको आयकरपछिको अन्य विस्तृत आम्दानी | - | - |
| जम्मा विस्तृत आम्दानी | १,७४,८४,६७८.५२ | १,७७,८५,०४३.५२ |

| सुमित्रा त्रिपाठी<br>व्यवस्थापक | कृष्ण कुमार श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत | मीना कुमारी खराल<br>कोषाध्यक्ष | शिव शंकर मानन्धर<br>अध्यक्ष | सि.ए. आर्जन अधिकारी<br>अधिकारी एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट |
|---|---|---|---|---|

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाडौं

**२०८२ आषाढ ३२ सम्म**

## बचत (नाफा नोक्सान) बाँडफाँड हिसाब

| विवरण | प्रतिशत | आषाढ मसान्त २०८२ (रू.) | आषाढ मसान्त २०८१ (रू.) |
|---|---|---|---|
| नाफा नोक्सान विवरण बमोजिमको नाफा/(नोक्सान) | | ३,५७,१३,१७६.५८ | १,७४,८४,६७८.५२ |
| बाँडफाँडः | | | |
| अघिल्लो वर्षसम्मको सञ्चित नोक्सानी | | - | - |
| NFRS समायोजन कोष अघिको नाफा/नोक्सान | | ३,५७,१३,१७६.५८ | १,७४,८४,६७८.५२ |
| क) ब्याज वक्यौता/अघिल्लो ब्याज वक्यौता प्राप्ति घट/बढ | | (१,७३,६३,६६७.००) | ८२,०४,४६८.०० |
| ख) स्थगन कर सम्पत्ति घट/बढ | | - | - |
| ग) बीमाङ्कित कोषको घट/बढ | | - | - |
| घ) मोलतोल खरिदमा नाफाको घट/बढ | | - | - |
| ङ) गैर बैंकिङ्ग सम्पत्तिको व्यवस्थामा घट/बढ | | - | - |
| च) ख्यातिको (Goodwill) घट/बढ | | | - |
| NFRS समायोजन कोषपछिको नाफा/नोक्सान | | १,८३,४९,५०९.५८ | २,५६,८९,१४६.५२ |
| क) साधारण जगेडा कोष | २५ | ४५,८७,३७७.३९ | ६४,२२,२८६.६३ |
| संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा नाफा बाँडफाँड अगाडिको नाफा | | १,३७,६२,१३२.१८ | १,९२,६६,८५९.८९ |
| ख) संरक्षित पुँजी फिर्ता कोष | २५ | ३४,४०,५३३.०५ | ४८,१६,७१४.९७ |
| ग) सहकारी प्रवर्द्धन कोष | ०.५ | ६८,८१०.६६ | ९६,३३४.३० |
| अन्य कोषमा बाँडफाँड अगाडिको नाफा | | १,०२,५२,७८८.४८ | १,४३,५३,८१०.६२ |
| शेयर लाभांश कोष | ५० | ५१,२६,३९४.२४ | ७१,७६,९०५.३१ |
| घाटापूर्ति कोष | ५ | ५,१२,६३९.४२ | ७,१७,६९०.५३ |
| कर्मचारी बोनस कोष | १५ | १५,३७,९१८.२७ | २१,५३,०७१.५९ |
| सहकारी शिक्षा कोष | १० | १०,२५,२७८.८५ | १४,३५,३८१.०६ |
| सहकारी विकास कोष | ५ | ५,१२,६३९.४२ | ७,१७,६९०.५३ |
| सामुदायिक विकास कोष | ५ | ५,१२,६३९.४२ | ७,१७,६९०.५३ |
| सहकारी स्थिरीकरण कोष | ५ | ५,१२,६३९.४२ | ७,१७,६९०.५३ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ | ५,१२,६३९.४२ | ७,१७,६९०.५३ |
| बाँडफाँडपछिको नाफा | | - | - |
| सञ्चित मुनाफा | | - | - |

| सुमित्रा त्रिपाठी<br>व्यवस्थापक | कृष्ण कुमार श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत | मीना कुमारी खराल<br>कोषाध्यक्ष | शिव शंकर मानन्धर<br>अध्यक्ष | सि.ए. आर्जन अधिकारी<br>अधिकारी एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट |
|---|---|---|---|---|

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाडौं

**मिति २०८१ श्रावण १ गतेदेखि २०८२ आषाढ ३२ सम्म**

## नगद प्रवाह विवरण

| विवरण | आषाढ मसान्त २०८२ (रू.) | आषाढ मसान्त २०८१ (रू.) |
|---|---|---|
| **(क) कारोवार सञ्चालनबाट नगद प्रवाह** | **११,६२,१२,९००.६५** | **१८,२९,३६,२८६.५७** |
| **१. नगद प्राप्ति** | **३४,२९,५६,१५९.३२** | **४१,२४,७८,०५८.३१** |
| ब्याज आम्दानी | ३२,५२,५३,१४६.४५ | ३८,९८,०२,०५७.६१ |
| अन्य कारोवार सञ्चालनबाट प्राप्ति | | |
| शुल्क तथा कमिशन प्राप्ति | १,७२,९३,०७६.९७ | २,२५,९५,९६८.५७ |
| अपलेखित कर्जाको असुली | - | - |
| अन्य आम्दानी | ४,०९,९३५.९० | ८०,०३२.१३ |
| **२. नगद भुक्तानी** | **(२८,४६,५२,७१६.३८)** | **(३७,४०,८५,२८१.९९)** |
| ब्याज खर्च | (२३,०६,९७,१७८.०७) | (३२,२६,१७,८५१.९८) |
| कर्मचारी खर्च | (३,४३,०८,७१६.००) | (३,१६,०७,६६०.००) |
| कार्यालय सञ्चालन खर्च | (१,९०,९१,६७८.३१) | (१,९५,२३,०८५.०१) |
| कमिशन तथा शुल्क भुक्तानी | (५,५५,१४४.००) | (३,३६,६८५.००) |
| अन्य खर्च | - | - |
| सञ्चालन सम्पत्ति र दायित्वको घटबढ अघिको सञ्चालन नगद प्रवाह | ५,८३,०३,४४२.९४ | ३,८३,९२,७७६.३२ |
| सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि) | ३,३५,१०,४११.८४ | (१६,२८,२६,००६.२७) |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | - | - |
| अन्य अल्पकालिन लगानीमा कमी/(वृद्धि) | - | - |
| कर्जा तथा सापट खरिद कमी/(वृद्धि) | ३,७८,६७,७५२.६७ | (१५,४९,३९,७२३.८४) |
| अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (४३,५७,३४०.८३) | (७८,८६,२८२.४३) |
| सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/वृद्धि | २,९७,२०,२२७.०५ | ३०,९१,७३,२३६.४२ |
| निक्षेप दायित्वमा (कमी)/वृद्धि | ४,१९,५२,३३७.६६ | ३०,१८,०३,६५०.३१ |
| सर्टिफिकेट अफ डिपोजिटमा (कमी)/वृद्धि | - | - |
| अल्पकालिन सापटीमा (कमी) /वृद्धि | | |
| अन्य दायित्वमा (कमी)/वृद्धि | (१,२२,३२,११०.६१) | ७३,६९,५८६.११ |
| आयकर अगाडिको कार्यगत गतिविधिबाट खूद नगद प्रवाह | | |
| आयकर भुक्तानी | (५३,२१,१८१.१८) | (१८,०३,७१९.९०) |
| कार्यगत गतिविधिबाट खूद नगद प्रवाह | | |
| **(ख) लगानी कारोवारमा नगद प्रवाह** | **५,१९,२०,९२४.७५** | **(१५,२२,४१,२७३.८५)** |
| दीर्घकालिन लगानीमा कमी/(वृद्धि) | ७,७५,५०,६३०.५० | (१५,१२,५२,१८८.२८) |
| स्थिर सम्पत्तिमा कमी/(वृद्धि) | (२,८९,२४,६२७.४०) | (५२,९२,१६८.९५) |
| स्थिर सम्पत्तिको बिक्री | - | - |
| अमुर्त सम्पत्तिको खरिद | - | (१,४७,८००.००) |
| अमुर्त सम्पत्तिको बिक्रीबाट प्राप्ति | | |
| लगानी सम्पत्ति खरिद | - | - |

| विवरण | आषाढ मसान्त २०८२ (रू.) | आषाढ मसान्त २०८१ (रू.) |
|---|---:|---:|
| लगानी सम्पत्ति बिक्रीबाट प्राप्ति | | |
| व्यापार संयोजन लगानीबाट प्राप्त नगद | | |
| लाभांश प्राप्ति | ४७,८०३.६५ | ७,३०,४२४.३८ |
| अन्य गैर सञ्चालन कारोवारबाट प्राप्ति | १३,७७,५१५.०० | १७,२१,४५९.०० |
| घर भाडाबाट प्राप्ति | १८,६९,६०३.०० | १९,९९,०००.०० |
| **(ग) वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | **(९,४६,५९६.२०)** | **१६,८१,८३८.२२** |
| दीर्घकालिन ऋण (बण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी) | - | (१,२१,००,०००.००) |
| शेयर पुँजीमा वृद्धि/(कमी) | १,५९,१६,९००.०० | २,०४,१०,०००.०० |
| वित्तीय लगानीमा वृद्धि/(कमी) | - | - |
| पट्टा दायित्व भुक्तानी | (२९,२२,७०७.०९) | (२५,६६,३१७.२०) |
| लाभांश भुक्तानी | (७१,७०,३३७.७७) | (११,९४,८८५.०३) |
| कोषबाट भुक्तानी | (६७,९०,००१.३४) | (८९,८४,३४८.८९) |
| कोषबाट अन्य दायित्वमा सारिएको | | |
| कोषमा थप/(उपयोग) | १९,५५०.०० | ६१,१७,३८९.३४ |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **१६,७१,८७,२२९.२०** | **३,२३,७६,८५०.९४** |
| **नगद तथा नगद समानको सुरूवाती मौज्दात** | **५५,५८,८५,९१९.९८** | **५२,३५,०९,०६९.०४** |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | **७२,३०,७३,१४९.१७** | **५५,५८,८५,९१९.९८** |

| सुमित्रा त्रिपाठी<br>व्यवस्थापक | कृष्ण कुमार श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत | मीना कुमारी खराल<br>कोषाध्यक्ष | शिव शंकर मानन्धर<br>अध्यक्ष | सि.ए. आर्जन अधिकारी<br>अधिकारी एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट |
|---|---|---|---|---|

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाडौं

**मिति २०८१ श्रावण १ गतेदेखि २०८२ आषाढ ३२ सम्म**

## इक्विटीमा भएको परिवर्तन

| विवरण | शेयर पुँजी | साधारण जगेडा कोष | NFRS समायोजन कोष | फेयर भ्यालू कोष | सञ्चित मुनाफा | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| श्रावण १, २०८० सालको मौज्दात | १९,१२,२५,४००.०० | ८,४७,०१,४९८.६१ | २,१२,११,२८०.०० | - | - | १,२९,८४,७६९.२३ | ३१,०१,२२,९४७.८४ |
| समायोजनः अन्य दायित्वमा पुनः वर्गीकरण गरिएको | | | | | | (५७,६७,७८६.०३) | (५७,६७,७८६.०३) |
| समायोजनः अन्य दायित्वबाट अन्य कोषमा पुनः वर्गीकरण गरिएको | | | | | | २१,५३,०७१.५९ | २१,५३,०७१.५९ |
| श्रावण १, २०८० सालको समायोजित मौज्दात | १९,१२,२५,४००.०० | ८,४७,०१,४९८.६१ | २,१२,११,२८०.०० | - | - | ९३,७०,०५४.७९ | ३०,६५,०८,२३३.४० |
| नाफा | - | - | - | | १,७४,८४,६७८.५२ | | १,७४,८४,६७८.५२ |
| आयकर पश्चातको अन्य विस्तृत आम्दानी | - | - | - | | | | - |
| फेयर भ्यालूमा मूल्याङ्कन गरिएका इक्विटी उपकरणका लगानीबाट भएका नाफा/(नोक्सान) | | | | | | | - |
| पुनः मूल्याङ्कनबाट भएका नाफा/(नोक्सान) | | | | | | | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/(नोक्सान) | | | | | | - | - |
| कार्यालय सञ्चालन खर्च | - | ३,८७२.४९ |
| **अन्य सञ्चालन खर्च** | **७७,१७,९६०.००** | **८३,९७,७८७.४७** |
| साधारण सभा खर्च | ६,९६६,४८४.०० | ६८,५३,५२७.०० |
| योजना तथा कार्यशाला | - | २,५५,४११.०० |
| तालिम खर्च | १०८,९४६.०० | २,५२,५५६.०० |
| कार्यालय पूजा खर्च | ४६,२१५.०० | ३९,९९८.०० |
| लघुवित्त हित कोष खर्च | ५,०२०.०० | १६,४००.०० |
| रक्तदान कार्यक्रम खर्च | - | ७३,०९७.०० |
| एक्सेस ब्रान्डिङ्ग शुल्क | १०५,०००.०० | २,४७,५५५.०० |
| पोशाक खर्च (सञ्चालक) | १८३,१००.०० | २,१४,४००.०० |
| परिवहन खर्च (सञ्चालक) | १३५,०००.०० | १,८०,०००.०० |
| ओमन्स क्रियशन साकोसको खर्च | - | २,५३,७३३.४७ |
| कर्मचारी छनौट खर्च | - | ११,११०.०० |
| सदस्य कार्यक्रम खर्च | १३,२९८.०० | ०.०० |
| सेवाकेन्द्र स्थापना खर्च | १५४,८९७.०० | ०.०० |
| **मर्मत सम्भार खर्च** | **१,३४४,०२०.७२** | **१४,१३,०५५.४७** |
| मर्मत सम्भार खर्च | ८५३,६९०.७२ | ७,४०,५५४.०१ |
| वार्षिक मर्मत सम्भार खर्च | ४९०,३३०.०० | ६,७२,५०१.४६ |
| **जम्मा** | **१९,०९१,६७८.३१** | **१,९५,२३,०८५.०१** |

## ४.२८ ह्रासकट्टी र परिशोधन (Depreciation & Amortization)

| विवरण | आषाढ मसान्त २०८२ (रू.) | आषाढ मसान्त २०८१ (रू.) |
|---|---|---|
| सम्पत्ति तथा सामाग्रीमा ह्रासकट्टी | ७०,८५,१७३.६४ | ६७,५४,८२३.९७ |
| लगानी सम्पत्तिमा ह्रासकट्टी | - | - |
| अमूर्त सम्पत्तिको परिशोधन | ९२,६४०.१२ | ७७,९००.६२ |
| **जम्मा** | **७१,७७,८१३.७७** | **६८,३२,७२४.५९** |

## ४.२९ गैर सञ्चालन आम्दानी

| विवरण | आषाढ मसान्त २०८२ (रू.) | आषाढ मसान्त २०८१ (रू.) |
|---|---|---|
| घर भाडा आम्दानी | १८,६९,६०३.०० | १९,९९,०००.०० |
| एम्बुलेन्स सञ्चालन आम्दानी | ७,९१,५२०.०० | ९,८१,०६०.०० |
| भ्यान सञ्चालन आम्दानी | १,७४,४५६.०० | ३,२६,२१०.०० |
| शब वाहन सञ्चालन आम्दानी | ३,३३,४००.०० | ४,०३,१००.०० |
| सामान बिक्रीबाट आम्दानी | - | ०.०० |
| विद्युत शुल्क | ७८,१३९.०० | ११,०८९.०० |
| **जम्मा** | **३२,४७,११८.००** | **३७,२०,४५९.००** |

### ४.३० गैर सञ्चालन खर्च

| विवरण | आषाढ मसान्त २०८२ (रू.) | आषाढ मसान्त २०८१ (रू.) |
|---|---|---|
| कर्जा अपलेखन | - | - |
| स्थिर सम्पत्ति अपलेखन खर्च | - | - |
| स्थिर सम्पत्ति बिक्रीबाट नोक्सानी | - | - |
| पट्टा दायित्व समायोजन खर्च | - | - |
| पुर्नसंरचना खर्च | - | - |
| अपलेखन खर्च | ३६,७८,४२१.९८ | - |
| **जम्मा** | **३६,७८,४२१.९८** | - |

### ४.३१ आयकर खर्च

| विवरण | आषाढ मसान्त २०८२ (रू.) | आषाढ मसान्त २०८१ (रू.) |
|---|---|---|
| चालु कर खर्च | ५३,२१,९८१.९८ | १८,०३,७१९.९० |
| यस वर्ष | ५३,२१,९८१.९८ | १८,०३,७१९.९० |
| पछिल्लो वर्षहरूको समायोजन | - | - |
| स्थगन कर खर्च | (९,४७,८६०.४१) | ६७,६४६.३३ |
| अल्पकालिन भिन्नताहरूको सुरूवात र रिभर्सल | (९,४७,८६०.४१) | ६७,६४६.३३ |
| कर दरमा परिवर्तन | - | - |
| पहिले लेखाङ्कन नगरिएको कर घाटा | - | - |
| **जम्मा आयकर खर्च** | **४३,७३,३२०.७७** | **१८,७१,३६६.२३** |

### ४.३१.१ कर खर्च र लेखाङ्कन नाफाको मिलान

| विवरण | आषाढ मसान्त २०८२ (रू.) | आषाढ मसान्त २०८१ (रू.) |
|---|---|---|
| कर अघिको नाफा | ४,००,८६,४९७.३५ | १,९३,५६,०४४.७५ |
| कर १० प्रतिशतको दरले | ४०,०८,६४९.७३ | १९,३५,६०४.४८ |
| जोड्नेः करको निम्ति घटाउन नमिल्ने खर्चहरूले करमा पर्ने असर | २१,७६,१५८.४७ | ७,७९,२७८.५३ |
| घटाउनेः करको निम्ति घटाउन मिल्ने खर्चहरूले करमा पर्ने असर | (८,४९,०३०.८२) | (८,४६,९२४.८६) |
| घटाउनेः छुट आम्दानीमा करको असर | (१४,५९६.२१) | (६४,२३८.२४) |
| जोड्नेः छुट नहुने आम्दानीमा करको असर | | |
| घटाउनेः अ.ल्या. गरिएको नोक्सानीमा करको असर | | |
| **जम्मा आयकर खर्च** | **५३,२१,९८१.९८** | **१८,०३,७१९.९०** |
| प्रभावकारी कर दर | १३.२७% | ९.३२% |

सुमित्रा त्रिपाठी
व्यवस्थापक

कृष्ण कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

मीना कुमारी खराल
कोषाध्यक्ष

शिव शंकर मानन्धर
अध्यक्ष

सि.ए. आर्जन अधिकारी
अधिकारी एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाडौं

## वित्तीय विवरण सम्बन्धित नीति तथा टिप्पणीहरू

**२०८२ साल आषाढ मसान्तको**

### १. सामान्य जानकारी:

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. वि.सं. २०५८ साल वैशाख ६ गते सहकारी ऐन २०४८ अनुसार साविक डिभिजन सहकारी कार्यालय, काठमाडौंमा दर्ता भएको संस्था हो । काठमाडौंको पश्चिम तर्फ रहेको चन्द्रागिरि पहाडको उत्तरी काखमा अवस्थित यस संस्था तत्कालिन महादेवस्थान गा.वि.स. तथा यसका आसपासका २५ जना सामाजिक अभियन्ताहरू मिली स्थापना गरिएको थियो । स्थापना गर्दा यसको नाम चन्द्रागिरि ग्रामीण विकास सहकारी संस्था लि. रहेको थियो । यसले मिति २०५८ बैशाख १३ गतेदेखि औपचारिक रूपमा कारोवार प्रारम्भ गरेको थियो । सुरूदेखि नै समुदायमा आधारित रहेर सञ्चालन भएको यस संस्थाको मुख्य कार्यालय काठमाडौं जिल्ला चन्द्रागिरि न.पा. वडा नं ७ थानकोट महादेवस्थानमा अवस्थित छ भने चन्द्रागिरि न.पा. वडा नं. १२, सृजनाचोकमा दहचोक सेवाकेन्द्र, बुढानीलकण्ठ न.पा. वडा नं ६, काठमाडौंमा ओमन्स क्रियसन सेवाकेन्द्र, ललितपुर जिल्लाको ललितपुर म.न.पा. वडा नं १४, खुमलटारमा शुभतारा सेवाकेन्द्र र गोदावरी न.पा. वडा नं १४, ठैबमा पाटन सेवाकेन्द्र ठैब रहेका छन् । संस्थाले सदस्यहरूलाई बचत, ऋण, सदस्य राहत, डिजिटल बैंकिङ्ग सेवा तथा अन्य सेवाहरूको साथमा विभिन्न सुविधाहरू प्रदान गर्दै आइरहेको छ ।

### १.१ आवद्धता:

यस संस्था सहकारी अभियानको विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छाता संघ संस्थाहरूमा आवद्ध रहेको छ । संस्था आवद्ध रहेको संघ संस्थाको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | आवद्ध रहेको संघ संस्था | कैफियत |
|---|---|---|
| १. | एशियाली ऋण महासंघ (ACCU) | सहयोगी सदस्य |
| २. | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि (नेफ्स्कून) | शेयर सदस्य |
| ३. | राष्ट्रिय सहकारी बैंक लि. | शेयर सदस्य |
| ४. | बागमती प्रदेश सहकारी संघ लि. | शेयर सदस्य |
| ५. | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. | शेयर सदस्य |
| ६. | जिल्ला सहकारी संघ लि. काठमाडौं | शेयर सदस्य |
| ७. | काठमाडौं बचत तथा ऋण सहकारी संघ लि. | शेयर सदस्य |
| ८. | समृद्धि आवास विशिष्टीकृत सहकारी संघ लि. | शेयर सदस्य |
| ९. | महामञ्जुश्री आवास तथा हाउजिङ विशिष्टीकृत सहकारी संघ लि. | शेयर सदस्य |

### १.२ सम्मान तथा पुरस्कार

यस संस्थाले हालसम्म विभिन्न निकायहरूबाट तपसिल अनुसारका पुरस्कार तथा सम्मान प्राप्त गरेको छ ।

| क्र.सं. | सम्मान तथा पुरस्कार | सम्मान/पुरस्कार प्रदान गर्ने संघ संस्था/निकाय |
|---|---|---|
| १. | उत्कृष्ट व्यवस्थापक (प्रमुख कार्यकारी अधिकृत) पुरस्कार, २०८० | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |

| क्र.सं. | सम्मान तथा पुरस्कार | सम्मान/पुरस्कार प्रदान गर्ने संघ संस्था/निकाय |
|---|---|---|
| २. | उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार, २०७६ | राष्ट्रिय सहकारी महासंघ |
| ३. | नेफस्कून प्रशंसा पुरस्कार, २०७८ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून) |
| ४. | उत्कृष्ट साकोस सम्मान, २०७७ | काठमाडौं बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. |
| ५. | सर्वोत्कृष्ट बचत र नवीकरण शुल्क सम्मान, २०७६ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून) |
| ६. | शाखा स्तरीय उत्कृष्ट कारोवार सम्मान, २०७९ | राष्ट्रिय सहकारी बैंक लि. |
| ७. | उत्कृष्ट संस्था सम्मान, २०७२ | ५९औं राष्ट्रिय सहकारी दिवस आयोजक समिति |
| ८. | उत्कृष्ट संस्था सम्मान, २०६७ | ५४औं राष्ट्रिय सहकारी दिवस आयोजक समिति |

### १.३. सक्रिय सदस्य विवरण:

| विवरण | २०८२ असार मसान्त | २०८१ असार मसान्त |
|---|---|---|
| महिला सदस्य | १२,८९५ | १२,०५३ |
| पुरूष सदस्य | ७,६५९ | ७,२३८ |
| संस्थागत सदस्य | १०९ | ११४ |
| **जम्मा** | **२०,६६३** | **१९,४०५** |

## २. लेखाङ्कनका आधार:

### २.१ अनुपालन सम्बन्धी उद्घोषण

सहकारीको छुट्टाछुट्टै वित्तीय विवरणहरू लेखामान बोर्ड (ASB), नेपालद्वारा व्यवस्था भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार तयार गरिएको छ । सहकारी संस्थाको सहयोगी, सहायक वा संयुक्त व्यवस्थाको रूपमा वर्गीकृत संस्थाहरूमा कुनै लगानी नभएकोले संयुक्त वित्तीय विवरणहरू तयार पारिएको छैन । चालु आर्थिक वर्षको वर्गीकरण/खुलासासँग मेल खाने गरी अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई पुनःसमूहवद्ध/पुनःवर्गीकृत गरिएको छ ।

### २.१.१ नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको सम्बन्धमा जारी वैकल्पिक व्यवस्था

नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले २०८२/०५/०२ मा आर्थिक वर्ष २०८२/८३ सम्मको लागि जारी गरिएको वैकल्पिक व्यवस्था (Carve Out) अनुसार वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन तयार गर्दा तल उल्लिखित केही वैकल्पिक व्यवस्था (Carve Out) अपनाउन सकिने गरी वैकल्पिक व्यवस्था गरेको छ ।

**क) NFRS 9 - वित्तीय उपकरणः पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो अनिवार्य व्यवस्था अनुसार संस्थाले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको निर्देशन नं २/०७७ बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 को 5.5 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सो लाई ऋण नोक्सानी

व्यवस्था गरी लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ । तर सहकारी संस्थाले व्यवहारिक कठिनाई र श्रोत साधनको कमीको कारण ऋण नोक्सानी व्यवस्थाको गणना २०८०/८१ सम्मको लागि NAS 39 र २०८१/८२ को लागि NFRS 9 बमोजिम गणना गर्नुपर्ने भएता पनि संस्थाले आ.व २०८०/८१ सम्मको लागि सहकारी विभागबाट २०७९/०२/१२ मा जारी सहकारी संघ संस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशनको २०७९ को बुँदा नं २० अनुसार र आ.व २०८१/८२ को लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट २०८२/०२/०९ मा जारी मापदण्डको परिच्छेद ३ को बुँदा नं ३ अनुसार ऋण नोक्सानीको व्यवस्था गरिएको छ ।

**ख) NFRS 9 (वित्तीय उपकरण) पहिचान तथा मापन – समायोजित ब्याजदर (Effective Interest rate) सम्बन्धी**

NFRS 9 को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले ऋण लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवा शुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने समायोजित ब्याजदर (Effective Interest Rate) मा गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ ।

वैकल्पिक व्यवस्था बमोजिम ऋण लगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त ब्याज आम्दानी लेखाङ्कनको लागि समायोजित ब्याजदरमा समायोजन नगरी प्रोद्भावी (Accrual Basis) लेखाङ्कनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखाङ्कन गर्न सकिने छ । सहकारीले उपरोक्त वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

**२.२. वित्तीय विवरणको उत्तरदायित्वः**

संस्थाको वित्तीय विवरण तयार पार्ने र स्वीकृत गर्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ । समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरे बमोजिम स्वीकार गर्दछ । वित्तीय विवरणमा निम्न विवरणहरू समावेश गरिएका छन् ।

(क) संस्थाको आषाढ मसान्त, २०८२ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position),

(ख) संस्थाको आर्थिक वर्ष २०८१/८२ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income),

(ग) संस्थाको आर्थिक वर्ष २०८१/८२ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

(घ) संस्थाको आर्थिक वर्ष २०८१/८२ मा जेथामा भएको परिर्वतनको जानकारी प्रदान गर्ने इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change in Equity), तथा

(ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरू र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरू समेटिएको लेखा सम्बन्धी टिप्पणीहरू ।

**२.३. कार्यात्मक तथा प्रस्तुतिकरण मुद्राः**

वित्तीय विवरणहरू संस्थाको कार्यात्मक मुद्रा नेपाली रूपैयाँमा प्रस्तुत गरिएको छ । वित्तीय स्थितिमा सम्पत्ति र दायित्वलाई तरलताको क्रममा प्रस्तुत गरिएको छ । विस्तृत आय विवरणमा आम्दानी र खर्चलाई तिनका प्रकृतिका आधारमा वर्गीकरण गरिएको छ । अंकहरू निकटतम रूपैयाँमा परिणत गरी देखाइएको छ । यसले

गर्दा हरेक अङ्कहरूको योग प्रस्तुत गरिएको योगफलसँग अलग हुन सक्दछ । यस बाहेक सबै प्रतिशतहरूलाई Rounding Off गरी प्रस्तुत गरिएको छ ।

**२.४. महत्वपूर्ण लेखाङ्कन निर्णय र अनुमान:**

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरूलाई आधार बनाइएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ:

- वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment Losses on Financial Assets)
- गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment Losses on Non-Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- सम्भावित दायित्व निर्धारण (Provision for Liabilities, Commitments and Contingencies)
- लगानी सम्पत्तिको वर्गीकरण (Classification of Investment Property)

**२.४.१ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instrument)**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य निर्धारण बुँदा नं ५.१ मा उल्लिखित मूल्याङ्कन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मूल्याङ्कन विधि तथा Statistical Models को प्रयोग गरिन्छ ।

**२.४.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Liabilities)**

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुति र मापन Amortized Cost (परीशोधित मुल्य) अथवा बजार मूल्य मध्ये कुनै एकमा आधारित मूल्याङ्कन विधिका अनुसार गरी निम्न वर्गहरूमा वर्गीकृत गरिएको छ:

- Amortized Cost (परीशोधित मुल्य) मा वर्गीकरण गरिएको,
- Fair Value through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएको, र
- Fair Value through Other Comprehensive Income (FVTOCI) मा वर्गीकरण गरिएको ।

वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण अनुसार मूल्याङ्कन र लेखाङ्कन फरक पर्ने हुन सक्छ । सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुति तथा मूल्याङ्कनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गीकरण गर्ने गरेको छ । वित्तीय सम्पत्ति तथा दायित्व सम्बन्धमा थप जानकारी बुँदा नं ३.४ मा प्रस्तुत गरिएको छ ।

### २.४.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets)

क्षयीकरण (Impairment) (NAS 39 अनुसार जरूरी संशोधन)

**आ.व. २०८०/८१ सम्म लागू हुने लेखा नीतिहरू:**

**क्षयीकरण (Impairment)**

सहकारीले प्रत्येक रिपोर्टिङ मितिमा ऋण लगानीको समीक्षा गर्दछ र क्षयीकरणलाई नाफा वा नोक्सानको विवरणमा देखाइन्छ । क्षयीकरण निर्धारण गर्दा भविष्यको नगद प्रवाह रकम र समयको अनुमान, र व्यवस्थापनको स्वविवेक व्यापक रूपमा प्रयोग गरिन्छ । यी अनुमानहरू धेरै कारकहरूको धारणाहरूमा आधारित छन् र वास्तविक परिणामहरू फरक हुन सक्छन्, जसको परिणाम स्वरूप भविष्यमा गरिने व्यवस्थाहरूमा परिवर्तनहरू हुन सक्छन् ।

क्षयीकरण प्रावधान व्यवस्थापनको अनुमानमा भविष्यमा प्राप्त हुने अपेक्षा गरिएको नगद प्रवाहको वर्तमान मूल्यमा आधारित हुन्छ । यी नगद प्रवाहहरूको अनुमान गर्दा व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र कुनै पनि अन्तर्निहित धितोको खूद प्राप्ति योग्य मूल्य सहित कारकहरूको संख्याको बारेमा स्वविवेक प्रयोग गर्दछ । प्रत्येक क्षतिग्रस्त सम्पत्तिलाई नगद प्रवाहको पुनः प्राप्तियोग्य रकम अनुमान गर्न यसको योग्यता मूल्याङ्कन गरिन्छ । क्षयीकरणलाई निम्ननुसार व्यवस्था गरिएको छः

- परिपक्वतासम्म राखिएका व्यक्तिगत रूपमा महत्वपूर्ण नमानिने समान प्रकृतिका ऋण लगानी र लगानी धितोपत्रहरूको समूहहरू, र
- सम्पत्तिहरूको समूह जुन व्यक्तिगत रूपमा महत्वपूर्ण छन् तर ती व्यक्तिगत रूपमा क्षतिग्रस्त भएका छैनन् ।

सामुहिक क्षयीकरण तथ्याङ्कीय मोडेलिङ प्रयोग गरेर गरिन्छ जस्तै नउठ्ने सम्भावनाको ऐतिहासिक प्रवृत्ति, पुनः प्राप्तिको समय र हालको आर्थिक र बजार अवस्थामा आधारित हुन्छ ।

**संस्थाले लागू गरेको नीति २०८०/८१ सम्म**

तर संस्थाले माथि उल्लेखित लेखा नीतिहरू अनुसार क्षयीकरणको व्यवस्था गर्न व्यवहारिक रूपमा हाललाई असक्षम रहेको हुँदा संस्थाले सहकारी विभागबाट २०७९/०२/१२ मा जारी गरिएको निर्देशिका अनुसार देहाय बमोजिम क्षयीकरणको व्यवस्था गरेको छ ।

| विवरण | ऋण जोखिम व्यवस्था दर |
|---|---|
| असल ऋण | १% |
| १२ महिनासम्म भाखा नाघेको ऋण | ३५% |
| १२ महिना भन्दा बढी भाखा नाघेको ऋण | १००% |

**आर्थिक वर्ष २०८१/८२ देखि लागू हुने लेखा नीतिहरू:**

**नेपाल वित्तीय प्रतिवेदन मान अनुसार अपेक्षित क्षयीकरण NFRS 9 अनुसार Expected Credit Loss को मापन**

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार अपेक्षित क्षयीकरण NFRS 9 ले प्रारम्भिक लेखाङ्कनपछि क्रेडिट गुणस्तरमा परिवर्तनको आधारमा क्षयीकरण (Impairment) को लागि 'तीन-चरण' (Three Stages) मोडेलको रूपरेखा प्रस्तुत गर्दछ जुन तल संक्षेपमा दिइएको छः

- प्रारम्भिक लेखाङ्कनमा क्रेडिट-क्षतिग्रस्त नभएको वित्तीय उपकरणई 'चरण १ (Stage 1)' मा वर्गीकृत गरिएको छ र सहकारी संस्थाद्वारा यसको क्रेडिट जोखिम निरन्तर निगरानी गरिन्छ ।

- प्रारम्भिक पहिचान भएदेखि ऋण जोखिममा उल्लेखनीय वृद्धि (SICR) भएमा, वित्तीय उपकरणलाई 'चरण २ (Stage 2)' मा सारिएको छ तर अझै क्रेडिट-क्षतिग्रस्त मानिएको छैन । सहकारी संस्थाले क्रेडिट जोखिममा उल्लेखनीय वृद्धि कहिले भएको छ भनेर कसरी निर्धारण गर्छ भन्ने विवरण तलको टिप्पणीमा दिएको छ ।
- 'यदि वित्तीय उपकरण क्रेडिट-क्षतिग्रस्त छ भने, वित्तीय उपकरणलाई त्यसपछि चरण ३ (Stage 3)' मा सारिएको छ । सहकारीले क्रेडिट-क्षतिग्रस्त (impaired) र Default लाई कसरी परिभाषित गरिन्छ भन्ने विवरण तलको टिप्पणीमा दिइएको छ ।
- चरण १ (Stage 1) मा रहेका वित्तीय उपकरणहरूको ECL लाई आगामी १२ महिना भित्रमा हुने Default का घटनाहरूबाट हुने सम्भावित जीवनभरको अपेक्षित क्रेडिट घाटाको अंश बराबरको रकममा मापन गरिन्छ । चरण २ वा चरण ३ मा रहेका उपकरणहरूको ECL लाई जीवनभरको आधारमा अपेक्षित क्रेडिट घाटाको आधारमा मापन गरिन्छ ।
- NFRS 9 अनुसार परिलक्षित जानकारीलाई विचार गर्ने ECL को एउटा व्यापक अवधारणा हो ।
- खरिद गरिएको वा सिर्जीत गरिएको क्रेडिट-क्षतिग्रस्त वित्तीय सम्पत्तिहरू ती वित्तीय सम्पत्तिहरू हुन् जुन प्रारम्भिक लेखाङ्कनमा क्रेडिट-क्षतिग्रस्त हुन्छन् । तिनीहरूको ECL सधै जीवनभरको आधारमा मापन गरिन्छ ।

सामुहिक आधारमा ECL मापन गर्दा सहकारी संस्थाले कसरी उपयुक्त समूहहरू निर्धारण गर्छ भन्ने बारेमा थप व्याख्या पनि प्रदान गरिएको छ ।

**संस्थाले लागू गरेको नीति २०८१/८२ देखि**

तर संस्थाले माथि उल्लेखित लेखा नीतिहरू अनुसार क्षयीकरणको व्यवस्था गर्न व्यवहारिक रूपमा हाललाई असक्षम रहेको हुँदा संस्थाले राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट २०८१/०२/०९ मा जारी गरिएको मापदण्ड अनुसार देहाय बमोजिम क्षयीकरणको व्यवस्था गरेको छ ।

| विवरण | ऋण जोखिम व्यवस्था दर |
|---|---|
| असल ऋण | १% |
| ३ देखि ६ महिनासम्म भाखा नाघेको ऋण | २५% |
| ६ देखि १२ महिनासम्म भाखा नाघेको ऋण | ५०% |
| १२ महिना भन्दा बढी भाखा नाघेको ऋण | १००% |

**२.४.४ गैर वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्थाः**

सहकारीले आवधिक रूपमा गैर वित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्थाको परीक्षण गरी रहेको हुन्छ । यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सो लाई उपयुक्त Discount दरले आजको मूल्यमा ल्याई 'Value in Use' मापन गर्नुपर्ने हुन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ३.१९ मा प्रस्तुत गरिएको छ ।

**२.४.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधिः**

सहकारीले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रूपमा स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको ह्रासकट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मूल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

**२.४.६ कर तथा स्थगन कर**

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ ।

**(क) चालु आयकर**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानुन) वित्तीय स्थितिको विवरण मितिमा लागु भएका दर हुन् । सोही अनुरूप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

**(ख) स्थगन कर**

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रूपमा लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वंसनीय आधार नभएसम्म सम्पत्तिको रूपमा पहिचान गरिँदैन ।

**२.४.७ सम्भावित दायित्वको लागि व्यवस्थाः**

सम्भावित दायित्वहरूमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरू जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा सहकारीको नियन्त्रणभन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरूले निर्क्यौल गर्ने तथा विगतका घटना क्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएको दायित्वहरू पर्दछन् ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा,
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वंसनीय आधार नभएको ।

यस सम्बन्धी थप जानकारी बुँदा नं ४.१८ मा प्रस्तुत गरिएको छ ।

**२.४.८ लगानी सम्पत्तिको वर्गीकरणः**

कुनै सम्पत्ति लगानी सम्पत्तिको रूपमा वर्गीकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ । सहकारीले यी स्वविवेकको एकनास रूपले प्रयोग गर्न मापदण्डहरूको विकास गरेको छ । कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पुँजीको मूल्य वृद्धिको लागि राखिएको छ वा दुवै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले सहकारीले अन्य सम्पत्तिहरू भन्दा स्वतन्त्र रूपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रूपमा वर्गीकरण गरिन्छ । त्यसैगरी कुनै सम्पत्ति जुन सञ्चालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रूपमा प्रत्यक्ष नगद प्रवाहहरू उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रूपमा वर्गीकरण गरिन्छ । सहकारीले वार्षिक रूपमा आफ्ना सम्पत्तिहरूको वर्तमान उपयोगलाई ध्यानमा राखी सम्पत्तिको वर्गीकरण गर्दछ ।

**२.५ लेखा नीतिमा परिवर्तनः**

NFRS ले लेखाङ्कनले निर्धारण गरेको आवश्यक मानेको सबै सम्पत्ति र दायित्व लेखाङ्कन गर्दै, NFRS ले अवलम्बन गरेको सम्पत्ति र दायित्वकको अपलेखाङ्कन गर्दै र सम्पत्ति तथा दायित्वको लेखाङ्कनमा NFRS को मापन लागु गर्दै सहकारीले वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार पारेको छ ।

यो वर्षको लेखा नीतिमा कुनै परिर्वतन गरिएको छैन ।

**२.६ जारी भई बाध्यकारी नभएका नेपाल वित्तीय प्रतिवेदन मानहरू:**

वित्तीय उपकरणको रिपोर्टिङ्को लागि, NAS 32 वित्तीय उपकरण, प्रस्तुतिकरण, NAS 39 वित्तीय उपकरण लेखाङ्कन, मापन र NFRS 7 बमोजिमको वित्तीय उपकरण प्रकटीकरण लागु गरिएको छ । वित्तीय उपकरणहरूको वर्गीकरणको लागि NFRS 9 अनुपालना गरिएको छ ।

NFRS को विभिन्न मितिमा उद्घोषणपछि IASB बाट केही नयाँ लेखामान र वर्तमान लेखामानमा संशोधन र व्याख्या जारी भएको छ । IASB नेपालले यसलाई NFRS सँग समावेश गराएपछि यी प्रावधानहरू लागु गरिएको छ । ICAN ले NFRS 2018 घोषणा गरी लागु गरेको छ ।

**२.७ संस्थाको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern):**

सहकारीको व्यवस्थापनले सहकारी संस्थाको निरन्तर सञ्चालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्दा सहकारी संस्था अविछिन्न रूपमा सञ्चालन हुन सक्ने पाइएको छ । साथै व्यवस्थापनले सहकारीको अविछिन्न रूपमा सञ्चालन हुन सक्ने क्षमतामा ह्रास पुर्‍याउने खालको कुनै घटना वा अवस्था ल्याएको पाइएको छैन । तसर्थ वित्तीय विवरण संस्थाको निरन्तरता र अविछन्नतामा आधारित रहेर वित्तीय विवरणहरू तयार पारिएको छ ।

**२.८ तुलनात्मक जानकारी:**

लेखा नीतिहरू सबै अवधिमा समान रूपले अवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरूलाई आवश्यकता अनुसार पुनर्वर्गीकरण गरिएका छन् ।

**२.९ वित्तीय स्थितिको विवरण मिति पश्चातका घटनाहरू:**

आर्थिक वर्षको अन्त्यदेखि वार्षिक वित्तीय विवरण (मिति आषाढ ३२, २०८२ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरू) प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयावधीमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुल वा प्रतिकुल घटनाहरूलाई वित्तीय स्थितिको विवरणको मिति पश्चातका घटनाहरू भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NAS 10 “Events after Reporting Date” भनी बुँदा नं ५.४ मा प्रस्तुत गरिएको छ ।

**३ प्रमुख लेखा नीतिहरू:**

**३.१ मापनको आधार:**

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक Historical Cost Convention का आधारमा तयार गरिएको छ :

- अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्विटी शेयर) मा गरेको लगानीलाई NFRS 9 बमोजिम उचित मूल्यमा मापन गरिएको छ ।
- परिशोधित लागत (Amortized Cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी ब्याजदरको आधारमा मापन गरिएको छ ।

**३.२ व्यवसाय प्राप्ति र साखः**

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS 3 बमोजिम “Acquisition Method” अनुसार लेखाङ्कन गरिएको छ :

उक्त Acquisition Method को लागिः

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ ।
- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ ।
- सम्पत्ति, दायित्व तथा Non-Controlling Interest को मापन हुनु पर्छ ।
- नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ ।

उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखाङ्कनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS 3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रूपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ । NFRS 3 को उक्त प्रावधानहरू सहकारीको पहिलो पटक NFRS बमोजिमको वित्तीय विवरण बनाएको मिति पश्चातका व्यवसाय प्राप्ति गर्दा मात्र लागु हुने हुँदा, सहकारीले प्रस्तुत वित्तीय विवरणहरू बनाउनु भन्दा पहिले गरिएका कुनै पनि व्यवसाय प्राप्तिका कारोवारहरूमा भएका कुनै पनि साख वा प्राप्ति गर्दाको लाभलाई मापन तथा लेखाङ्कन गरेको छैन ।

**३.३ नगद र नगद समानः**

नगद र नगद समान भन्नाले खरिद गरेको अथवा प्लेसमेन्ट गरिएको समय पश्चात तीन महिना वा सो भन्दा कम अवधिमा परिपक्व हुने मौद्रिक सम्पत्ति अथवा प्लेसमेन्टलाई जनाउँदछ । प्रतिबन्धित मौज्दातलाई नगद र नगद समान समावेश गरिएको छैन र परिशोधित लागतमा जनाइनुका साथै वित्तीय स्थितिको विवरणमा भिन्नै स्थानमा (Line Item) प्रस्तुत गरिएको छ ।

**३.४ वित्तीय सम्पत्ति तथा दायित्वः**

अनुबन्धित सम्झौता अनुसार भविष्यमा हुने नगद प्रवाह वा अर्को एकाईको इक्विटी उपकरणको स्वामित्वबाट सिर्जित सम्पत्ति वित्तीय सम्पत्ति अन्तर्गत पर्दछ । वित्तीय सम्पत्ति सामान्यतया अन्य सम्पत्ति भन्दा बढी तरल हुने गर्दछ । वित्तीय सम्पत्तिमा नगद तथा सोही प्रकृतिको नगद मौज्दात, बैंक ब्यालेन्स, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, ऋणपत्र तथा इक्विटी शेयरमा गरिएको लगानी, Derivative उपकरणमा गरिएको लगानी, ऋण लगानी आदि पर्दछन् ।

कुनै करार तथा सम्झौता अन्तर्गत भविष्यमा नगद भुक्तानी गरी वा अन्य कुनै वित्तीय सम्पत्ति हस्तान्तरण गरी निसर्ग हुने दायित्वलाई वित्तीय दायित्व भनिन्छ । वित्तीय दायित्वमा बैंक तथा वित्तीय संस्थालाई बुझाउनुपर्ने रकम, Derivative दायित्व, निक्षेप, सापटी, जारी गरिएका ऋणपत्र आदि पर्दछन् ।

**३.४.१ वित्तीय सम्पत्तिको पहिचानको मितिः**

कुनै करार वा सम्झौता अन्तर्गत सिर्जित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान सो करार वा सम्झौता भएकै मितिमा गरिन्छ । नियमित रूपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त खरिद बिक्री भएको मितिमा गरिएको छ ।

**३.४.२ वित्तीय उपकरणको सुरूवाती पहिचान तथा मापनः**

सबै वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वहरू सिर्जना हुँदाकै समयमा उक्त सम्पत्ति तथा दायित्वको बजार मूल्यलाई सो उपकरण जारी गर्दा वा प्राप्त गर्दा लागेको खर्चले समायोजन गरी आएको मूल्यमा मापन गरिएको छ ।

**३.४.३ वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चातको मापनः**

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भइसके पश्चात सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्ने गर्दछ । सुरूवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ :

- परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति ।
- बजार मूल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति ।

उक्त वर्गीकरण तथा तत्पश्चात्को मापन निम्न दुई मापदण्डहरूको आधारमा गरिन्छ :

- वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाइएको व्यवसायिक मोडेल (Business Model) ।
- वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति ।

**३.४.३.१ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्तिः**

निम्न लिखित दुवै मापदण्डहरू पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मूल्यमा वर्गीकरण गरी मापन गरिन्छ ।

१. **Business Model परीक्षण :**

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह संकलन गर्ने उद्देश्य भएको ।

२. **नगद प्रवाहको प्रकृति र विशेषताको परीक्षणः**

- सम्झौता गरिएको शर्तनामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।
- यस परीक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता साँवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएको बाहेक उपरोक्त दुवै मापदण्ड पुरा गर्ने सवै ऋणपत्र उपकरणहरू (Debt Instrument) प्रभावकारी ब्याजदर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिषोधित मूल्यमा हानी घटाएर मापन गरिएको छ ।
- Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षीण हुँदा वा बजार मूल्यमा पुनर्वर्गीकृत हुँदा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ ।

**३.४.३.२ बजार मूल्य (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्तिः**

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरू बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मूल्य भित्र निम्न दुई उपवर्ग रहेका छन् :

१. नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value through Profit or Loss),
२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value through Other Comprehensive Income)

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरूलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले प्राप्ति गरिएको हुन्छ ।

तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरूको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ ।

**३.४.३.३ अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिको इक्विटी शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्ति (FVTOCI)**

छोटो समयमा खरिद बिक्री गरी फाइदा आर्जन गर्ने उद्देश्य राखी लगानी गरिएका बाहेक इक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुने गर्छ । यो वर्गमा वर्गीकृत इक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ । यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनर्मूल्याङ्कन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाइदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिर्वतन सम्बन्धीको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिर्वतन सम्बन्धीको विवरणबाट सोझै सञ्चित मुनाफामा रकमान्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये बिक्री/निसर्ग गरिएको आ.व. सँग सम्बन्धित नाफालाई उक्त आ.व. को नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छ । तथापि सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाइएको छ । अन्य विस्तृत आयमा बजार मूल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्तिको थप विवरण बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

**३.४.४ वित्तीय दायित्वको वर्गीकरण तथा मापनः**

NFRS 9 - "वित्तीय उपकरण" (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सो को वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरूलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छः

- नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व ।
- Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व ।

**३.४.४.१ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वः**

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरूलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सिर्जित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरूको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

**३.४.४.२ Amortized Cost मा मापन गरिएका वित्तीय दायित्वः**

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गीकृत गरिएको छ । सुरूवाती मापन पश्चात परिषोधित लागतमा लेखाङ्कन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी ब्याजदरको प्रयोगबाट मापन गरिएको छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाइदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

### ३.४.५ वित्तीय सम्पत्ति तथा दायित्वको पूनर्वर्गीकरण:

वित्तीय सम्पत्ति तथा दायित्वको पुनर्वर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुन सक्छ । वित्तीय सम्पत्तिको पुनर्वर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ । NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित सम्पत्तिलाई पुनर्वर्गीकरण गर्न बन्देज लगाएको छ । व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पुनर्वर्गीकरण गर्नु जरूरी देखिएमा यस्तो पुनर्वर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरू सो पुनर्वर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागु हुन्छ । सो मिति अघिका कुनै पनि वित्तीय विवरणलाई पुनर्लेखन गरिँदैन । कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पुनर्वर्गीकरण गरिँदा सो गर्दाको मितिको बजार मूल्यमा मापन र लेखाङ्कन गरिन्छ । यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पुनर्वर्गीकरण हुनु अघिको किताबी मूल्य र पुनर्वर्गीकरण गर्दाको बजार मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ ।

### ३.४.६ वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग:

#### ३.४.६.१ वित्तीय सम्पत्तिको निसर्ग:

निम्न उल्लेखित कुनै पनि अवस्थामा संस्थाको वित्तीय सम्पत्ति पूर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछः

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा ।
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा ।

यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाइदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

#### ३.४.६.२ वित्तीय दायित्वको निसर्ग:

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरू समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

### ३.४.७ वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण:

तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासलातको मितिको बिड (Bid) अथवा प्रस्तावित अन्तिम मूल्य (Closing Price) हो । सक्रिय बजार नहुने वित्तीय उपकरणहरूको फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरू (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ । यो विधिहरूलाई चाहिने निवेशहरू (Inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्याङ्कबाट लिइन्छ । फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरूको प्रयोग गरी मापन गरिन्छ । यस प्रक्रिया अन्तर्गत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासलात मितिसम्म छुट (Discount) गर्नु पर्दछ । यी उपकरणहरूको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट (बजार) तथ्याङ्कको धारणा (Assumption) मा भर पर्दछ ।

त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (Realizable) नहुन सक्दछ । विभिन्न बजार धारणाहरू (Assumptions) अन्तर्गत मानहरू पनि महत्वपूर्ण रूपले (Significantly) फरक पर्न सक्दछ ।

संस्थाले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ । यसले मापन गर्न प्रयोग हुने निवेश (Inputs) को महत्वलाई झल्काउँदछ ।

**स्तर – १:** समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्यहरू (Unadjusted) ।

**स्तर – २:** अवलोकन योग्य निवेशहरू (Observable Inputs) को आधारमा या त सिधै (मूल्यको रूपमा) वा अप्रत्यक्ष रूपमा (मूल्यबाट प्राप्त) मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत उपकरणहरूको मूल्य निम्न तरिकाहरू प्रयोग गरी निर्धारण गरिन्छ:

(क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्य,

(ख) सक्रिय बजारभन्दा कम मानिने बजारहरूमा समान उपकरणका लागि उद्धृत मूल्य, वा

(ग) अन्य मूल्य निर्धारण विधिहरू जहाँ सबै महत्पूर्ण निवेशहरू (Inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बजार तथ्याङ्कबाट निरीक्षण गर्न सकिन्छ ।

**स्तर – ३:** निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरू (Signficant Unobservable Inputs) प्रयोग गरिने मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत समान उपकरणहरूको उद्धृत मूल्यलाई आधार मानी मूल्य निर्धारण गरिने उपकरणहरू पर्दछन् । यसरी मूल्याङ्कन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (Significant Unobservable Adjustments) वा धारणाहरू (Assumptions) तय गर्न आवश्यक पर्दछ ।

संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मूल्यको निर्क्योल गर्न अपनाइएको पद्धतिको बारे थप जानकारी बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

**३.४.८ प्रचलित ब्याजदर भन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी:**

संस्थाले आफ्ना कर्मचारीहरूलाई मानव संशाधन व्यवस्थापन नीतिको प्रावधानभित्र रही सहुलियत ब्याजदरमा ऋण सापटी प्रवाह गर्ने गरेको छ । कर्मचारीबाट ऋण सापटीको भुक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित ब्याजदरले Discounting गरी सो ऋणको बजार मूल्य निर्धारण गरिन्छ । ऋणको सुरूवाती Transaction Price तथा उक्त बजार मूल्यको फरक कर्मचारी सुविधाको रूपमा र बाँकी रकमलाई वित्तीय सम्पत्तिको रूपमा Amortized Cost मा मापन गर्ने गरी लेखाङ्कन गरिएको छ ।

कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ । सो ऋणको बजार मूल्यमा समायोजित ब्याजदर अनुसार हुने ब्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रूपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखाङ्कन गरिएको छ ।

**३.४.१० Amortized Cost को मापन:**

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost को रूपमा सो को सुरूवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, सञ्चित परिशोधन खर्च तथा सञ्चित नोक्सानी व्यवस्थाको रकम समायोजन गरेपछिको रकमलाई जनाइन्छ । कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी

मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको उक्त ब्याजदरलाई समायोजित ब्याजदर भनिएको छ । संस्थाले समायोजित ब्याजदरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost मापन गर्ने गरेको छ ।

**३.५ लगानी सम्पत्ति (Investment Properties):**

NFRS 16 (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र NFRS 5 (बिक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको सञ्चालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुवै लगानी सम्पत्ति हुन् ।

**३.६ सम्पत्ति तथा उपकरणः**

सम्पत्ति तथा उपकरणहरू एक वर्ष वा सो भन्दा बढी धारण गरी सदस्यलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । संस्थाले NAS 16 - “Property, Plant & Equipment” को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरूको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ । संस्थाको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरूको बारेमा थप जानकारी बुँदा नं. ४.७ मा प्रस्तुत गरिएको छ ।

**३.६.१ पहिचानको आधारः**

संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । संस्थाले रू. ३,०००/- सम्म मूल्य पर्ने सम्पत्तिहरूलाई पुँजीकृत नगरी खरिद गरिएकै वर्षमा खर्च जनाउने नीति लिएको छ । संस्थाले NFRS 16 पट्टा (Lease) को प्रावधान अनुसार आर.ओ.यू. सम्पत्तिलाई समेत सम्पत्ति तथा उपकरण अन्तर्गत नै प्रस्तुत गर्ने नीति लिएको छ ।

**३.६.२ मापनको आधारः**

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखाङ्कन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पुँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रूपमा लेखाङ्कन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरूलाई खर्च भएकै अवधिमा प्रोद्भावी आधारमा नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

**३.६.३ लागत मोडल (Cost Model):**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई “लागत Model” मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सो को ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

**३.६.४ पुनर्मूल्याङ्कन मोडल (Revaluation Model):**

संस्थाले आफ्नो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि पुनर्मूल्याङ्कन Model अपनाएको छैन ।

**३.६.५ निसर्ग (Derecognition):**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक

लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

### ३.६.६ पुँजीकृत नगरिएका स्थिर सम्पत्तिः

कुनै स्थिर सम्पत्तिको निर्माण गर्दा हुने खर्च सो स्थिर सम्पत्ति उपयोगमा ल्याउन नमिलेसम्म यस शीर्षक अन्तर्गत देखाइन्छ । यस्ता खर्चहरूलाई उक्त सम्पत्ति प्रयोगमा ल्याउन मिल्ने भएपछि सो समयमा उक्त शीर्षकबाट स्थिर सम्पत्तिको लागतको रूपमा रकमान्तर गरी पुँजीकृत गरिन्छ ।

### ३.६.७ ह्रासकट्टीः

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । लिजहोल्ड सम्पत्ति र आर.ओ.यू. सम्पत्ति बाहेक संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर ह्रासकट्टी प्रणाली (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ भने लिजहोल्ड र आर.ओ.यू. सम्पत्तिलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन नीति अपनाइएको छ । सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ ।

| सम्पत्तिको प्रकृति | अनुमानित उपयोग अवधि |
|---|---|
| भवन | ५० वर्ष |
| कम्प्युटर तथा अन्य सामाग्री | ५ वर्ष |
| कार्यालय उपकरण | १० वर्ष |
| सवारी साधन | २० वर्ष |
| फर्निचर तथा फिक्सर | १० वर्ष |
| अन्य सम्पत्ति | ५ वर्ष |
| आर.ओ.यू. सम्पत्ति | पट्टाको अवधि |
| लीज होल्ड सम्पत्ति | पट्टाको अवधि |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा बिक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ । यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सोमा ह्रासकट्टी गरी राखिन्छ । ह्रासकट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मूल्य (Residual Value) को आवधिक रूपमा पुनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

### ३.६.८ अनुमानमा परिवर्तन

सम्पत्तिको बाँकी रहने मूल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरू समय सापेक्ष राख्न नियमित रूपमा पुनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

### ३.७ साख तथा अभौतिक सम्पत्ति लेखाङ्कनः

अमूर्त सम्पत्ति एउटा पहिचान योग्य गैर मौद्रिक सम्पत्ति हो जसको कुनै भौतिक उपस्थिति हुँदैन र त्यस सम्पत्तिलाई उत्पादन गर्नका निमित्त, सेवा प्रदान गर्नका निमित्त, कसैलाई भाँडामा दिन वा प्रशासनिक कामको लागि प्रयोग गरिन्छ । अमूर्त सम्पत्तिको लेखाङ्कन त्यस बखत गरिन्छ जब भविष्यमा त्यस सम्पत्तिबाट आर्थिक लाभ प्राप्त हुन सक्दछ र सम्पत्तिको परल मूल्यलाई विश्वसनीय ढङ्गले मूल्याङ्कन गर्न सकिन्छ । सुरुमा अमूर्त सम्पत्तिलाई लागतको आधारमा लेखाङ्कन गरिन्छ । अमूर्त सम्पत्तिसँग सम्बन्धित खर्च जुन अगाडिकै

वार्षिक वित्तीय विवरण वा अन्तरिम वित्तीय विवरणमा खर्च भनी लेखाङ्कन गरिएको छ, पछिको समयमा त्यस्ता खर्चहरूलाई अमूर्त सम्पत्तिको रूपमा पुँजीकरण गरिदैन ।

**३.७.१ साख (Goodwill)**

व्यापार संयोजन गर्दाको साख भन्नाले अर्को संस्था प्राप्तिको लागि तिरेको मूल्य, नियन्त्रणमा नभएको शेयर स्वामित्व (Non Controlling Interest) तथा यसरी प्राप्ति गर्नु अगाडिको शेयर स्वामित्वको योगफलबाट उक्त प्राप्ति गर्न लागेको संस्थाको खूद जायजेथा घटाएपछि आउने रकमलाई जनाउँछ । साखलाई सोको लागत मूल्यबाट सोमा भएको सञ्चित क्षयिकरण नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिएको हुन्छ ।

साख आवंटित गरिएको नगद उत्पादक ईकाईको तलका दुवै अवस्थामा हानीको परीक्षण गर्ने गरिन्छ ।

- वार्षिक अथवा
- हानीको कुनै संकेत भेटिएमा

साखको क्षयिकरण नोक्सानीको मापन गर्न साख सहित नगद उत्पादक ईकाईको प्राप्ति योग्य रकमसँग ईकाईको किताबी मूल्यसँग तुलना गरी गर्ने गरिन्छ । यसरी तुलना गर्दा यदि ईकाईको प्राप्ति योग्य रकम ईकाईको किताबी मूल्य भन्दा बढी भएको अवस्थामा साखमा क्षयीकरणको पहिचान गरिन्छ । प्राप्ति योग्य रकम भन्नाले कुनै पनि सम्पत्ति वा नगद उत्पादक ईकाईको उचित मुल्य रहित लागतको निपटान (Fair Value less cost to sell) र उपयोग को मूल्य मध्ये जुन बढी हुन्छ त्यसलाई मान्ने गरिन्छ । प्रस्तुत वित्तीय विवरणमा कुनै प्रकारको साखको लेखाङ्कन गरिएको छैन ।

**३.७.२ अभौतिक सम्पत्तिः**

अभौतिक सम्पत्तिको लेखाङ्कनको लागि संस्थाले NAS 38 को प्रावधानलाई अपनाएको छ । संस्थाले तल उल्लेखित अवस्थामा मात्र अभौतिक सम्पत्तिको पहिचान गरी लेखाङ्कन गर्ने गरेको छ :

- लागतको मापन गर्न सकिने भएको ।
- विगतका घटनाक्रमले सो अभौतिक सम्पत्ति माथि संस्थाको नियन्त्रण भएको ।
- भविष्यमा सो अभौतिक सम्पत्तिबाट संस्थाले आर्थिक लाभ लिन सक्ने भएको ।

प्रस्तुत वित्तीय विवरणमा कम्प्युटर सफ्टवेयर र वेबसाईटलाई अमुर्त सम्पत्तिको रूपमा लेखाङ्कन गरिएको छ ।

**३.७.३ कम्प्युटर सफ्टवेयर तथा वेबसाईटः**

कम्प्युटर सफ्टवेयर तथा वेबसाईटलाई सो को लागतबाट सञ्चित क्षयीकरण नोक्सानी तथा सञ्चित परिशोधन खर्च घटाएर प्रस्तुत गरिन्छ । आन्तरिक रूपमा बनाइएका कम्प्युटर सफ्टवेयर र वेबसाईटको लागत गणना गर्दा सो बनाउन लागेको सम्पूर्ण प्रत्यक्ष खर्चलाई पनि समावेश गरिन्छ र सो सम्पत्तिको अनुमानित उपयोग अवधिमा परिशोधन (Amortization) गरिन्छ ।

**३.७.४ अभौतिक सम्पत्तिको निसर्गः**

अभौतिक सम्पत्ति बिक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सो को किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गरिँदा सोमा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**३.७.५ अमुर्त सम्पत्तिको परिशोधन तथा नोक्सानीः**

अमुर्त सम्पत्तिको अनुमानित उपयोग अवधिलाई निश्चित अथवा अनिश्चित भनी छुट्याइन्छ । साख (Goodwill)

बाहेक अन्य अभौतिक सम्पत्तिलाई सो को अनुमानित उपयोग अवधिमा समदर पद्धति (Straight Line Basis) अनुसार परिशोधन गरिएको छ । अभौतिक सम्पत्तिको परिशोधन गर्ने विधि, अनुमानित उपयोग अवधि तथा सो उपयोग अवधिपछिको कायम रहने बाँकी मूल्यलाई हरेक आर्थिक वर्ष पुनरावलोकन गरी आवश्यक परेमा समायोजन गर्ने गरिएको छ । संस्थाले प्रस्तुत वित्तीय विवरणमा रहेको अभौतिक सम्पत्तिको अनुमानित उपयोग अवधि अनिश्चित नरहेको भन्ने धारणा राखेको छ ।

| अभौतिक सम्पत्तिको वर्ग | अनुमानित उपयोग अवधि |
|---|---|
| सफ्टवेयर तथा वेबसाईट | ५ वर्ष |

**३.८ आयकरः**

संस्थाले आयकर लेखाङ्कन NAS 12 - Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

जेथा (Equity) मा भएको परिवर्तन सम्बन्धी विवरण तथा अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत हुने कारोवारमा सृजित स्थगन करलाई अन्य विस्तृत नाफा नोक्सान खातामै प्रस्तुत गरिएको छ । चालु आयकर सम्बन्धी थप जानकारी बुँदा नं ४.३१ मा तथा स्थगन कर सम्बन्धीको थप जानकारी बुँदा नं ४.९ मा प्रस्तुत गरिएको छ ।

**३.८.१ वित्तीय विवरण अवधिको करः**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर कर सम्बन्धी कानुन बमोजिम वासलात मितिमा लागू भएका दर हुन् । सोही अनुरूप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

**३.८.२ स्थगन करः**

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रूपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्चको लेखाङ्कन गरिन्छ ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रूपमा पहिचान गरिँदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागु हुन सक्ने कर दरको आधारमा गरिन्छ ।

यस कारण आर्थिक वर्ष २०८१/८२ को लागि यस संस्थालाई आगामी आर्थिक वर्षबाट लागु हुने परिर्वतित आयकर दर १०% ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ ।

संस्थाको नीति अनुसार स्थगन कर कोषमा कुल स्थगन कर सम्पत्तिको हिसाब बराबरको रकम छुट्याइएको छ ।

**३.९ पट्टा दायित्वः**

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 - Lease को प्रावधान बमोजिम गरेको छ । NFRS 16 अनुसार पट्टालाई सम्झौताको रूपमा परिभाषित गरिएको छ । जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ ।

NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अन्तरनिहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाङ्कन पट्टा अवधिभर समदर गणना विधि (Straight Line Basis) अनुसार गरिएको छ भने अन्य पट्टाहरूको हकमा भने आर.ओ.यू. सम्पत्ति र पट्टा दायित्वको रूपमा लेखाङ्कन गर्ने गरेको छ । यसरी पहिचान भएको आर.ओ.यू. सम्पत्तिलाई सम्पत्ति तथा उपकरण ४.७ अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ४.२० अन्तर्गत ब्याज खर्चमा देखाइएको छ ।

**पहिचान**

पट्टाको प्रारम्भिक मितिमा संस्थाले आर.ओ.यू. सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्दछ । NFRS 16 अनुसार पट्टामा लिने संस्थाले तल उल्लेखित पट्टाहरूको सन्दर्भमा छुटको सुविधा लिएको बाहेक अन्य सबै पट्टाहरूको लागि पट्टा अवधिभरि आर.ओ.यू. सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्नुपर्छ ।

छुटको सुविधा लिन सकिने पट्टाहरू:

- छोटो अवधि (१२ महिना भन्दा कम), वा
- अन्तरनिहित सम्पत्तिको मूल्य कम भएको ।

संस्थाले आर्थिक वर्ष २०८१/८२ मा रू. २४१,४९६.३४ बराबरको छोटो अवधि (१२ महिनाभन्दा कम) को पट्टामा तिरेको भुक्तानीलाई सिधै अन्य सञ्चालन खर्च अन्तर्गत प्रस्तुत गरेको छ ।

**प्रारम्भिक मापन**

**पट्टा दायित्वको मापन**

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधिभरि भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टामा निहितदर वा पट्टेदारको वृद्धिशील उधारदरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ ।

संस्थाले पट्टेदारको वृद्धिशील उधारदर १० प्रतिशतको दरले पट्टा दायित्वको मापन गरेको छ ।

**आर.ओ.यू. सम्पत्ति**

आर.ओ.यू. सम्पत्तिलाई सुरूमा लागतमा लेखाङ्कन गरिन्छ । आर.ओ.यू. सम्पत्तिको लागतमा निम्न रकमहरू जोडिएका हुन्छन् ।

- आर.ओ.यू. सम्पत्ति = प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्ने, हटाउन वा पुनर्स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी – प्राप्त पट्टा प्रोत्साहन

**पछिको मापन (Subsequent Measurement)**

**आर.ओ.यू. सम्पत्ति**

प्रारम्भिक मिति पश्चात, आर.ओ.यू. सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मूल्याङ्कन मोडल लागु नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ । लागत मोडलमा मापन गरिएको आर.ओ.यू. सम्पत्तिलाई त्यसको लागतमा सञ्चित ह्रासकट्टी र सञ्चित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुन मापन वापतको रकम समायोजन गरी देखाउने गरेको छ । संस्थाले लागत मोडलमा मापन गरिएको आर.ओ.यू. सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टीको लेखाङ्कन गर्ने गरिएको छ ।

**पट्टा दायित्व**

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखाङ्कन गर्ने गरिन्छ । पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात निम्न हिसाबले मापन गरिन्छ:

- पट्टा दायित्वमा प्रतिविम्वित हुने ब्याज खर्चले वृद्धि गर्ने ।
- पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने, र
- कुनै प्रकारको पुनर्मूल्याङ्कन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्वित गर्ने खालको पुनः निर्धारित रकम ।

**खर्चको पहिचान र मापन**

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरूको पहिचान गर्ने गर्दछ ।

- आर.ओ.यू. सम्पत्तिको ह्रासकट्टी ।
- पट्टा दायित्वमा ब्याज खर्च ।
- आर.ओ.यू. सम्पत्तिको हानी ।
- परिवर्तनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन ।

आर.ओ.यू. सम्पत्तिको ह्रासकट्टी खर्च र हानीलाई नाफा नोक्सान विवरणको ४.२८ ह्रासकट्टी र परिशोधन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वमा ब्याज खर्चलाई नाफा नोक्सान विवरणको ४.२० अन्तर्गत प्रस्तुत गरिएको छ ।

**३.१० सम्भावित दायित्वहरू**

संस्थाले सम्भावित दायित्वहरूको पहिचान तथा लेखाङ्कन NAS 37 – Provisions, Contigent Liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरूमा देहाय बमोजिमका विषयहरू समावेश गरिएका छन्:

३.१०.१ विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरू जसको अस्तित्व संस्थाको नियन्त्रणभन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरूले निर्क्यौल गर्दछ ।

३.१०.२ विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरू ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको ।
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

**३.११ आयको पहिचान**

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 - "Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

**३.११.१ ब्याज आम्दानी:**

ब्याज आम्दानीमा ऋण लगानी, नाफा नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको ऋण सापटीमा प्राप्त ब्याज रकमहरू समावेश हुन्छ । यसरी ब्याज आम्दानी जनाउँदा संस्थाले

माथि उल्लेखित बुँदा २.१.२ को (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ ।

संस्थाले धितोको "खूद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज १२ महिनाभन्दा बढी बक्यौता रहेको अवस्थामा उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन । यस बमोजिम संस्थाले आ.व २०८१/८२ मा रू. ९,७८,३७,१२७।- र आ.व २०८०/८१ मा रू. ८,६४,०७,०४५।- ब्याज आम्दानीमा लेखाङ्कन गरेको छैन ।

ब्याज आम्दानी सम्बन्धी थप विवरण बुँदा नं. ४.१९ मा प्रस्तुत गरिएको छ ।

**३.११.२ शुल्क तथा कमिशन आयः**

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भए पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरू सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । यस सम्बन्धमा संस्थाले बुँदा २.१.२ (ख) मा उल्लेखित वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

शुल्क तथा कमिशन आय सम्बन्धी थप विवरण बुँदा नं. ४.२१ मा प्रस्तुत गरिएको छ ।

**३.११.३ लाभांश आम्दानीः**

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ । बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा करकट्टी गरिए पश्चात बाँकी रहेको खूद रकमका आधारमा लेखाङ्कन गरिन्छ ।

संस्थाले प्राप्त गरेको लाभांश आम्दानीको विवरण बुँदा नं. ४.२४ मा प्रस्तुत गरिएको छ ।

**३.११.४ खुद व्यापारिक आम्दानीः**

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरेको छ । हाल संस्थाको कुनै प्रकारको खूद व्यापारिक आम्दानी भने रहेको छैन ।

यस सम्बन्धी थप जानकारी बुँदा नं. ४.२३ मा प्रस्तुत गरिएको छ ।

**३.११.५ अन्य सञ्चालन आम्दानीः**

विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाइदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, संरक्षित पुँजी फिर्ता कोष वापत प्राप्त आम्दानी आदिलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

यस सम्बन्धी थप विवरण बुँदा नं. ४.२४ मा प्रस्तुत गरिएको छ ।

**३.११.६ गैर सञ्चालन आम्दानीः**

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी, व्यापारिक आम्दानी तथा अन्य सञ्चालन आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शीर्षक अन्तर्गत देखाइएको छ । घर भाडा आम्दानी, एम्बुलेन्स सञ्चालनबाट आम्दानी, भ्यान सञ्चालनबाट आम्दानी, शब वाहन सञ्चालनबाट आम्दानी तथा सामान बिक्रीबाट हुने आम्दानी आदिलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

यस सम्बन्धी थप विवरण बुँदा नं. ४.२९ मा प्रस्तुत गरिएको छ ।

**३.११.६.१ स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा (नोक्सान):**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा वा नोक्सानीलाई सो सम्पत्तिको स्वामित्व हस्तान्तरण वा निसर्ग भए पश्चात नाफा नोक्सान खातामा देखाइन्छ । यस्तो सम्पत्ति निसर्ग हुँदा हुने नाफा वा घाटा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट प्राप्त हुने मूल्य तथा निसर्गसँग सम्बन्धित खर्च सहित सो सम्पत्तिको निसर्ग हुँदाको समयको किताबी मूल्यको फरकलाई जनाउने गर्छ ।

**३.१२ ब्याज खर्च**

सदस्यहरूको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ४.२० मा प्रस्तुत गरिएको छ ।

**३.१३ कर्मचारी खर्च**

कर्मचारी खर्चमा कर्मचारीले संस्थालाई प्रदान गरेको सेवा वापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालिन तथा दीर्घकालिन प्रकृतिका कर्मचारी खर्चहरू रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि संस्थाले NAS 19 - "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ । संस्थाले कर्मचारीहरूबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नुपर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरू पर्दछन्:

**३.१३.१ अल्पकालिन कर्मचारी खर्चहरू**

तलब, भत्ता, विदा वापतको रकम भुक्तानी तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिनाभित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरू (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालिन कर्मचारी खर्चहरूमा पर्दछन् । अल्पकालिन कर्मचारी खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरे पश्चात वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ । सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरू (पारितोषिक) प्राप्त गर्ने अधिकारको सिर्जना भएमा गरिन्छ ।

**३.१३.२ रोजगारपछिको सुविधा जस्तैः**

- अवकास लाभ (सामाजिक सुरक्षा, अवकाश हुँदा एकमुष्ठ भुक्तानी) ।
- अन्य रोजगारपछिको लाभ जस्तै रोजगारपछिको जीवन बीमा, रोजगारपछिको औषधोपचार सेवा ।

**३.१३.२.१ परिभाषित योगदान योजनाः**

NAS 19 कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगारपछि प्राप्त हुने लाभ योजना हो जसमा संस्थाले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरूको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन ।

परिभाषित योगदान योजनामा कर्मचारीले संस्थालाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नुपर्ने योगदानलाई कर्मचारी खर्च भनेर Due भएको दिन खर्चमा लेखाङ्कन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रूपमा अन्य दायित्वमा देखाइन्छ । संस्थाले ३ महिना परीक्षण अवधि पूरा भएका प्रत्येक कर्मचारीको आधारभूत तलबमानको २० प्रतिशतका दरले नियुक्ति पाएकै मितिदेखि सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ । माथि उल्लेखित खर्चहरू NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तर्गत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

### ३.१३.२.२ परिभाषित लाभ योजनाः

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगारपछिको सेवा सुविधा हो । यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ । संस्थाले आफ्नो सबै कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत गराई सकेको हुनाले कर्मचारी उपदान वापतको सेवा सुविधा रहेको छैन ।

### ३.१३.३ अन्य दीर्घकालिन कर्मचारी सुविधाः

**कर्मचारी विदा वापतको खर्च**

(क) संस्थाको स्वीकृत नियमावली बमोजिम कर्मचारीहरूलाई वार्षिक घर विदा, बिरामी विदा, भैपरी विदा, सुत्केरी विदा, सट्टा विदा तथा किरिया विदा वापत प्रदान गरिने क्षतिपूर्तिहरू कर्मचारी विदा वापतको खर्चमा समावेश गरिन्छ ।

(ख) विदा वापतका क्षतिपूर्ति दुई वर्गमा पर्दछन्:

- सञ्चित हुने, र
- सञ्चित नहुने ।

(ग) संस्थाले हाल आफ्नो कर्मचारीहरूको कुनै पनि विदा सञ्चित नहुने नीति लिएको छ र सोही अनुरूप कर्मचारीको बाँकी रहेको विदा सोही आर्थिक वर्षमा नै भुक्तानी गरी वा दायित्व सिर्जना गरी राफसाफ गर्ने गरेको छ । उक्त विदा वापतको खर्च अल्पकालिन कर्मचारी खर्च अन्तर्गत वित्तीय विवरणमा प्रस्तुत गरिएको छ ।

### ३.१४ पट्टाः

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 - Lease को प्रावधान बमोजिम गरेको छ । जस अनुसार छोटो अवधि (१२ महिनाभन्दा कम) को पट्टा तथा अन्तर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाङ्कन पट्टा अवधिभर समदर गणना विधि (Straight Line Basis) अनुसार गरिएको छ भने अन्य पट्टाहरूको हकमा भने आर.ओ.यू. सम्पत्ति र पट्टा दायित्वको रूपमा लेखाङ्कन गर्ने गरेकोछ । यसरी पहिचान भएको आर.ओ.यू. सम्पत्तिलाई सम्पत्ति तथा उपकरण अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ४.२० अन्तर्गत ब्याज खर्चमा देखाइएको छ ।

### ३.१५ विदेशी विनिमय कारोवारः

विदेशी विनिमय मुद्रामा भएको कारोवारलाई सो कारोवार भएको दिनको विनिमय दरका आधारमा नेपाली रूपैयाँमा परिवर्तन गरी सो मा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । वासलातमा प्रस्तुत हुने विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमय दरमा नेपाली रूपैयाँमा परिवर्तन गरी सो मा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

### ३.१६. शेयर पुँजी र जगेडा कोषहरूः

शेयर पुँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार संस्थाको कार्यक्षेत्रभित्र बसोवास गर्ने १६ वर्ष उमेर पुरा गरेका नेपाली नागरिकहरू कम्तीमा एक थान शेयर खरिद गरी सदस्य हुन पाउने व्यवस्था गरिएको छ । हरेक शेयर सदस्यको एक सदस्य एक मतको आधारमा साधारण सभामा भाग लिने अधिकार प्राप्त गर्दछन् भने शेयर पुँजीको आधारमा वार्षिक लाभांशको हकदार हुन्छन् । संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, बोनस

शेयर, Convertible Instrument आदि रहेको छैन । संस्थाले ३.१७ मा उल्लेख गरे अनुसार कोष तथा जगेडा कोष कायम गरेको छ ।

**३.१७. कोषहरू:**

कोष अन्तर्गत साधारण जगेडा कोष, सहकारी शिक्षा कोष, सहकारी विकास कोष, शेयर लाभांश कोष, कर्मचारी बोनस कोष, घाटापूर्ति कोष, सामूदायिक विकास, संरक्षित पुँजी फिर्ता कोष, अन्य जोखिम व्यवस्थापन कोष, NFRS समायोजन कोष आदि पर्दछन् ।

**३.१७.१ NFRS समायोजन कोष:**

संस्थाले NFRS बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखा नीतिको तुलनामा भएको परिर्वतन र सोका कारण बाँडफाँड योग्य नभएको मुनाफा सिर्जना भएको खण्डमा यस NFRS समायोजन कोष अन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ । यस कोष अन्तर्गत ब्याज मुल्तवीबाट जनाइएको ब्याज आम्दानी, स्थगन कर सम्पत्ति बराबरको रकम र एनएफआरएस बमोजिम जनाइएको ख्याति पर्दछन् ।

**३.१७.२ सञ्चित नोक्सानी कोष**

संस्थाले NFRS बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखा नीतिको तुलनामा भएको परिर्वतन र सो को कारण सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा देखिने भिन्नतालाई यस सञ्चित नोक्सानी कोष अन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ ।

**३.१७.३ साधारण जगेडा कोष**

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खूद मुनाफा रकमको कम्तीमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात्त खूद मुनाफाबाट NFRS समायोजन कोषमा बाँडफाँडपछिको रकमको कम्तीमा २५ प्रतिशत साधारण जगेडा कोषमा सार्ने नीति लिएको छ ।

**३.१७.४ संरक्षित पुँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खूद मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात्त खूद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडफाँडपछिको रकमको २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोषमा सार्ने नीति लिएको छ । संरक्षित पुँजी फिर्ता कोषमा रहेको रकम कारोवारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनुपर्ने कोष हो ।

**३.१७.५ सहकारी नियमावली २०७५ को प्रावधान अनुसार अन्य कोष**

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खूद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चातको खूद मुनाफा रकमको कम्तीमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरू: शेयर लाभांश कोष, घाटापूर्ति कोष, कर्मचारी बोनस कोष, सहकारी शिक्षा कोष, सामुदायिक विकास कोष, सहकारी स्थिरीकरण कोष र अन्य जोखिम व्यवस्थापन कोषमा बाँडफाँड गनुपर्ने प्रावधान छ तर संस्थाले NFRS खूद मुनाफाबाट सञ्चित नोक्सानी, NFRS समायोजन कोष, साधारण जगेडा कोष, सहकारी प्रवर्द्धन कोष र संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाँडपछिको रकमलाई निम्न प्रतिशतको आधारले प्रत्येक माथि उल्लेखित कोषहरूमा बाँडफाँड गर्ने नीति लिएको छ ।

| कोष | यस आर्थिक वर्ष | गत आर्थिक वर्ष |
|---|---|---|
| शेयर लाभांश कोष | ५०% | ५०% |
| घाटापूर्ति कोष | ५% | ५% |
| कर्मचारी बोनस कोष | १५% | २०% |
| सहकारी शिक्षा कोष | १०% | ५% |
| सहकारी विकास कोष | ५% | ५% |
| सामुदायिक विकास कोष | ५% | ५% |
| सहकारी स्थिरीकरण कोष | ५% | ५% |
| अन्य जोखिम व्यवस्थापन कोष | ५% | ५% |
| **जम्मा** | १००% | १००% |

**३.१७.६ अन्य कोषः**

संस्थाको नीति अनुसार विभिन्न उद्देश्य हासिल गर्न निम्न स्वतन्त्र कोषहरू खडा गरिएको छ ।

**३.१७.७.१ उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार कोषः**

संस्थाले वि.सं. २०७६ सालमा राष्ट्रिय सहकारी महासंघबाट उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार प्राप्त गर्ने क्रममा भुक्तानी प्राप्त भएको नगद रकम उक्त कोषमा जम्मा गरी वित्तीय प्रतिवेदनमा प्रस्तुत गर्ने नीति लिइएको छ ।

**३.१८ प्रतिशेयर आम्दानीः**

संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत र Diluted प्रतिशेयर आम्दानी (EPS) तथ्यांकलाई प्रस्तुत गर्छ । आधारभूत EPS साधारण शेयर सदस्यहरूको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेको भारित औसत शेयर सदस्यका संख्याले विभाजन गरी गणना गरिन्छ तर संस्थाले भारित औसत शेयर सदस्यको संख्याको सट्टा आर्थिक वर्षको अन्त्यमा रहेको शेयर सदस्यको संख्याको प्रयोग गरेको छ । Diluted EPS साधारण शेयर सदस्यहरूका लागि रहेको नाफा वा नोक्सान र भारित औसत शेयर सदस्यको संख्यामा Dilutive सम्भावित साधारण शेयरलाई समायोजन गरी निर्धारण गरिन्छ ।

**३.१९ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्थाः**

संस्थाले आफ्ना गैर वित्तीय सम्पत्ति (लगानी सम्पत्ति तथा स्थगन कर सम्पत्ति बाहेक) मा भएको नोक्सानीको आवधिक परीक्षण गर्ने गरेको छ । उक्त सम्पत्तिको कितावी मूल्य सो सम्पत्तिबाट प्राप्त हुन सक्ने रकम भन्दा बढी भएको अवस्थामा नोक्सानी व्यवस्था गरिन्छ । नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च लेखी सम्बन्धित सम्पत्तिबाट घटाएर प्रस्तुत गरिन्छ । यसरी आवधिक नोक्सानीको परीक्षण गर्दा पहिले व्यवस्था गरिएको नोक्सानी बढी हुन गएको खण्डमा सो नोक्सानी व्यवस्थाबाट फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ ।

**३.२० नगद प्रवाह विवरणः**

संस्थाले नगद प्रवाहको विवरण NAS 07 - Statement of Cash Flows को Direct Method अनुसार तयार गरेको छ । नगद मौज्दातमा भएको उतार चढावलाई यस विवरणले चित्रित गरेको हुन्छ ।

प्रस्तुत नगद प्रवाह विवरणले सो आर्थिक वर्षभरि भएको विभिन्न नगद प्रवाहलाई निम्न अनुसार प्रस्तुत गरेको छ :

- सञ्चालन कारोवारबाट भएको नगद प्रवाह
- लगानीबाट भएको नगद प्रवाह
- वित्तीय कारोवारबाट भएको नगद प्रवाह

**३.२१ प्रस्तावित लाभांशः**

साधारण सभाबाट पारित भएपछि मात्र साधारण शेयरमा दिइएको लाभांशलाई दायित्व लेखाङ्कन गरिन्छ र इक्विटीबाट घटाइन्छ । अन्तरिम लाभांश घोषणापछि संस्थाको अधिकारमा नरहे पश्चात इक्विटीबाट घटाइन्छ । रिपोर्टिङ्ग मितिपछि पारित यस वर्षको लाभांशलाई रिपोर्टिङ्ग मिति पश्चातको घटना भनेर देखाइन्छ ।

**३.२२ तुलनात्मक रकमः**

यस वर्षको वित्तीय विवरणमा आवश्यकता अनुसार तुलनात्मक रकमहरू पुनःवर्गीकरण गरिएका छन् ।

**३.२३ अन्तरिम वित्तीय रिपोर्टिङ्गः**

वित्तीय विवरणसँग सम्बन्धित अन्तरिम रिपोर्टहरू नियामक रिपोर्टिङ्ग आवश्यकता बमोजिम रिपोर्ट गरिएको छ । ती रिपोर्टहरू आवश्यकता अनुसार प्रकाशित गरिएको छ तर संस्थाले अन्तरिम रिपोर्टहरूका तथ्याङ्कहरूलाई NFRS अनुसार लेखाङ्कन गरी प्रस्तुत गर्ने गरेको छैन ।

**४. वित्तीय विवरणः**

वित्तीय विवरणहरू ४.१ देखि ४.३१ सम्म संलग्न गरिएको छ ।

**५. प्रकटीकरण तथा थप जानकारीः**

**५.१ वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्यः**

**५.१.१ बजार मूल्य मापनको श्रेणीकरणः**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्यको मापन गर्न सो मूल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छः

**श्रेणी १**

यस श्रेणीमा बजार मूल्य सो सम्पत्ति/दायित्व वा उस्तै सम्पत्ति/दायित्वको स्वतन्त्र र सक्रिय रूपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मुल्यलाई कुनै समायोजन विना लिइन्छ ।

यस्ता सम्पत्ति वा दायित्वको पर्याप्त संख्या तथा मात्रामा असम्बन्धित व्यक्ति बिच खरिद बिक्री हुने बजार नै यस श्रेणी अन्तर्गतको बजार मूल्य निर्धारण गर्ने छनौटमा पर्छ ।

**श्रेणी २**

यस श्रेणीमा बजार मूल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपलब्ध हुने उपयुक्त तथ्याङ्कका आधारमा गर्ने गरिएको हुन्छ । यस्ता उपलब्ध हुने केही तथ्याङ्क निम्न प्रकारका रहेका छन्ः

- सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचीकृत बजार मूल्य ।
- तुलनात्मक रूपमा कम सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचीकृत बजार मूल्य ।
- वित्तीय उपकरणहरूको बजार मूल्यको मापन गर्दा सो को मूल्य निर्धारणको पद्धतिको लागि आवश्यक हुने सम्पूर्ण तथ्याङ्क उपलब्ध हुँदा मात्र गरिन्छ ।

यदि कुनै वित्तीय उपकरणको बजार मूल्य सजिलै उपलब्ध हुन सक्ने बजार नभएको अवस्थामा सहकारीले सो को बजार मूल्य मूल्याङ्कनको विभिन्न पद्धति अपनाएर गर्ने गरेको हुन्छ । उक्त मूल्याङ्कन पद्धतिमा सो वित्तीय सम्पत्तिसँग एकरूपता भएको वित्तीय सम्पत्तिको बजार मूल्यलाई लिएर उचित र आवश्यक समायोजन गरी मूल्य निर्धारण गर्ने गरिएको हुन्छ । वित्तीय उपकरणको सुरूवातमा पहिचान गर्दा सो को प्राप्तिको बेलाको कारोवार मूल्यलाई बजार मूल्यको रूपमा लिइन्छ ।

**श्रेणी ३**

बजार मूल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सोको निर्धारण मूल्याङ्नका विभिन्न पद्धति अपनाएर गरिन्छ र सोमध्ये बढी उचित र उपयुक्त मूल्याङ्कन पद्धतिबाट आएको मूल्यलाई बजार मूल्यको रूपमा लिने गरिन्छ । मूल्याङ्कन पद्धतिमा उक्त वित्तीय सम्पत्तिसँग एकरूपता भएको वित्तीय सम्पत्तिको Net Present Value र Discounted Cash Flow Model अनुसारको मूल्यलाई समेत तुलनात्मक रूपमा हेरिन्छ ।

**५.१.२ बजार मूल्यमा लेखाङ्कन गरिएका वित्तीय उपकरण:**

सहकारीले निम्न बमोजिमका वित्तीय उपकरण बजार मूल्यमा लेखाङ्कन र प्रस्तुत गर्ने गरेको छ:

- अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका इक्विटीमा भएका लगानी

अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका इक्विटीमा भएको लगानी यदि स्वतन्त्र सक्रिय बजारमा सो वित्तीय उपकरणको सूचीकृत मूल्य उपलब्ध भएसम्म सो मूल्यमा अन्यथा श्रेणी ३ अनुसार उपलब्ध हुने तथ्याङ्कका आधारमा गरिन्छ ।

संलग्न वित्तीय विवरणमा प्रस्तुत गरिएको वित्तीय उपकरणको बजार मूल्य तथा सो को निर्धारणको लागि छनौट गरिएको श्रेणीहरू निम्न प्रकार रहेका छन् :

| विवरण | २०८२ आषाढ मसान्त | २०८१ आषाढ मसान्त | श्रेणी |
|---|---|---|---|
| इक्विटी उपकरणहरू | | | |
| सूचीकृत शेयर | - | - | श्रेणी १ |
| सूचीकृत नगरिएको शेयर | २,४२,४५,४०० | २,४३,४५,४०० | श्रेणी ३ |
| **कुल लगानी** | **२,४२,४५,४००** | **२,४३,४५,४००** | |

**५.२ सम्बन्धित पक्षहरूको विवरण:**

यदि एउटा पक्षले अर्को पक्षलाई नियन्त्रण गर्न सक्ने वा अर्को पक्षको वित्तीय वा सञ्चालन सम्बन्धी निर्णयहरूलाई प्रभाव पार्न सक्ने भएमा ती पक्षहरू सम्बन्धित मानिन्छन् । सम्बन्धित पक्षहरूमा सहायक कम्पनीहरू, सम्बद्ध कम्पनीहरू, संस्थाका मुख्य शेयरधारकहरू, सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापकहरू र उनीहरूका नजिकका पारिवारिक सदस्यहरू पर्दछन् । संस्थाले जसरी दुई असम्बन्धित पक्षहरू भएको खण्डमा कारोवार गर्दछ, त्यसरी नै आफ्नो सम्बन्धित पक्षहरूहरूसँग त्यस्तै शर्तहरूमा कारोवार गर्दछ ।

**५.२.१ संस्थाका सञ्चालकहरू र प्रमुख कार्यकारी अधिकृत**

संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरू तथा उनीहरूका नजिकका परिवारिक सदस्यहरू पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 “Related Party Disclosures” अनुसार संस्थाको गतिविधिहरू सम्बन्धी योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरूलाई त्यस संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरूको रूपमा लिइन्छ । संस्थाले यस परिभाषा अनुरूप संस्थाको सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापन तहका कर्मचारीहरूलाई संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण व्यक्तिहरूको रूपमा पहिचान गरेको छ ।

आषाढ मसान्त २०८२ मा संस्थाको सञ्चालक समितिका पदाधिकारी र सदस्यहरू तथा प्रमुख कार्यकारी अधिकृत निम्न उल्लेखित व्यक्तिहरू हुन् :

| क्र.सं. | सदस्य नं. | नाम थर | पद |
|---|---|---|---|
| १. | ५ | शिव शंकर मानन्धर | अध्यक्ष |
| २. | २६२ | हरिहर सिग्देल | उपाध्यक्ष |
| ३. | ४० | शरद कुँवर | सचिव |
| ४. | ६३ | मीना कुमारी खराल | कोषाध्यक्ष |
| ५. | २५१ | दिल कुमारी महर्जन | सहसचिव |
| ६. | १२१ | गोविन्द बस्नेत | सदस्य |
| ७. | १६५६ | इन्द्र बहादुर महर्जन | सदस्य |
| ८. | १५२०९ | ऋषि राम घिमिरे | सदस्य |
| ९. | ११६० | सुबास श्रेष्ठ | सदस्य |
| १०. | ५९५२ | रबिना महर्जन | सदस्य |
| ११. | ९४२५ | माधव राज पाण्डे | सदस्य |
| १२. | ३४५ | सोहिल मानन्धर | सदस्य |
| १३. | १८१७० | रूपा थापा मगर | सदस्य |
| १४. | १०७६९ | कृष्ण कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |

**(क) सञ्चालक समितिका सदस्यहरूको भत्ता तथा सुविधाहरूः**

सञ्चालक समितिका सबै सदस्यहरू गैर कार्यकारी सञ्चालक हुन् । आ.व. २०८१/८२ मा गैर कार्यकारी सञ्चालकहरूलाई प्रदान गरिएको भत्ता तथा सुविधाहरूको विवरण देहाय बमोजिम छन्ः

**प्रतिबैठक भत्ताः**

- सञ्चालक समिति लेखा सुपरीवेक्षण समितिको भत्ता प्रतिबैठक रू. २,३५२/-
- ऋण उपसमितिको भत्ता प्रतिबैठक रू. १,१७६/-
- अन्य उपसमितिहरू भत्ता प्रतिबैठक रू. १,१७६/-
- आ.व. २०८१/०८२ को समिति उपसमितिको लागि जम्मा खर्च रू. ११,९३,९९१/-

**(ख) सञ्चालक समितिका सदस्यहरूलाई प्रदान गरिएको कर्जाः**

| क्र.सं. | सदस्य नं. | नाम थर | पद | ऋण रकम रू. | ऋणको शीर्षक |
|---|---|---|---|---|---|
| १. | १२१ | गोविन्द बस्नेत | सदस्य | ३१,९९,९७६ | जग्गा खरिद ऋण |

**(ग) संस्थाका मुख्य व्यवस्थापकहरूलाई प्रदान गरिएको तलब तथा सुविधाहरूः**

आ.व. २०८१/०८२ मा मुख्य व्यवस्थापकहरूलाई प्रदान गरिएको तलब तथा सुविधाहरूको विवरण देहाय बमोजिम छन् :

| तलब तथा सुविधाको प्रकृति | कुल रकम रू. | कैफियत |
|---|---|---|
| अल्पकालिन सुविधा | ४१,९५,७४६ | व्यवस्थापन तहका कर्मचारीको तलब, सञ्चयकोष तथा भत्ता (व्यवस्थापन तहमा व्यवस्थाप पद आठौं तह र सो भन्दा माथिका कर्मचारीहरू पर्दछन् । |
| सेवा अवधि पश्चातको सुविधा | | |
| अन्य दीर्घकालिन कर्मचारी सुविधाहरू | | |
| अवकाश सुविधा | | |
| कर्मचारी कर्जा | १५,२७,१३८ | |

**अन्य जानकारीः**

(क) मुख्य व्यवस्थापकहरूले संस्थाको कर्मचारी प्रशासन आन्तरिक कार्यविधि, २०७९ अनुसार नै अन्य सुविधाहरू प्राप्त गरेका छन् ।

(ख) मुख्य व्यवस्थापकहरूले कर्मचारी बोनस कोष अन्तर्गत छुट्टाइएको रकम प्राप्त गरेका छन् ।

हाल मुख्य व्यवस्थापनमा निम्न कर्मचारीहरू समावेश छन् ।

| क्र.सं. | सदस्य नं. | नाम थर |
|---|---|---|
| १. | कृष्ण कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| २. | सुमित्रा त्रिपाठी | व्यवस्थापक |

**५.३ मर्जर तथा एक्विजिसनः**

सहकारीले आर्थिक वर्ष २०८१/८२ मा कुनै संस्थासँग पनि एकीकरण गरेको छैन ।

**५.४ रिपोर्टिङ अवधिपछिका घटनाहरूः**

- रिपोर्टिङ अवधि र वित्तीय विवरण जारी गरिने मितिको बिचमा घटेका अनुकुल वा प्रतिकुल घटनाहरूलाई रिपोर्टिङ अवधिपछिका घटनाहरू भनिन्छ ।
- रिपोर्टिङ अवधिपछिका घटनाहरूको लेखाङ्कन र रिपोर्टिङको लागि NAS - 10 “Events after the Reporting Period” को पालना गरिन्छ ।

**रिपोर्टिङ अवधिपछिका समायोजन हुने घटनाहरूः**

- रिपोर्टिङ अवधिपछि समायोजन गर्नुपर्ने घटनाहरू कुनै रहेको छैन ।

**५.५ भारित औसत ब्याजदरको अन्तरः**

| विवरण | दर |
|---|---|
| ऋण तथा सापटीमा भारित औसत ब्याजदर | १३.७९% |
| निक्षेप तथा ऋणमा भारित औसत ब्याजदर | ८.६९% |
| खूद भारित औसत ब्याजदर अन्तर | ५.१% |

| सुमित्रा त्रिपाठी<br>व्यवस्थापक | कृष्ण कुमार श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत | मीना कुमारी खराल<br>कोषाध्यक्ष | शिव शंकर मानन्धर<br>अध्यक्ष | सि.ए. आर्जन अधिकारी<br>अधिकारी एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट |
|---|---|---|---|---|



## नियमित बचत किन ?

- कुनै पनि ऋण सुविधा लिँदा थप अतिरिक्त शुल्क नलाग्ने ।
- सदस्य राहत नीतिबाट पाउने कुनै पनि सुविधा (प्रसुति, स्वास्थ्य उपचार, एम्बुलेन्स, शब वाहन सेवा, काजकिरिया सहयोग) मा कटौती नहुने ।
- कुनै पनि ऋणको लागि व्यक्तिगत धन जमानीबाट बञ्चित हुन नपर्ने ।
- भविष्यको लागि जम्मा पुँजीको रूपमा काम गर्ने ।

**देहाय अनुसार फिर्ता लिन सकिने;**

- मासिक रूपमा रू. ५ सयसम्म जम्मा गर्ने सदस्यले ३/३ वर्षमा जम्मा भएको रकमको ६०% सम्म ।
- मासिक रूपमा रू. १ हजारसम्म जम्मा गर्ने सदस्यले ३/३ वर्षमा जम्मा भएको रकमको ७०% सम्म ।
- मासिक रूपमा रू. ३ हजारसम्म जम्मा गर्ने सदस्यले ३/३ वर्षमा जम्मा भएको रकमको ७५% सम्म ।
- मासिक रूपमा रू. ५ हजारसम्म जम्मा गर्ने सदस्यले ३/३ वर्षमा जम्मा भएको रकमको ८०% सम्म ।
- मासिक रूपमा रू. ५ हजार भन्दा बढी रकम जम्मा गर्ने सदस्यले ३/३ वर्षमा जम्मा भएको रकमको ९०% सम्म ।
- मासिक रूपमा साधारण बचत, विशेष बचत, सदस्य उन्नती बचत जस्ता ऐच्छिक बचत खाताहरूबाट स्वतः रकमान्तरण हुने सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

**रू. ३००/- देखि रू. २५,०००/- सम्म नियमित/मासिक बचत गरौं ।**

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि नगरपालिका-७, थानकोट, महादेवस्थान, काठमाडौं

## आ.व. २०८२/८३ को नगद काउन्टर समय

| विवरण | समयदेखि | समयसम्म |
|---|---|---|
| सार्वजनिक विदा तथा शनिबार, मुख्य कार्यालय | बिहान ८:०० बजे | दिउँसो २:०० बजे |
| सार्वजनिक विदा तथा शनिबार, सेवाकेन्द्रहरू | बिहान ८:०० बजे | बिहान ११:०० बजे |
| अन्य दिन, मुख्य कार्यालय | बिहान ८:०० बजे | साँझ ७:०० बजे |
| विशेष चाडपर्वहरूमा मुख्य कार्यालय तथा सेवाकेन्द्रहरू | बिहान ८:०० बजे | बिहान ११:०० बजे |
| कार्तिक १६ देखि माघ १५ सम्म, मुख्य कार्यालय | बिहान ८:०० बजे | साँझ ६:०० बजे |
| कार्तिक १६ देखि माघ १५ सम्म, सेवाकेन्द्रहरू | बिहान ८:०० बजे | साँझ ४:०० बजे |

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाडौं

## संस्थाको सल्लाहकार परिषद् तथा विभिन्न उपसमितिहरु (वि.सं. २०८१-२०८५)

| सल्लाहकार परिषद् | |
|---|---|
| संयोजक | योगेन्द्रकुमार कुँवर |
| सदस्य | प्रा.डा. रामशरण पाठक |
| सदस्य | अच्युतकुमार कार्की |
| सदस्य | प्रा.डा. आनन्दकुमार शर्मा |
| सदस्य | विष्णु गोपाल खत्री |
| सदस्य | कुन्नम पोखरेल |
| सदस्य | मिलु थापा |

| ऋण उपसमिति | |
|---|---|
| संयोजक | शरद कुँवर |
| सदस्य | रमेशकुमार काकी |
| सदस्य | यसोदा गौतम के.सी. |

| शिक्षा उपसमिति | |
|---|---|
| संयोजक | हरिहर सिग्देल |
| सदस्य | हरि महर्जन |
| सदस्य | ललिता कार्की |

| एम्बुलेन्स तथा शब वाहन व्यवस्थापन उपसमिति | |
|---|---|
| संयोजक | लक्ष्मीबहादुर महर्जन |
| सदस्य | विनोद थापा |
| सदस्य | उर्मिला थापा कार्की |

| सामाजिक सुरक्षण तथा सदस्य राहत उपसमिति | |
|---|---|
| संयोजक | गोविन्द बस्नेत |
| सदस्य | मिथुला रेग्मी कोईराला |
| सदस्य | रामप्रसाद रानाभाट |

| सदस्य विस्तार तथा व्यवस्थापन उपसमिति | |
|---|---|
| संयोजक | रबिना महर्जन |
| सदस्य | सुनिता के.सी. |
| सदस्य | नवराज श्रेष्ठ |

| महिला सशक्तिकरण उपसमिति | |
|---|---|
| संयोजक | मीनाकुमारी पाठक |
| सदस्य | ज्योति सिंह अधिकारी |
| सदस्य | गिता मरहठ्ठा कोईराला |

| युवा तथा स्टार्टअप उपसमिति | |
|---|---|
| संयोजक | सुबास श्रेष्ठ |
| सदस्य | रिजु मानन्धर |
| सदस्य | जीवन नेपाल |

| वित्तीय समावेशीकरण उपसमिति | |
|---|---|
| संयोजक | दील कुमारी महर्जन |
| सदस्य | बिना महर्जन |
| सदस्य | गोबिन्द कुईकेल |

| ऋण अनुगमन, मूल्याङ्कन तथा असुली उपसमिति | |
|---|---|
| संयोजक | रूपा थापा मगर |
| सदस्य | सितादेवी कार्की |
| सदस्य | डोलगिर कुमार श्रेष्ठ |

| कार्यक्रम तथा समन्वय उपसमिति | |
|---|---|
| संयोजक | इन्द्रबहादुर महर्जन |
| सदस्य | सन्तोष श्रेष्ठ |
| सदस्य | दुर्गादेवी नेपाल |

| शुभतारा सेवाकेन्द्र व्यवस्थापन उपसमिति | |
|---|---|
| संयोजक | ऋषि राम घिमिरे |
| सदस्य | मिनराज दुलाल |
| सदस्य | अञ्जना कुँवर सिलवाल |

| ओमन्स क्रियशन सेवाकेन्द्र व्यवस्थापन उपसमिति | |
|---|---|
| संयोजक | रेखा तुलाचन |
| सदस्य | देवना राणा |
| सदस्य | रमिता श्रेष्ठ |

| पाटन सेवाकेन्द्र व्यवस्थापन उपसमिति | |
|---|---|
| संयोजक | निर्मला श्रेष्ठ हाडा |
| सदस्य | त्रिपुरालक्ष्मी जोशी |
| सदस्य | राजेश महर्जन |

| दहचोक सेवाकेन्द्र व्यवस्थापन उपसमिति | |
|---|---|
| संयोजक | |
| सदस्य | शम्भुराज गिरी |
| सदस्य | सतीदेवी गिरी |

| एक्सेस ब्राण्डिङ कार्यक्रम उपसमिति | |
|---|---|
| संयोजक | सोहिल मानन्धर |
| सदस्य | |
| सदस्य | कृष्ण कुमार श्रेष्ठ |

| पदपूर्ति उपसमिति | |
|---|---|
| संयोजक | शरद कुँवर |
| सदस्य | उमेश्वरनाथ गोंगल |
| सदस्य | कृष्ण कुमार श्रेष्ठ |

# भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि.सं. २०४८/०१/११**

**स्वर्गारोहणः**
**वि.सं. २०८२/०७/१५**

## स्व. प्रविण मानन्धर

यस संस्थाका श्रद्धेय अध्यक्ष श्री शिव शंकर मानन्धरज्यूका सुपुत्र प्रविण मानन्धरको संयुक्त राज्य अमेरिकामा अकल्पनीय र असामयिक निधन भएको खबरले हामी स्तब्ध भएका छौं । दु:खको यस घडीमा सोक सन्तप्त परिवारजन र आफन्तहरूमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामनाका साथ हार्दिक समवेदना प्रकट गर्दछौं र दिवंगत आत्माको चीर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
चन्द्रागिरि न.पा. वडा नं ७, काठमाडौं

# भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि.सं. २०१६/०३/१५**

**स्वर्गारोहणः**
**वि.सं. २०८२/०३/०९**

## स्व. रामकाजी थापा मगर

यस संस्थाको सञ्चालक समितिका सदस्य श्री रूपा थापा मगरको पुजनीय पिताजी रामकाजी थापा मगर को मिति २०८२ असार ०९ गते संयुक्त राज्य अमेरिकामा उपचारको क्रममा निधन भएको खबरले हामी स्तब्ध भएका छौं । दु:खको यस घडीमा सोक सन्तप्त परिवारजन र आफन्तहरूमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामनाका साथ हार्दिक समवेदना प्रकट गर्दछौं र दिवंगत आत्माको चीर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
चन्द्रागिरि न.पा. वडा नं ७, काठमाडौं

# हार्दिक समवेदना

आर्थिक वर्ष २०८१/०८२ मा दिवंगत हुनु भएका सदस्यहरू

| क्र.सं. | सदस्यको नाम | सदस्यता नं. |
|---|---|---|
| १ | सुधिर कुमार मानन्धर | २३८ |
| २ | भोजराज घिमिरे | ३०४ |
| ३ | प्रेम बहादुर कार्की | ५३३ |
| ४ | हर्ष महर्जन | १८१४ |
| ५ | रगविर भट्ट | २६७२ |
| ६ | जगतलक्ष्मी श्रेष्ठ | २८१३ |
| ७ | दम्यन्ती प्याकुरेल | ३०१७ |
| ८ | धन कुमारी सार्की | ३०२८ |
| ९ | अष्टमाया महर्जन | ३०५२ |
| १० | मैया खड्गी | ३७९१ |
| ११ | गोविन्द बुढाथोकी | ३९५४ |
| १२ | राधिका थापामगर | ४०४५ |
| १३ | कुल कुमारी खनाल | ४०७५ |
| १४ | शान्ती थापा | ४५०६ |
| १५ | शिवमाया रिजाल | ४९४९ |
| १६ | उषा खत्री | ४९८४ |
| १७ | ख्याम कुमारी श्रेष्ठ | ४९९३ |
| १८ | बाबुकाजी खत्री | ५०७७ |
| १९ | नारायणी सिल्वाल क्षेत्री | ५८८९ |
| २० | केशर कुमारी पाण्डे | ६१९२ |
| २१ | अयोध्या पौडेल | ६८५६ |
| २२ | हरि माया तामाङ | ७७९५ |
| २३ | सरस्वती श्रेष्ठ | ७८३७ |
| २४ | बिमला श्रेष्ठ | ८५५० |
| २५ | निर्मला पुर्कोटी | ८८१७ |
| २६ | तेज बहादुर दमाई | ८९८७ |
| २७ | कर्ण बहादुर गुरूङ | ९०१० |
| २८ | कृष्ण प्रसाद अधिकारी | १०३११ |
| २९ | शोभा सुर्खेती | १०८८९ |
| ३० | रामदेवी श्रेष्ठ | ११००५ |
| ३१ | गामा प्याकुरेल | ११६८४ |
| ३२ | राजाराम बानिँया | ११७९४ |
| ३३ | दशमाया महर्जन | ११८०२ |
| ३४ | जगतकृष्ण चाँपागाई | ११८३९ |
| ३५ | हर्षमाया महर्जन | १२८४४ |
| ३६ | कृष्ण कुमार रोक्का | १३७१७ |
| ३७ | तुल्सी बखती | १३७३७ |
| ३८ | नरेश कुमार सुवेदी | १३८३५ |
| ३९ | दिलकुमार तामाङ | १४६३१ |
| ४० | निल प्रसाद घिमिरे | १६१९८ |
| ४१ | बद्री प्रसाद गौतम | १६५३६ |
| ४२ | भुवन देवी रञ्जितकार | १७८४३ |
| ४३ | कान्छी घिमिरे | १८००२ |
| ४४ | शान्ता भण्डारी | १८१२९ |
| ४५ | निरू तामाङ | १९६९८ |
| ४६ | गोपीकृष्ण गिरी | १९७८४ |
| ४७ | राधा थापा | १९९३२ |

को असमायिक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनहरूमा **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**शिव शंकर मानन्धर**
अध्यक्ष तथा

**चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
चन्द्रागिरि न.पा. वडा नं ७, काठमाडौं

# व्यवस्थापन समूह



मुख्य कार्यालय



दहचोक सेवाकेन्द्र



शुभतारा सेवाकेन्द्र



ओमन्स क्रियशन सेवाकेन्द्र




पाटन सेवाकेन्द्र ठैब

YOUTH ENTREPRENEURSHIP LOAN

# युवा उद्यमशीलता ऋण

**५.९९%**
ब्याजदर

**अवधि:**
८ वर्ष

**जेनजि युवालाई ब्याजदरमा ०.५% छुट**




**ऋणको सीमा:**
व्यवसायको प्रकार, लगानी आवश्यकता र भुक्तानी क्षमताको आधारमा अधिकतम सीमासम्म

४० वर्षसम्म उमेरका सदस्यहरूको लागि

नियमित किस्ता बुझाउँदा ब्याजमा ५% रिबेट

लगानी भएको १ वर्षसम्म ब्याजदर नबढ्ने

## लगानीका क्षेत्रहरू:

- कृषि तथा पशु उद्यम
- खुद्रा तथा साना व्यापार व्यवसाय
- खाद्य तथा आतिथ्य सेवाहरू
- सौन्दर्य, स्वास्थ्य सुरक्षा तथा सीपमा आधारित सेवाहरू
- आई टि तथा डिजिटल सेवा व्यवसायहरू
- यातायातमा आधारित युवा उद्यमहरू
- घरेलु उत्पादन व्यवसाय
- निर्माण तथा प्राविधिक सीप सम्बन्धी कामहरू
- पर्यटन तथा सृजनात्मक उद्योग
- शिक्षा, तालिम तथा परामर्श सेवाहरू

## कागजी प्रक्रिया:

- न्यून तथा युवामैत्री कागजी प्रक्रिया
- व्यवसायिक योजना वा आम्दानीको स्रोतको विवरण आवश्यक पर्न सक्ने

## प्रमुख फाइदाहरू:

- युवा उद्यमशिलता तथा सिप विकासलाई प्रोत्साहन हुने
- स्वरोजगार र रोजगारी सृजनाको अवसरहरू सृजना हुने
- न्यून ब्याजदरमा दीर्घकालिन वित्तीय स्थिरता प्राप्त हुने
- युवा सदस्यहरूको लागि छिटो छरितो सुविधा प्रदान हुने


दर्ता नं. : ७२४/०५७/०५८ पान नं. : ३०११९५२८०४

**चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.**
"दिगो साकोस, सुखी र समृद्ध सदस्य"

**मुख्य कार्यालय :**
चन्द्रागिरि न.पा.-७, थानकोट, महादेवस्थान, काठमाडौं
०१-४३१३०५८, ४३१३०५९, ४३१६७७७, ४३१२७७७
info@chandragiri.coop.np, saccoschandragiri@gmail.com
www.chandragiri.coop.np
एम्बुलेन्स तथा शब वाहन : ०१-४३१२१०९, ९८१०१९८४४०

**सेवाकेन्द्रहरू :**

**दहचोक सेवाकेन्द्र,** ☎ ०१-५१३११३५
dahachokservicecenter@gmail.com

**ओमन्स क्रियशन सेवाकेन्द्र,** ☎ ०१-४३७६३०६
chandragiri.womancreation@gmail.com

**शुभतारा सेवाकेन्द्र,** ☎ ०१-५२३१०२१, ५२३०४२२
subhataraservicecenter@gmail.com

**पाटन सेवाकेन्द्र,** ☎ ०१-५२५३२९९
chandragiri.patansc@gmail.com